CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२७ पूर्णाङ्क

शरभपुरका नरेन्द्रको चौवीसौं राज्यभोगवर्षको ताम्रपत्र	१६५-१८२
सिद्धिनरसिंह मल्लका लिखतपत्रमा साक्षीहरू	१८३-१८९
नेवारराज्यमा ब्राह्मण – अर्को एउटा पत्र	१९०-२०९
ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थीका २ वटा ताम्रपत्र	२१०-२४९
दाहाको अर्थ गर्ने प्रसङ्गमा	२५०-२५५
नयराज पन्तको वि.सं. २००६ को टिपोटको एक अंश	२५६-२५७
श्री ५ त्रिभुवनको अन्तिम संस्कार	२५८-२६२

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३२ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १२०/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००/-
२	*आदर्श, अ सप्लिमन्ट टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५/-
३	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५/-
४	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५	*इनेप्ट् स्पेस्इमिन् ?*	२/-
६	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५/-
७	*गोरखाको इतिहास* (१-४ भाग)	५००/-
८	*त्रिकोणमिति*	२५।४०
९	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००/-
१०	*थादिङमा फेला परेका नेपाली कविता*	७५।-
११	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
१२	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१३	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३/-
१४	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१५	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८/-
१६	*पूर्णिमा* (१-१०,३३ पूर्णाङ्क) फोटोकपीमा	१०००/-
१७	*पूर्णिमा* (११-३२, ३४-१२७ पूर्णाङ्क)	४१८/-
१८	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१९	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५/-
२०	*रत्नदीप*	२।५०
२१	*रत्नदीप* १ भाग	१०५।-
२२	*रत्नदीप* २ भाग	९२।-
२३	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२४	*लिच्छवि-संवत्को निर्णय*	१०/-
२५	*विद्या-रत्ना* (१-१५ सङ्ख्या)*	५/-
२६	*विभ्रान्ति*	८२।-
२७	*वृत्तशतक*	३।-
२८	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
२९	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
३०	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००/-
३१	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००/-
३२	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३३	*हुद् डिड् अंशुवर्मन् राइद् ?*	४/-

* यिनका कुनै कुनै भाग/सङ्ख्या फोटोकपीमा छन् ।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, घुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप

ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शरभपुरका नरेन्द्रको चौबीसौँ राज्यभोगवर्षको ताम्रपत्र

– महेशराज पन्त

१. तल छापिन लागेको ताम्रपत्रको पाठ मैले पढेको होइन । यसको फ्याक्सिमिलिसहितको पाठ सबभन्दा पहिले अहिलेभन्दा ४७ वर्षअगाडि[1] र त्यो छापिएको ३६ वर्षपछि[2] गरी २ पटक भारतबाट प्रकाशमा आइसकेको छ । त्यसमाथि यो ताम्रपत्र नेपालको पनि होइन र नेपालको इतिहाससँग यसको सम्बन्ध कति पनि छैन । यसो भए पनि ३० वर्ष यतादेखि नेवारकालका लिखतपत्रको परिशीलन मैले गर्दै आएको नाताले त्यस परिशीलनमा उठेका प्रश्नको समाधान गर्ने सिलसिलामा यस ताम्रपत्रपट्टि म तानिएको हुँ । कुरा के भने राजाले जग्गाको निस्सा अघिबाट ताडपत्रमा[3] र पछि त्यही जग्गाको लागि अर्को निस्सा ताम्रपत्रमा[4] गरिदिएको प्रमाण नेपालमा अठाह्रौँ शताब्दीको मात्र पाइएकोमा भारतको मध्यप्रदेश राज्यको रायपुर जिल्लामा पर्ने कुरुद भन्ने ठाउँमा भेट्टाइएको यो ताम्रपत्र छैटौँ शताब्दीमै यस्तो चलन चलिसकेकोको प्रमाणस्वरूप छ । खुलाएर भन्दा राजाले बाहुनलाई जग्गा दान दिँदा ताडपत्रमा लेखेर दिएको निस्सा आगोमा परेकोले त्यसैको नयाँ निस्साको रूपमा यो ताम्रपत्र गरिदिएको हो ।

२. यस ताम्रपत्रको, २ जनाले भिन्नाभिन्नै छपाएको पाठ मूलतः उही हो तापनि फ्याक्सिमिलिसँग भिडाएर हेर्दा कहीँ कहीँ फरक नभेट्टाइने होइन, जुन कुरा लगत्तै तल खुलाइएको छ ।

२.१. पहिलो पङ्क्तिमा यस ताम्रपत्रका आद्य सम्पादक मोरेश्वर जी. दीक्षितको पाठमा **स्वस्ति**पछि दण्ड छैन, पछिल्ला सम्पादक अर्थात् अजयमित्र शास्त्रीले भने दण्ड हालेका छन्, फ्याक्सिमिलिअनुसार अघिल्लाले पढेको ठीक छ । छैटौँ पङ्क्तिको शुरूमा मोरेश्वर जी. दीक्षितअनुसार **गङ्गाया** र अजयमित्र शास्त्रीअनुसार **गङ्गाय** छ, फ्याक्सिमिलिअनुसार अघिल्लाले पढेको पाठ ठीक छ । बाह्रौँ पङ्क्तिमा एक ठाउँमा अघिल्लाअनुसार **°[f]हरण्यादे°** र पछिल्लाअनुसार **°हिरण्यादो°** छ, फ्याक्सिमिलिअनुसार बाइमात्रालाई कोष्ठभित्र पढ्नु पर्दैन र **दो** होइन, **दे** नै मूलमा छ । तेह्रौँ पङ्क्तिको शुरूमै जस्तो अघिल्लाअनुसार **कर्ष्यियेति** र पछिल्ला-अनुसार **कर्ष्यथेति** छ, फ्याक्सिमिलिअनुसार अघिल्लाको पाठ ठीक छ । चौधौँ पङ्क्तिमा एक ठाउँमा अघिल्लाले **व्यासगीताश्चात्र** र पछिल्लाले **व्यासगीताश्चक** पढेका छन्, फ्याक्सिमिलिअनुसार अघिल्लाको पाठ ठीक छ ।

२.२. एघाह्रौँ पङ्क्तिको उठानमै जस्तो मोरेश्वर जी. दीक्षितले **°मोदित** र अजयमित्र शास्त्रीले **°मोदितः** पढेका छन् । फ्याक्सिमिलिअनुसार अघिल्लाको ठीक देखिन्छ तापनि **°मोदित**को पछाडि र **इत्येव**को अगाडि

---

१. मोरेश्वर जी. दीक्षित [२०१७] २०४३/४४ ।
२. अजयमित्र शास्त्री २०५१/५२ क:८-११ = १:२ सङ्ख्या, ३-५ सङ्ख्याका प्लेट ।
३. शङ्करमान राजवंशी २०२७ *सम्पादकीय वक्तव्य* २ ।
४. उहीः३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विसर्ग जस्तो, तल माथि भएर रहेको, २ वटा बिन्दु नदेखिने होइन । तर ती बिन्दु यसै ताम्रपत्रमा अन्यत्र आएका विसर्ग[५] जस्तो नभएकोले ताम्रपत्रको भौतिक स्वरूपमा विकार आउँदा देखिन गएका मसिना खाल्टाखुल्टी हो कि जस्तो मलाई लाग्छ ।

२.३. पहिलो पङ्क्तिमा मोरेश्वर जी. दीक्षितको पाठ °**स्कन्धा[वा]रा**° छ । यसको मतलब तेस्रो अक्षरको पाठमा अघिल्ला सम्पादकलाई यकीन छैन भन्ने हुन्छ । पछिल्ला सम्पादक अर्थात् अजयमित्र शास्त्रीले पनि त्यही पाठ दिएका छन्, तर उनले **वा**लाई कोष्ठभित्र नराखेकाले तेस्रो अक्षर **वा** नै हो भन्ने कुरामा उनलाई शङ्का छैन भन्ने स्पष्ट हुन्छ । फ्याक्सिमिलिअनुसार अघिल्लाले जस्तो तेस्रो अक्षरलाई कोष्ठभित्र पढ्नुपर्दैन, तर पछिल्लाले पढे जस्तो त्यो **वा** नभई **व** हो भनी भन्न सकिन्छ । यस शब्दको शुद्ध रूप **स्कन्धावार** भएकोले दुवैको पाठमा **व**को ठाउँमा **वा** अनायास आएको देखिन्छ ।

अठाह्रौँ पङ्क्तिको उठानमै जस्तो दुवैको पाठअनुसार **षष्टि** छ, तर दुवैले सत्रौँ पङ्क्तिको एक ठाउँमा पढेको **श्रेष्ठ**को **ष्ठ**को ठसँग उनीहरूले **षष्टि** पढेको **ष्टि**को **ट** दाँज्दा **श्रेष्ठ**को **ष्ठ**को **ठ**भन्दा त्यो कति पनि फरक छैन । यस कारण त्यहाँ **षष्टि** होइन कि **षष्ठि** लेखिएको छ भन्ने कुरामा शङ्का छैन । यस शब्दको शुद्ध रूप **षष्टि** भएकोले दुवैको पाठमा **षष्ठि**को ठाउँमा **षष्टि** अनायास आएको देखिन्छ ।

२.४. अजयमित्र शास्त्रीको पाठबाट ३ ठाउँमा उनका पूर्वसूरिले पढेको पाठ सच्चिन गएको छ तापनि एक ठाउँमा छोडेर अन्यत्र उनले पूर्वसूरिको पाठ के थियो भन्ने देखाएका छैनन् । खुलाएर भन्दा **दीक्षितले २ वटा दण्ड दिएका छन्, तर फ्याक्सिमिलिमा एउटा मात्र दण्ड देखिन्छ**[६] भनी चौधौँ पङ्क्तिको पहिलो पद **दर्शयति**पछि अघिल्लाको पाठअनुसार २ वटा दण्ड भएकोमा पछिल्लाले सच्याएको ठीक ठहर्छ । तर उनले अरू २ ठाउँमा **मोरेश्वर जी. दीक्षित**ले पढेको पाठ सच्याउन सके पनि माथि भरखरै उल्लेख गरेको जस्तो टिप्पणी हाल्न छुटाएका छन् । कुरा के भने तेस्रो पङ्क्तिमा एउटा समस्त पदमा आएको शब्द अघिल्लाले °**भोगिय**° पढेका छन् त त्यही शब्द पछिल्लाले °**भोगीय**° पढेका छन्, फ्याक्सिमिलि हेर्दा पछिल्लाले पढेको पाठ ठीक ठहर्छ । त्यसै गरी पन्ध्रौँ पङ्क्तिमा एक ठाउँमा अघिल्लाको पाठ **राजभिस्सागरादिभि** र पछिल्लाको चाहिँ **राजभिस्सगरादिभि** छ, फ्याक्सिमिलिअनुसार पछिल्लाको पाठ ठीक ठहर्छ ।

२.५.तेस्रो पङ्क्तिको शुरूमा आफ्ना पूर्वसूरिको पाठमा °**सीम**° हुँदा हुँदै दीक्षितको पाठमा °**सीमा**° छ[७] भनी लेख्न अजयमित्र शास्त्री पुगेका मात्र नभई मूलको **चुल्लाडसीमभोगीयकेशवके** (३-४ पङ्क्ति) भन्ने पदमा आएको **सीम** अशुद्ध हो भनी जनाउन उनले यसरी– **चुल्लाडसीम (मा) भोगीयकेशवके**– पाठ दिएका छन् ।

---

५. २ पङ्क्तिमा– °पादानुद्धातः । २ पङ्क्तिमा– °नरेन्द्रः । ४ पङ्क्तिमा– वः । ७ पङ्क्तिमा– दत्तकः । १८ पङ्क्तिमा– भूमिदः ।

६. अजयमित्र शास्त्री २०५१/५२ क.९ मा १० सङ्ख्याको टिप्पणीको उल्था ।

७. उही:८ मा ४ सङ्ख्याको टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्नन्त र **डाबन्त** गरी यस शब्दका **सीमन्** र **सीमा** २ रूप छन्। प्रथमाको एकवचनमा दुवैको रूप **सीमा** हुने भए पनि अघिल्लोको **सीमा, सीमानौ, सीमानः** इत्यादि र पछिल्लोको **सीमा, सीमे, सीमा** इत्यादि भई रूप चल्छ।[८] समस्तपदमा मन्नन्त प्रातिपादिक **सीमन्**पछि **भोगीय** आउँदा **सीमन्**को नलोप भई यहाँ °**सीमभोगीयकेशवके** हुन गएको हो। यो कुरा नबुझदा त्यस समस्तपदलाई °**सीमाभोगीयकेशवके** बनाई शास्त्रीजीले आफ्नो शास्त्रीय ज्ञानको इयत्ता देखाइदिएका छन्। *अमरकोष*को **सीमसीमे स्त्रियामुभे** (२।२।२०) मात्र उनी सम्झन पुगेका भए पनि यस्तो गल्ती उनीबाट हुने थिएन।

३. यस ताम्रपत्रको मुख्य भागको पाठ फ्याक्सिमिलिसँग भिडाएर हेरे पनि यसको मोहरछापका अक्षर फ्याक्सिमिलिमा नदेखिएकाले दुवै थरी प्रकाशित पाठ फ्याक्सिमिलिसँग भिडाउनु सम्भव भएन। मोरेश्वर जी. दीक्षितको र अजयमित्र शास्त्रीको पाठ हूबहू उही भए पनि अघिल्लाले मोहरछापमा भएको श्लोकको पहिलो पाउको तेस्रो, तेस्रो पाउको चौथो तथा चौथो पाउका पहिलो र छैटौँ अक्षर कोष्ठभित्र पढेकोमा पछिल्लाले तेस्रो पाउको चौथो अक्षरबाहेक अरू सबै बाहिरै पढेका छन्।

४. मोहरछापमा भएको श्लोकका पछिल्ला २ पाउको पाठ **नृपतेश्श्रीनरेन्द्रस्य शासनं रिपुशासन** छ। यस मोहरछापमा जुन श्लोक छ, त्यही श्लोक यिनै राजा नरेन्द्रको यसभन्दा अघिल्लो, अर्को ताम्रपत्रको मोहरछापमा पनि छ।[९] यस ताम्रपत्रमा श्लोकको अन्त्यमा भएको **रिपुशासन**को ठाउँमा त्यस ताम्रपत्रमा

---

८. **मनः**

(*अष्टाध्यायी* ४।१।११)

मन्नन्तात् प्रातिपदिकान्ङीप् प्रत्ययो न भवति। ऋन्नेभ्यो ङीप् (४।१।५) इति ङीप् प्राप्तो मनः इति सूत्रेण प्रतिषिद्धयते। दामा। दामानौ। दामानः॥ पामा। पामानौ। पामानः॥[...] सीमा। सीमानौ। सीमानः॥ [...]

(*काशिका*)

(अन्त्यमा मन् भएको प्रातिपदिकदेखि ङीप् प्रत्यय हुँदैन। ऋन्नेभ्यो ङीप् (४।१।५) (अन्त्यमा ऋ भएको र अन्त्यमा न् भएको प्रातिपदिकदेखि स्त्रीलिङ्गमा ङीप् प्रत्यय हुन्छ) भन्ने [सूत्र]ले ङीप् पाएकोमा मनः भन्ने सूत्रद्वारा रोकिन्छ।
दामा। दामानौ। दामानः॥ पामा। पामानौ। पामानः॥[...] सीमा। सीमानौ। सीमानः॥ [...])

डाबुभाभ्यामन्यतरस्याम्

(*अष्टाध्यायी* ४।१।१३)

डाप् प्रत्ययो भवत्युभाभ्यां मन्नन्तात् प्रातिपदिकादन्नन्ताच्च बहुव्रीहेरन्यतरस्याम्। पामा। पामे। पामाः॥ सीमा। सीमे। सीमाः॥ [...] बहुव्रीहौ– बहुराजा। बहुराजे। बहुराजाः॥ बहुतक्षा। बहुतक्षे। बहुतक्षाः॥ [...]

(*काशिका*)

(दुवैदेखि [अर्थात्] अन्त्यमा मन् भएको प्रातिपदिकदेखि र बहुव्रीहि समास भएको, अन्त्यमा अन् भएको प्रातिपदिकदेखि विकल्पले डाप् प्रत्यय हुन्छ।
पामा। पामे। पामाः॥ सीमा। सीमे। सीमाः॥ [...]
बहुव्रीहिमा– बहुराजा। बहुराजे। बहुराजाः॥ बहुतक्षा। बहुतक्षे। बहुतक्षाः॥ [...])

९. अजयमित्र शास्त्री २०५१/५२ कः ५-६ = १:१ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रिपुशासिन छ । त्यस ताम्रपत्रका आद्य सम्पादकले रिपुशासिनलाई रिपुशासिन[:] बनाई पाठको संशोधन गरेका छन्[१०] र हाम्रा अजयमित्र शास्त्रीले पनि त्यो ताम्रपत्र छपाउँदा यसरी नै पाठ दिएका छन्[११] । यस ताम्रपत्रको रिपुशासनलाई रिपुशासन[म्] बनाउँदा मोरेश्वर जी. दीक्षित र अजयमित्र शास्त्री दुवैले अघिल्लो ताम्रपत्रमा रिपुशासिनः भएको खुलाएका छन् ।[१२]

४.१. राजा नरेन्द्रको अघिल्लो ताम्रपत्रमा समस्तपद रिपुशासिनको अन्त्यमा विसर्ग थप्दा यो पद नृपतेश्श्रीनरेन्द्रस्य विशेषण हुन जान्छ र त्यस श्लोकार्धको अन्वय रिपुशासिनः नृपतेः श्रीनरेन्द्रस्य शासनं भई शत्रुलाई दण्ड गर्ने राजा श्रीनरेन्द्रको सनद भन्ने अर्थ आउँछ । तर त्यही अघिल्लो एउटा ताम्रपत्र छोडेर यस वंशका अरू सबै ताम्रपत्रमा शासनं रिपुशासनं[१३] वा कहीं अघिल्लो पदमा,[१४] कहीं पछिल्लो पदमा[१५] र कहीं दुवै पदमा[१६] अनुस्वार टुटेको तथा २ वटा ताम्रपत्रमा चाहिँ रिपुको ठाउँमा त्यसको पर्याय शत्रु राखी पछिल्लो पदमा[१७] वा दुवै पदमा[१८] अनुस्वार टुटेको देखिएकोले शासनं रिपुशासन भएको, हाम्रो यस ताम्रपत्रको वास्तव पाठ शासनं रिपुशासनं नै हो भन्ने कुरामा शङ्का छैन । यस कारण यस ताम्रपत्रमा समस्तपद रिपुशासनमा अनुस्वार थप्दा यो पद शासनंको विशेषण हुन जान्छ र त्यस श्लोकार्धको अन्वय नृपतेः श्रीनरेन्द्रस्य रिपुशासनं शासनं भई राजा श्रीनरेन्द्रको शत्रुलाई दण्ड गर्ने सनद भन्ने अर्थ हुन्छ । यसो भए पनि अघिल्लो ताम्रपत्रमा भएको शासनं रिपुशासिनःले नै अभिप्रेतार्थ दिन्छ भन्ने मलाई लाग्छ । तर यसभन्दा पुराना, वाकाटकहरूका सनदमा पनि शासनं रिपुशासनं नै भएको र त्यसको अर्थ अभिलेखज्ञहरूले त्यति सजिलोसँग गर्न नसकेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[१९]

---

१०. यो ताम्रपत्र सबभन्दा पहिले *इन्डिअन् हिस्टरइकल् क्वर्टर्ली* १९ वर्षका १३९-१४६ पृष्ठमा दीनेशचन्द्र सरकार र लोचनप्रसाद पाण्डेयले प्रकाश गरेका हुन् भन्ने थाहा भए पनि① त्यो लेख मैले पढ्न पाएको छैन । आफ्नो भारतीय अभिलेखसङ्ग्रहमा पनि दीनेशचन्द्र सरकार (२०२१:४८८-४९० = ७१ ए सङ्ख्या)ले यो ताम्रपत्र राखेका छन् र त्यहाँ रिपुशासिनलाई रिपुशासिन[:] बनाई पाठको संशोधन गरेका छन् ।

११. अजयमित्र शास्त्री २०५१/५२ क:६ ।

१२. मोरेश्वर जी. दीक्षित [२०१७] २०४३/४४:२६५मा ३ सङ्ख्याको टिप्पणी ।
अजयमित्र शास्त्री २०५१/५२ क:९ मा १६ सङ्ख्याको टिप्पणी ।

१३. उही:४८ = १:१३ सङ्ख्या ।

१४. उही:२६ = १:७ सङ्ख्या ।

१५. उही:३७ = १:१० सङ्ख्या ।

१६. उही:१५ = १:४ सङ्ख्या ।

१७. उही:५७ = १:१६ सङ्ख्या ।

१८. उही:५४ = १:१५ सङ्ख्या ।

१९. वाकाटकललामस्य [क्र]मप्राप्तनृपश्रिय(:)
जनन्या युवराजस्य शासनं रिपुशास[न] (ं)
(के.वी. पाठक र के.एन. दीक्षित [१९८२] २०३८/३९:४१ = दीनेशचन्द्र सरकार २०२१:४३५)

---

① दीनेशचन्द्र सरकार २०२१:४८८, अजयमित्र शास्त्री २०५१/५२ क:५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. यस ताम्रपत्रका दुवै सम्पादकले मूलमा भएका गल्तीलाई कतै मूलपाठमै कोष्ठभित्र र कतै टिप्पणीमा सच्याएका छन्। तर तिनीहरूले सच्याएको कुरामा कहीँ कहीँ विवाद पनि उठ्न नसक्ने होइन भन्ने कुराको नमूना तल देखाउँछु।

५.१. मूलको ५ पङ्क्तिमा एक ठाउँमा **परमभट्टारकपादै भभुतस्वामिने** पाठ छ। त्यस पाठमा दुवै सम्पादकले °**पादैपछि** कोष्ठभित्र विसर्ग थपेका छन्। तर यस ताम्रपत्रमा कहीँ सन्धि गरेको –**ग्रामो भुज्यत इति** (८-९ पङ्क्ति)– र कहीँ सन्धि नगरी त्यसै छोडेको –**वः यथाय** (४ पङ्क्ति)– उदाहरण पाइएकोले यहाँ विसर्ग नटुटी रेफ टुटेको हो भनी तर्क गर्न नसकिने होइन। यस्तो अवस्थामा यहाँ अशुद्धि छ भनेर मात्र औँल्याउनु नै उपयुक्त होला जस्तो मलाई लाग्छ।

६. यस ताम्रपत्रमा मिति दिँदा **प्रवर्द्धमानविजयराज्यसव्वत्सरे चतुर्व्विंशतिमे २० ४ वैशाखदि ४** (१९-२० पङ्क्ति) अर्थात् बढिरहेको विजयराज्यसंवत् चौबीस २४ वैशाखको दिन ४ मा लेखिएकोले यहाँ चलनचल्तीको संवत् नदिई यी राजाले यो ताम्रपत्र जुन वेला जारी गरे, त्यस वेला यिनले राज्य गर्न थालेको २४ वर्ष भएछ भन्ने मात्र बुझिन्छ। महीना र दिन मात्र दिएको र पक्ष नदिएकोले भ्वाट्ट हेर्दा यहाँ चान्द्रमानअनुसार मिति नहाली सौरमानअनुसार मिति हालेको भान पर्ने भएकोले यस विषयमा अलि खुलाएर लेख्नुपरेको छ।

६.१. यस वंशका सबै जसो अभिलेखमा यस्तै छाँटले संवत्पछि महीना र त्यसपछि **दिवस, दिन** वा तिनका आद्याक्षर दिपछि अक्षर वा अङ्कमा दिनसङ्ख्या वा महीनापछि **दिवस, दिन** वा दि नलेखी सङ्ख्या मात्र दिने

दिस् इज् दि एन्अमि-च्यास्टाइज्इड् कमान्ड् अफ् द मद्अर् अफ् द यङ् प्रिन्स्, दि अर्नमन्ट् अफ् वाकाटकज्, हू ह्याज् अब्टेन्ड् सभ्रन्टि इन् कोर्स् (अफ् सक्सेश्अन्)।

(के.वी. पाठक र के.एन. दीक्षित [१९८२] २०३८/३९:४२)

(यो, वाकाटकहरूका अवतंस, [उत्तराधिकार]मा राज्य पाइबक्सेको युवराजका मुमाको शत्रुलाई दण्ड दिने हुकूम हो।)

वाकाटकललामस्य क्रमप्राप्तनृपश्रियः
राज्ञ ≍ प्रवरसेनस्य शासनं रिपुशासनं

(गेओर्ग ब्यूलर [१९४०] २०४०/४१:२४५ = जान फेथ्फुल फ्लीट [१९४४/४५] २०१९/२०:मूलभाग २३६ = दीनेशचन्द्र सरकार २०२१:४४२)

यान् अर्डर् अफ् किङ् प्रवरसेन, हू इज् दि अर्नमन्ट् अफ् द वाकाटक (*रेस्*) यान्ड् ह्याज् अब्टेन्ड् हिज् रइअल् डिग्निटि बाइ इन्हेरइटेन्स्, इज् यान् अर्डर् (*ईभ्न्*) फर् हिज् एन्अमिज्।

(गेओर्ग ब्यूलर [१९४०] २०४०/४१:२४४)

(वाकाटक[वंश]का अवतंस र वंशक्रमद्वारा राजाको पद पाइबक्सेको राजा प्रवरसेनको हुकूम, हुकूम मौसूफका शत्रुहरूको लागि [सुढा] हो।)

अ चार्टर् अफ् किङ् प्रवरसेन, दि अर्नमन्ट् अफ् द वाकाटकज्, हू ह्याज् अटेन्ड् रइअल् डिग्निटि बाइ इन्हेरइटेन्स्, (*इज्*) अ चार्टर् फर् (*दि अब्जर्भन्स् अफ् ईभ्न् हिज्*) एन्अमिज्!

(जान फेथ्फुल फ्लीट [१९४४/४५] २०१९/२०:मूलभाग २४०)

(वाकाटकहरूका अवतंस, वंशक्रमद्वारा राजाको पद पाइबक्सेको राजा प्रवरसेनको सनद, सनद, मौसूफको शत्रुहरूले [सुढा पालना गर्नाको] लागि [हो]।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिएको छ तापनि अपवादको रूपमा यही वंशका एक जना राजा सुदेवराजको एउटा ताम्रपत्रमा **प्रवर्द्धमानवीजयसव्व ७ द्विभाद्रदि १०**[२०] अर्थात् बढिरहेको विजयसंवत् ७ दोस्रो भाद्रको दिन १० मा भएकोले अधिमास पर्दा पनि दि नै लेखिएको देख्दा दिवस, दिन वा दिले यी अभिलेखमा गते होइन कि तिथि बुझाएको हो भन्ने कुरामा बल मिल्न गएको छ। यस राजवंशपछि यतातिर राज्य गर्ने पाण्डुवंशका एक जना राजा शिवगुप्तको एउटा ताम्रपत्रमा **प्रवर्द्धमानविजयराज्ये सम्वत्सरे सप्तपञ्चाशत्तमे कार्त्तिकपोर्ण्णनस्यां अङ्केन सम्बत् । ५० ७ कार्त्तिकदिन ३०**[२१] अर्थात् बढिरहेको विजयराज्यमा, संवत् सन्ताउन्न कार्तिकपूर्णिमामा **अङ्केऽपि संवत् ५७ कार्तिकको दिन ३०** मा भनी लेखिएकोले यहाँ अधिबाट अक्षरेऽपि संवत् र चान्द्रमानअनुसार को मिति दिइसकेपछि **अङ्केन** अर्थात् अङ्केऽपि लेखी अङ्कमा संवत् दिएर त्यसपछि महीनाको नाम दिई दिनगन्ती पनि अङ्कमा दिइएको हुँदा यहाँ अक्षरेऽपि अङ्केऽपि दुवै प्रकारले तिथि हालेको कुरामा शङ्का छैन।

६.२. बङ्गाल-विहारका राजा पालहरूका आफ्नै वा उनीहरूको पालाका अभिलेखमा संवत् र महीनापछि पक्ष र तिथिमा भन्दा पक्ष र तिथिको सट्टा दिनमा मिति दिइएकाको सङ्ख्या धेरै नै वढी भएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ। त्यसमाथि कहीँ कहीँ दिनको अगाडि सूर्यको गतिअनुसार वा चन्द्रको गतिअनुसार भन्ने लेखिएको पनि नभेटिने होइन। खुलाएर भन्दा अघि कुमार पालका पुस्तैनी मन्त्री र पछि कामरूपका राजा भएका वैद्यदेवको ताम्रपत्रमा **सं ४ सूर्य्यगत्या वैशाखदिने १**[२२] अर्थात् संवत् ४ सूर्यको गतिले

---

२०. अजयमित्र शास्त्री २०५१/५२ क:३६ = १:१० मा मूलको २४ पङ्क्ति।

२१. उही:१३१ = ३:८ मा मूलका ३१-३२ पङ्क्ति।

२२. **पूव्वपूव्वजनुज्जन्मकर्मपाकदभूत्सुत-**
स्तस्यैतस्यां द्विजाधीसपूज्यः श्रीश्रीधरः परः ॥ [...]
एतस्मै शासनं प्रादाद्वैद्यदेवक्षीतीश्वरः ।
वैश॥खे विशुत्याञ्च स्वर्गार्थं हरिवासरे ॥०॥

स्वस्ति हंसाकोञ्चीसमावासतश्रीमज्जयकन्धावारात । परममाहेश्वरः परमवैष्णवः महाराजाधिराजः । परमेश्वरः परमभट्टारकः । श्रीमान वैद्यदेवदेवः कुशली । श्रीप्राग्ज्योतिषभुक्तौ । कामरूपमण्डले । वाडाविसये भट्टगङ्गाधरभुक्तक । शान्तिवडामन्दराग्रामीय । यथाप्रधानप्रतिवासि । चट्टभट्टविसयिल्लकादिजनपदान कर्षकाश्च यथात्याग मानयति । बोधयति समादिशति वः मतमस्तु भवतां । एतत द्वयं चतुःशीमावच्छिन्नं । परिबोधशुद्धं अचट्टभट्टप्रवेसं सजलस्थलं । भूच्छिद्रञ्च अकिञ्चितकरग्राहचं । चतुर्थाब्द सं वैशाखप्रथमादिना गुग्गुलीश्रीश्रृधरशर्म्मणे चतुःशतिकं शासनीकृत्य प्रदत्तमस्माभिः तदेतस्मिन विधेया भत्रेतेति । सं ४ सूर्य्यगत्या वैशाखदिने १ नि ॥०॥ [...]

(आर्थर वेनिस [१९५१] २०३९/४० मा मूलका ४२-४३, ४६-५३ पङ्क्ति)

(उहाँको (युधिष्ठिरको) पटकपटकका पुनसका कमाइले गर्दा यहाँमा (पाईमा) मुख्य बाहुनले [पनि] पुजिएका, ठूला छोरा श्रीधर हुनुभयो।[...]

उहाँ (श्रीधर)लाई वैद्यदेव राजाले स्वर्ग [पाउन]को लागि वैशाख विषुवत्[सङ्क्रान्ति]मा एकादशीको दिन सनद बक्स्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैशाखको दिन १ मा, मदन पालको पालामा सारिएको *क्रियाकाण्डक्रमावलि*मा प्रवर्द्धमाने विजयराज्ये सप्तमे सम्वत्सरे अभिलि ॥ ॥ ख्यमाने यत्राङ्केनापि सम्वत् ७ सूर्यगत्या अग्रहणदिने १९[२३] अर्थात् बढिरहेको विजयराज्यमा, सातौं संवत्मा, अङ्केपि लेखिइरहेको जुन संवत् ७ मा, सूर्यको गतिले मार्गको दिन १९ मा र तिनै मदन पालको पालाको एउटा शिलालेखमा सम्वत् ८ चन्द्रगत्या चैत्रकर्म्मदिने १५[२४] अर्थात् संवत् ८ चन्द्रको गतिले

कल्याण होओस्। हंसाकोञ्चीमा रहेको, विजय गर्ने श्रीछाउनीबाट शिवजीका हुनसम्म धेरै भक्त, विष्णुका हुनसम्म धेरै भक्त, महाराजाधिराज, परमेश्वर, परमभट्टारक, [गायमा] आराम भइवक्सेको, श्रीमान् वैद्यदेवदेवबाट श्रीप्राग्ज्योतिषभुक्तिमा, कामरूपमण्डलमा, वाडाविषयमा भट्ट गङ्गाधरले भोग गरेका सन्तिवडा① र मन्दरा गाउँमा बस्ने, मुख्य मुख्य मानिसदेखि चट्टभट्ट (=चाटभट) (राजस्व उठाउने सैनिक)② र विषयल्लिक आदि जानपदहरूसम्मलाई र किसानहरूलाई मर्यादाक्रमअनुसार ...③ मान गरिबक्सन्छ, कुरा बुझाइबक्सन्छ [र] हुकूम हुन्छ–

चारकिल्लाले छुट्याइएको, खिचोला नभएको, चट्टभट्ट पस्न नपाउने, जल र स्थलसहितको, बन्जर जग्गामा कुनै कर नलिइने, चार सय आयस्ता हुने, यी दुइ [गाउँ] चारौं [राज्य]वर्षको संवत् वैशाखको पहिलो दिनमा सनद गरिबक्सी हामीबाट गुग्गुली[वंशका] श्रीश्रीधर शर्मालाई बक्स्यो। [यो] तिमीहरूलाई थाहा होओस्। त्यस कारण यसमा तिमीहरू भनेको मान्ने होओ। संवत् ४ सूर्यको गतिले वैशाखको दिन १ मा दर्ता गरियो।)

२३. परमेश्वरपरमभट्टारकमहाराजाधिराजश्रीमन्मदनपालदेवस्य प्रवर्द्धमाने विजयराज्ये सप्तमे सम्वत्सरे अभिलि ॥ ॥ ख्यमाने यत्राङ्केनापि सम्वत् ७ सूर्यगत्या अग्रहणदिने १९ भगवत्पादपण्डितशैवाचार्यश्रीकुमारगणेन लिखापितोयं शैवागमः सोमशम्भुनामेति ॥ [...]

श्रीविक्रमार्क्कनृपकालसमुद्भवेषु पञ्चाहतत्रिषु गतेषु शरच्छतेषु ।
एकादशश्च मम शास्त्रमिदं समाप्तम् ॥ ॥

(दिनेशराज पन्त २०३१:२०९-२१० मा ५ सङ्ख्याको टिप्पणी)

(परमेश्वर, परमभट्टारक, महाराजाधिराज, श्रीमान् मदन पालदेवको बढिरहेको विजयराज्यमा, सातौं संवत्मा, अङ्केपि लेखिइ-रहेको जुन संवत् ७ मा, सूर्यको गतिले मार्गको दिन १९ मा भगवत्पाद, पण्डित शैवाचार्य श्रीकुमारगणले सोमशम्भु नाउँ भएको, यो शैव आगम सार्न लाउनुभयो। [...]

श्रीविक्रमादित्य राजाको कालका, पाँचले गुनिएको तीन, सय वर्ष र एघाह [सय] वर्ष जाँदा (५X३ = १५+१००+११०० = वि.सं. १२१५ मा) मेरो यो शास्त्र सिद्धियो।)

(उही:२१० मा छापिएको उल्थामा आवश्यक ठाउँमा सच्याई तयार पारिएको उल्था। शैवाचार्यश्रीकुमारगणेन लिखापितोयं शैवागमः सोमशम्भुनामेति भनी मूल ग्रन्थमा ग्रन्थनामको ठाउँमा कर्तृनाम भएकोले अलमलिई श्रीकुमारगणले श्रीसोमशम्भुलाई शैवशास्त्र सार्न लाउनुभयो भनी दिनेशराज पन्तले उल्था गरेका छन्। यहाँ उद्धरण नगरिएको अर्को श्लोकको अर्थ पनि त्यहाँ त्यसै गरी बिग्रिएको छ।)

२४. सम्वत् ८ चन्द्रगत्या चैत्रकर्म्मदिने १५ [...]

---

① मूलमा यहाँ शान्तिवडा भए पनि तल ५३ पङ्क्तिमा सन्तिवडा छ। शुद्ध नाउँ सन्तिवडा हो, यो नाउँ संस्कृतेतर भाषाको हो भन्ने ठानी माथि सन्तिवडा लेखेको हुँ।

② धनवज्र वज्राचार्य २०३०:९९-१०१।

③ मूलमा यथात्याग छ। यस सन्दर्भमा त्यागको अर्थ मलाई नलागेकोले यथात्यागको अर्थ मैले छोडिदिएको छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चैत्रको कर्मदिन[२५] १५ मा लेखिएकोले दिन शब्दले यस्तो सन्दर्भमा कहीं तिथि र कहीं गते बुझाउने स्पष्ट हुन्छ।

राज्ये मदनपालस्य अष्टमे परिवच्छरे

(देवदत्त रामकृष्ण भाण्डारकर:१६३९ सङ्ख्या, मूलका ४९, ५७-५९ पङ्क्ति)

(संवत् ८ चन्द्रको गतिले चैत्रको कर्मदिन १५ मा, मदन पालको राज्यमा, आठौं वर्षमा।)

२५. *कौटलीय अर्थशास्त्र*मा एक ठाउँमा कर्मसंवत्सर र अर्को ठाउँमा कर्ममासको परिभाषा आएको छ–

त्रिंशतं चतु:पञ्चाशच्चाहोरात्राणां कर्मसंवत्सरः । ६ । तमाषाढीपर्यवसानमूनं पूर्णं वा दद्यात् । ७ । करणाधिष्ठितमधिमासकं कुर्यात् । ८ ।

(२ अधिकरण ७ अध्याय)

(तीन सय चौवन्न अहोरात्रको कर्मसंवत्सर हुन्छ। ६। [दिन] घटीबढी [जे] भए पनि त्यो (कर्मसंवत्सर) आषाढको पूर्णिमामा टुङ्गिने गर्नू। ७। अधिमास[को हिसाबचाहिँ भिन्नै] खण्डमा गर्नू। ८।)

*कौटलीय अर्थशास्त्र*को, प्राचीन मलयालम भाषामा लेखिएको टीका *भाषाव्याख्यान*मा यस ठाउँमा कर्म°को ठाउँमा प्रकर्म° पाठ भए जस्तो देखिन्छ र त्यहाँ प्रकर्मको अर्थ ज्यामीहरूको ज्यालाको हिसाब गर्नको लागि भनी गरिएको छ भनी आर.पी. काङ्ले (२०२९:१४० मा ४७ सङ्ख्याको टिप्पणी)ले लेखेका छन्।

*कौटलीय अर्थशास्त्र*मा आएको कर्मसंवत्सरको अर्थ अर्को प्राचीन टीका *चाणक्यटीका*मा यसरी गरिएको छ-

कर्मसंवत्सर इति अधिकृतेन अनेन कालेन कर्म समापनीयं कर्मफलं चोपनेयमिति ।

(जी. हरिहर शास्त्री २०१५:११३)

(कर्मसंवत्सर भनेको अधिकृतले यस समयमा काम सिद्धघाउनुपर्छ र कामको फल पाउनुपर्छ भनी तोकिएको [वर्ष] हो।)

त्रिंशदहोरात्रः कर्ममासः । ४७ । सार्धः सौरः । ४८ । अर्धन्यूनश्चान्द्रमासः । ४९ ।

(२ अधिकरण २० अध्याय)

(तीस अहोरात्र (दिनरात)को कर्ममास हुन्छ। ४७। [तीसमा] आधासहित (३०$\frac{१}{२}$) अहोरात्रको सौरमास हुन्छ। ४८। [तीसमा] आधा कम (२९$\frac{१}{२}$) अहोरात्रको चान्द्रमास हुन्छ। ४९।)

कर्ममासःको ठाउँमा प्रकर्ममासः भन्ने पाठ *कौटलीय अर्थशास्त्र*का केही लेखोट पुस्तकमा छ (आर.पी. काङ्ले २०२५:७२ मा टिप्पणी)। *कौटलीय अर्थशास्त्र*का केही सम्पादकले यही पाठ मानेका छन् (उदाहरणको लागि युलियस जोलि र रिखार्द श्मिद्त १९७९/८०:६४) र यसैको अनुसरण अरूहरूले गरेका छन् (उदाहरणको लागि नयराज पन्त २०४३:४०)।

*चाणक्यटीका*मा यस ठाउँमा प्रकर्ममासः होइन कि प्रक्रममासः पाठ छ र त्यसको अर्थ त्यहाँ यसरी गरिएको छ–

प्रक्रममास इति । अध्यक्षाणां कर्मारम्भमासः ।

(जी. हरिहर शास्त्री २०१५:१९२)

(प्रक्रममास भनेको हाकिमहरूले काम थाल्ने महीना हो।)

*कौटलीय अर्थशास्त्र*को झन् अर्को प्राचीन टीका *प्रतिपदपञ्चिका*मा त्रिंशदहोरात्रः कर्ममासःको अर्थ यसरी गरिएको छ–

सावनस्त्रिंशदहोरात्रः ।

(काशीप्रसाद जायस्वाल र अनन्तप्रसाद वन्द्योपाध्याय १९८१-८३:१२०)

(सावन [महीना] तीस अहोरात्रको हुन्छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.३. कार्तिकपूर्णिमालाई **कार्त्तिकदिन** ३० ले बुझाएकोले अजयमित्र शास्त्री (२०५१/५२:१६-१७)ले औँल्याएअनुसार अहिले प्रकाश गर्न लागेको ताम्रपत्रमा पूर्णान्तमानअनुसार मिति दिइएको स्पष्ट छ। यो अहिले हामीकहाँ चलेको पद्धति जस्तै छ तापनि हाम्रा पात्रामा र कागजातमा पूर्णान्तमानअनुसार काल-मान दिँदा दिँदै पनि अङ्कमा तिथि लेख्दा भने औँसीलाई ३० लेखेकोले अमान्तमानअनुसार नै दिने गरेकोमा[२६] यस ताम्रपत्रमा अङ्कमा **पूर्णिमालाई** ३० ले बुझाइएकोले अङ्क पनि पूर्णान्तमानअनुसार नै दिइएको स्पष्ट हुन्छ।

६.४. पालकालमै सारिएको *पञ्चाकार* भन्ने पुस्तकको दिइएको मितिको सम्झना पनि यस प्रसङ्गमा हुन्छ। **अष्टत्रिंशत्सम्वत्सरेऽभिलिख्यमाने। ज्यैष्ठकृष्णाष्टम्यां तिथौ। यत्र सं ३८ ज्यैष्ठदिने ८**[२७] अर्थात् **लेखिइरहेको ३८ संवत्मा, ज्येष्ठकृष्णको अष्टमी तिथिमा, जुन संवत् ३८ मा, जेठको दिन ८ मा** भनी त्यहाँ मिति दिइएकोले **तिथि** र **दिन** पर्याय भएका र यहाँको तिथि पूर्णान्तमानअनुसारको रहेछ भन्ने स्पष्ट हुन्छ।

७. राजा नरेन्द्रका अभिलेखमा कुनै निश्चित संवत्मा मिति नहाली उनको राज्यभोगवर्षअनुसार मिति दिइएकोले ऐतिहासिकहरूले घुमाउरो बाटोले उनको कालनिर्धारण गर्ने कोशिश गरेका छन् र यस प्रसङ्गमा यस विषयमा केही लेख्नुपरेको छ।

७.१. सम्राट् भानु गुप्तको सहायताको लागि लड्न गएका राजा गोपराजले लडाइँमा वीरगति पाउँदा उनकी पत्नी सती गएको कुरा गुप्तसंवत् १९१ (वि.सं. ५६७) श्रावणकृष्णसप्तमीको, मध्यप्रदेश राज्यको सागर जिल्लामा पर्ने एरणको एउटा ढुङ्गे खामोमा कुँदिएको छ। मृतक राजा गोपराज़लाई राजा माधवका छोरा र शरभराजका छोरीका छोरा भनी त्यहाँ चिनाइएको छ।[२८] हाम्रो यस ताम्रपत्रमा राजा नरेन्द्रले आफूलाई **शरभबाट जन्म पाएको (शरभात्प्राप्तजन्मनः)** अर्थात् **छोरा** भनी चिनाएकाले र त्यस सतीस्तम्भमा

---

३० सावनदिनको १ कर्ममास, २९ $\frac{1}{2}$ सावनदिनको १ चान्द्रमास र ३० $\frac{1}{2}$ सावनदिनको १ सौरमास हुन्छ भन्ने यतावाट बुझिएकोले कर्ममास चान्द्रमासभन्दा लामो र सौरमासभन्दा छोटो हुन्छ भन्ने बुझिन्छ।①

माथिको शिलालेखमा चाहिँ **कर्म्मदिन** शब्दले **चान्द्रदिन** अर्थात् **तिथि** बुझाएको जस्तो देखिन्छ।

२६. यस विषयमा मैले अलिकति अन्यत्र (महेशराज पन्त २०५८:६६) लेखिसकेको छु।

२७. **परमेश्वरेत्यादिराजावली पूर्व्ववत्। श्रीमद्गोविन्दपालदेवानां विनष्टराज्ये। अष्टत्रिंशत्सम्वत्सरेऽभिलिख्यमाने। ज्यैष्ठकृष्णाष्टम्यां तिथौ। यत्र सं ३८ ज्यैष्ठदिने ८ लिखितमिदं पुस्तकं काश्रीगयाकरेणेति॥**

(राखालदास बनर्जी १९७१:१११। त्यस पुस्तकमा भएको, मूलको फोटोसँग रुजू गरी माथिको पाठ दिइएको हो।)

(परमेश्वर इत्यादि राजाको प्रशस्ति अघिको जस्तै। श्रीमान् गोविन्द पालदेवको नाश भएको राज्यमा, लेखिइरहेको ३८ संवत्मा, ज्येष्ठकृष्णको अष्टमी तिथिमा, जुन संवत् ३८ मा, जेठको दिन ८ मा यो पुस्तक का[यस्थ] गयाकरले सारे।)

२८. जान फेथ्फुल फ्लीट [१९४४/४५] २०१९/२०:मूलभाग ९२-९३।
= दीनेशचन्द्र सरकार २०२१:३४५-३४६।

---

① यस विषयमा नयराज पन्त २०४३:३९-४१ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोपराजलाई शरभराजका छोरीका छोरा (**शरभराजदौहित्रः**) भनेकोले यी २ अभिलेखमा नाउँ लिइएका, **शरभ** र **शरभराज** एउटै मानिस हुन् भन्ने धेरैजसो ऐतिहासिकहरूको धारणा छ ।[२९]

७.२. शरभका छोरीका छोरा गोपराजले वि.सं. ५६७ मा वा त्यसभन्दा केहीअगाडि लडाइँमा वीरगति पाएकाले र आफ्ना सामन्तमा गुप्तवंशको पकड छैटौँ शताब्दीको मध्यभागको आसपासदेखि खुकुलो हुन थालेकोले यस वंशका पहिला राजा शरभ र उनका छोरा राजा नरेन्द्रको समय यसैताका मानी ऐतिहासिकहरूले काम चलाएका छन् ।[३०]

८. राजा शरभबाट उठेको यस वंशको पहिलो राजधानी यिनै राजाको नाउँबाट शरभपुर भनी कहलिएको थियो भन्ने कुरा त्यस वंशका राजाहरूले त्यही शहरबाट जारी गरेका झण्डै एक दर्जन दानपत्रले हामीलाई देखाउँछन् ।[३१] मध्यप्रदेश राज्यको रायपुर जिल्लाको आजभोलिको सिरपुरनजीकै शरभपुर रहेको कुरा ऐतिहासिकहरू भन्छन् ।[३२] शरभपुरमा राजधानी भएको यस वंशलाई **शरभपुरीय**[३३] वंश भनी ऐतिहासिकहरूले काम चलाए पनि **पुरीय** शब्द संस्कृतवाङ्मयमा चलेको नदेखिएकोले यस विषयमा अलि बढी विचार गर्नुपर्छ ।

८.१. ढुङ्गे खामोमा कुँदिएको, हाल प्रयागमा रहेको, समुद्र गुप्तको प्रशस्तिबाट यस्तो खालको तद्धित शब्द बनाउन हामीलाई मदत मिल्छ कि जस्तो मलाई लाग्छ । कुरा के भने त्यस प्रशस्तिमा पूरा दक्षिणापथका राजाहरूलाई समुद्र गुप्तले समाती छोडिदिए अर्थात् जिती फेरि स्वतन्त्र पारिदिए भन्ने कुरा लेख्दा देशको नाउँ दिँदै राजाको नाउँ दिइएको छ र फलानो देशका भन्दा देशको नाउँमा आदिवृद्धि गरी अन्त्यमा **अक** प्रत्यय लगाई **कोसलका** भन्दा **कौसलक** जस्ता शब्दरूप त्यहाँ मनग्यै छन् । नाउँको अन्त्यमा **पुर** भएका देशका राजाको नाउँको अगाडि **पिष्टपुरका** भन्न **पैष्टपुरक** र **कुस्थलपुरका** भन्न **कौस्थलपुरक** लेखिएको पनि यस प्रसङ्गमा भन्नुपर्छ ।[३४]

---

२९. उदाहरणको लागि दीनेशचन्द्र सरकार २०२६/२७: २१९ ।
शरभ नाउँ भएका राजालाई *हर्षचरित*मा अश्मकका स्वामी भनेकोले एस.एल. कटारे र बी.सी. जैनले शरभको यो चिनारीमा शङ्का उठाएका छन् भनी श्रीराम गोयल (२०४१:३२१) लेख्छन् । एस.एल. कटारे र बी.सी. जैनले यस्तो कहाँ लेखे, त्यो भने श्रीराम गोयलले खुलाएका छैनन् ।

३०. उदाहरणको लागि दीनेशचन्द्र सरकार २०२६/२७: २१९ ।

३१. अजयमित्र शास्त्री २०५१/५२ क:५-६ = १:१ सङ्ख्या, १२ = १:३ सङ्ख्या, १४-१५ = १:४ सङ्ख्या, १७-१९ = १:५ सङ्ख्या, २०-२२ = १:६ सङ्ख्या, २४-२६= १:७ सङ्ख्या, २८-३० = १:८ सङ्ख्या, ३५-३७ = १:१० सङ्ख्या, ३९-४१ = १:११ सङ्ख्या, ४६-४८ = १:१३ सङ्ख्या, ५०-५१ = १:१४ सङ्ख्या ।

३२. उदाहरणको लागि दीनेशचन्द्र सरकार [२०२०] २०४३/४४:१५५ ।

३३. उदाहरणको लागि अजयमित्र शास्त्री २०५१/५२ र २०५१/५२ कका शीर्षक ।

३४. **कौसलकमहेन्द्रमाहाकान्तारकव्याघ्रराजकौरालकमण्टराजपैष्टपुरकमहेन्द्रगिरिकौट्टूरकस्वामिदत्तै-रण्डपल्लकदमनकाञ्चेयकविष्णुगोपावमुक्तकनीलराजवैङ्गेयकहस्तिवर्म्मपालक्ककोग्रसेनदैवराष्ट्रककुबेर-कौस्थलपुरकधनञ्जयप्रभृतिसर्व्वदक्षिणापथराजग्रहणमोक्षानुग्रहजनितप्रतापोन्मिश्रमाहाभाग्यस्य** [...]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८.२. देश, जनपद वा जनपदावधि बुझाउने प्रातिपदिकदेखि वुञ् = वु (अक) प्रत्यय लागी पाणिनीय व्याकरणअनुसार यस्ता रूप सिद्ध हुन्छन्[३५] र नेपालको भन्नुपर्दा प्राचीन वाङ्मयमा चलेको नैपालक[३६] शब्दको रूपसिद्धि पनि यसै गरी पाणिनीय व्याकरणअनुसार गर्न सकिन्छ[३७]।

८.३. यस कारण शरभपुरको भन्न संस्कृत प्रत्यय लगाउने हो भने छ (ईय) प्रत्ययको अपवाद वुञ् (अक) प्रत्यय लगाई शारभपुरक भन्नुपर्छ कि जस्तो मलाई लाग्छ।

९. यस ताम्रपत्रका दुवै सम्पादकले यसको पाठ मात्र छपाएका छन्, उल्था गरेका छैनन्।[३८] तल उल्यासहित मूलपाठ म दिँदैछु। यसका दुवै सम्पादकहरूले जस्तो मूलपाठमा जहाँ जहाँ लेखाइ अशुद्ध छ, त्यहाँ त्यहाँ त्यो सच्याउने काम नगरी जस्ताकोतस्तो पाठ मात्र मैले यहाँ उतारेको छु।

मूलपाठ

मोहरछापमा

१. खड्गधाराजितभुव शरभात्प्राप्तजन्मनः ।

२. नृपतेश्श्रीनरेन्द्रस्य शासनं रिपुशासन

पहिलो पातामा

१. ॐ[३९] स्वस्ति विजयस्कन्धावरात्तिलकेश्वरवासकात्परमभाग-

महाराजाधिराजश्रीसमुद्रगुप्तस्य [...]

(जान फेथ्फुल फ्लीट [१९४४/४५] २०१९/२०:मूलभाग ७, ८ = दीनेशचन्द्र सरकार २०२१:२६४-२६५,२६७)

(कोसलका महेन्द्र, महाकान्तारका व्याघ्रराज,कोरालका मण्टराज, पिष्टपुरका महेन्द्रगिरि, कोट्टूरका स्वामिदत्त, एरण्डपल्लका दमन, काञ्चीका विष्णुगोप, अवमुक्तका नीलराज, वेङ्गीका हस्तिवर्मा, पालक्कका उग्रसेन, देवराष्ट्रका कुबेर, कुस्थलपुरका धनञ्जय आदि दक्षिणापथका सबै राजाहरूलाई समाती छोडिदिने निगाहद्वारा भएको प्रतापसँग मिसिएको ठूलो भाग्य भएका [...] महाराजाधिराज श्रीसमुद्र गुप्तको)

३५. *अष्टाध्यायी* ४।२।१२१-४।२।१२७।

३६. अष्टप्रोतिसङ्घात्या कृष्णा भिङ्गिसी वर्षवारणमपसारक इति नैपालकम्।

(*कौटलीय अर्थशास्त्र* २।११।१००)

(आठवटा पाता जोडेको, कालो भिङ्गिसी [र] पानी छेक्ने अपसारक नेपालका, [भेडाको ऊनका]।)

३७. नयराज पन्त २०३२:५७ हेर्नू।

३८. यस ताम्रपत्रको विषयमा दीनेशचन्द्र सरकार [२०१७] २०४३/४४ पनि पठनीय छ।

३९. यो वा यस्तै खालका थरीथरीका चिह्नलाई कसैले ॐ र कसैले यसले सिद्धम् वा सिद्धिरस्तु बुझाउँछ भनी लेखेका छन्। अक्षरमा ॐ वा सिद्धिः लेख लेख्दै पनि त्यसको अगाडि यस्तो चिह्न हालेको नपाइने होइन। यस विषयको प्रमाणको लागि महेशराज पन्त २०५३:१६३ मा २० सङ्ख्याको टिप्पणी हेर्नू। यस कारण यस ताम्रपत्रका दुवै सम्पादकले यस चिह्नको ठाउँमा सिद्धम् लेखे पनि चिह्न हालेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. वतो मातापितृपादानुद्धघातः श्रीमहाराजनरेन्द्रः चुल्लाड-
३. सीमभोगीयकेशवके ब्राह्मणपुरस्सरान्प्रतिवासि-
४. कुटुम्बिनस्समाज्ञापयति विदितमस्तु वः यथाय ग्राम
५. परमभट्टारकपादै भश्रुतस्वामिने धारणिसगोत्राय

दोस्रो पाताको एकापट्टि

६. गङ्गाया मज्जन कुर्व्वद्भि तालपत्रशासनेन स्वपुण्याभिवृ-
७. द्धये दत्तकः तच्च तालपत्रशासन ग्रिहदाघे दग्धमित्यधि-
८. करणावधारणया प्राक्प्रश्नित्यव्यवच्छेदभोगेनाय ग्रा-
९. मों भुज्यत इति ॥ अधुना भाश्रुतस्वामिपुत्रशङ्खस्वामिने
१०. परमभट्टारकपादाना पुण्याप्यायनादेव ताम्रशास-

दोस्रो पाताको अर्कोपट्टि

११. नेनानुमोदित इत्येवमुपलभ्यास्याज्ञाश्रवणविधेया
१२. भूत्वा यथोकालमुचितभोगभागधान्यहिरण्यादेरुप-
१३. नयं कर्ष्यियेति ॥ भविष्यतश्च भूपा कुशलोपेतमनु-
१४. दर्शयति । दूतकमधिकरण ॥ व्यासगीताश्चात्र श्लोकानुदाह-
१५. रन्ति ॥

बहुभिर्व्वसुधा दत्ता राजभिस्सगरादिभि ।
यस्य यस्य

तेस्रो पातामा

१६. यदा भूमिस्तस्य तस्य तदा फल ॥
पूर्व्वदत्तां द्विजातिभ्यो य-

१७ त्नाद्रक्ष युधिष्ठिर
महीं महिमतां श्रेष्ठ दानाच्छ्रेयोनुपाल-

१८ न ॥
षष्टिवर्षसहस्राणि स्वर्गे मोदति भूमिदः
आच्छे-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९. त्ता चानुमन्ता च्च तान्येव नरके वसेत्

प्रवर्द्धमानविज-

२०. यराज्यसव्वत्सरे चतुर्व्विंशतिमे २० ४ वैशाखदि ४

२१. उत्किर्ण श्रीदत्तेनेति ॥

उल्था

तरवारको धारले पृथ्वी जितिबक्सेको शरभबाट जन्म पाइबक्सेको, राजा श्रीनरेन्द्रको शत्रुलाई दण्ड गर्ने सनद ।

कल्याण होओस् । तिलकेश्वरमा रहेको, विजय गर्ने छाउनीबाट विष्णुका हुनसम्म धेरै भक्त, मुमाबुबाका पाउको अनुग्रह पाइबक्सेको, श्रीमहाराज नरेन्द्रबाट चुल्लाडको सिमानासँग जोडिएको भोग (जिल्ला)मा पर्ने केशवकमा बस्ने ब्राह्मणलगायत गृहस्थीहरूलाई हुकूम हुन्छ -

यो गाउँ महाराजाधिराज सरकारबाट गङ्गाजीमा डुबुल्की लाइबक्सेर धारिणि[४०]गोत्रका भश्रुत[४१]स्वामीलाई ताडपत्रमा सनद गरी आफ्नो पुण्य बढाउन बक्सेको थियो । ताडपत्रको त्यो सनद घरमा आगो लाग्दा डढ्यो भनेकोले पहिलेदेखिको अटूट भोगद्वारा यो गाउँ भोग गरिआएको हो भन्ने अदालत[४२]को ठहरद्वारा अहिले भाश्रुत[४१]स्वामीका छोरा शङ्खस्वामीलाई महाराजाधिराज सरकारको पुण्य बढाउन नै ताम्रपत्रमा सनद गरी [त्यो दान] कायम गरिएको छ भन्ने कुरा तिमीहरूलाई थाहा होस् ।

यस्तो जानी यसमा हुकूम तामेल गरी ठीक समयमा मनासीब भोग (वस्तुभाउमा लाग्ने तिरो), भाग (उब्जनीमा लाग्ने तिरो),[४३] धान्य (अन्नमा लाग्ने तिरो) र हिरण्य (नगदमा तिर्नुपर्ने तिरो) आदिको त्यवाइ गर्नेछौ ।

[महाराजबाट] पछि हुने राजाहरूलाई पनि पुण्यसँग सम्बद्ध कुरा देखाइबक्सन्छ ।

मार्फत अदालत[४२] ।

व्यासले गाएका श्लोकको उद्धरण यहाँ गर्छन्-

सगर आदि धेरै राजाहरूले भूमिदान गरे । जजसको [अधिकारमा] जहिले भूमि हुन्छ, त्यत्यसले त्यसै बेला

---

४०. मूल (५ पंङ्क्ति)मा धारणि° छ । गोत्रको कुरा लेखिएका प्राचीन पुस्तकमा धारणि होइन कि धारिणि भेट्टाइएकोले (जान ब्रफ २००९:१८९) मैले माथि धारिणि लेखेको हुँ ।

४१. मूलमा ५ पंङ्क्तिमा भश्रुत° र ९ पंङ्क्तिमा भाश्रुत° छ । जहाँ जे छ, उल्यामा त्यही कायम राखिएको छ ।

४२. मूलमा अधिकरण छ । अधिकरणको अर्थ अदालत र अड्डा दुवै हुन्छ (*हाम्रो वक्तव्य*) । त्यो गाउँ आफ्नो हकभोगको हो भन्ने कुरा प्रमाणित गर्ने ताडपत्र आगोमा परेपछि त्यो गाउँ आफ्नो हकभोगको हो भनी जसले दावी गरे, तिनैको हकभोगको हो भनी अधिकरणले ठहर गरेकोले र त्यो कुरा अधिकरणैमार्फत राजाकहाँ जाहेर भई त्यो हकभोग प्रमाणित गर्न ताम्रपत्र गरिएकोले अड्डाभन्दा अदालत यहाँ बढी प्रासङ्गिक भएकोले अधिकरणको अर्थ अदालत गरिएको हो ।

४३. धनवज्र वज्राचार्य २०३०:९७-९८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फल पाउँछ ।

हे युधिष्ठिर ! बाहुनहरूलाई अघिकाले दान दिएको जग्गाको रक्षा मिहिनेत गरी गर । राजाहरूमा श्रेष्ठ ! दान दिनुभन्दा [त्यो] जोगाउनु बढिया हुन्छ ।

जग्गा दान दिने साठी हजार वर्षसम्म स्वर्गमा खुशी हुन्छ । हर्ने र [हर्न] अह्राउने त्यति नै [वर्ष] नरकमा बसोस् ।

बढिरहेको विजयराज्यसंवत् चौबीस २४ वैशाखको दिन ४ मा ।

श्रीदत्तले कुँदेको ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका[४४]

अजयमित्र शास्त्री २०५१/५२

= ई.सं. १९९५ (वि.सं. २०५१/५२) मा नयाँ दिल्लीबाट इन्डिअन काउन्सिल अफ हिस्टरइक्ल रिसर्च र दिल्लीबाट मोतीलाल वनारसीदासद्वारा प्रकाशित, अजयमित्र शास्त्रीको *इन्स्क्रिप्शन्ज् अफ् द शरभपुरीयज्, पाण्डुवंशिन्ज् यान्ड् सोमवंशिन्ज्* (शरभपुरेहरू, पाण्डुवंशीहरू र सोमवंशीहरूका अभिलेख) १ भाग ।

अजयमित्र शास्त्री २०५१/५२ क

= अजयमित्र शास्त्रीको *इन्स्क्रिप्शन्ज् अफ् द शरभपुरीयज्, पाण्डुवंशिन्ज् यान्ड् सोमवंशिन्ज्* २ भाग ।

अमरकोष

= अमरसिंहमा हेर्नू ।

अमरसिंह *अमरकोष*

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल वनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) २ भाग ।

अष्टाध्यायी

= पाणिनिमा हेर्नू ।

आर.पी. काङ्ले २०२५

= *कौटलीय अर्थशास्त्र*मा हेर्नू ।

आर.पी. काङ्ले २०२९

= ई.सं. १९७२ (वि.सं. २०२९) मा वम्बईबाट वम्बईविश्वविद्यालयद्वारा प्रकाशित, आर.पी. काङ्लेको *द कौटिलीय अर्थशास्त्र पार्ट २:*

---

४४. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यहाँ राखिएको छ । प्राचीन ग्रन्थमा चाहिँ रचयिताको नाउँ दिइएको भए पनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार यहाँ राखिएको छ । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:§ ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यान् इङ्लिश् ट्रान्स्लेशन् विद् क्रिट्इक्ल् यान्ड् इक्स्प्ल्यान्एटरि नोट्स् (*कौटलीय अर्थशास्त्र* २ भाग– परीक्षणात्मक र व्याख्यात्मक टिप्पणीहरूसहितको अङ्ग्रेजी उल्था) २ संस्करण।

आर्थर वेनिस [१९५१] २०३९/४०

= ई.सं. १८९४ (वि.सं. १९५१) मा कलकत्ताबाट सुपर्इन्टेन्डन्ट अफ गभ्अर्न्मन्ट प्रिन्ट्इङद्वारा प्रकाशित *इपिग्राफिय इन्डिक* (भारतीय अभिलेख-सङ्ग्रह) २ भागका ३४७-३५८ पृष्ठमा छापिएको, आर्थर वेनिसको *कप्अर्-प्लेट् ग्रान्ट् अफ् वैद्यदेव, किङ् अफ् कामरूप* (कामरूपका राजा वैद्यदेवको ताम्रपत्रमा कुँदिएको दानपत्र)।

इपिग्राफिय इन्डिक्को यो भाग ई.सं. १९८३ (वि.सं. २०३९/४०)मा नयाँ दिल्लीबाट आर्कीअलज्इक्ल सर्भे अफ इन्डिअद्वारा फेरि प्रकाशित।

काशिका

= पाणिनिमा हेर्नू।

काशीप्रसाद जायस्वाल र अनन्तप्रसाद वन्द्योपाध्याय १९८१-८३

= भट्टस्वामीमा हेर्नू।

के.बी. पाठक र के.एन. दीक्षित [१९८२] २०३८/३९

= ई.सं. १९२५ (वि.सं. १९८२) मा कलकत्ताबाट भारतसरकारको सेन्ट्रल पब्लिकेशन ब्रान्चद्वारा प्रकाशित *इपिग्राफिय इन्डिक* १५ भागका ३९-४४ पृष्ठमा छापिएको, के.बी. पाठक र के.एन. दीक्षितको *पूना प्लेट्स् अफ् द वाकाटक क्वीन् प्रभावती गुप्ता : द १३थ् यर्* (वाकाटक रानी प्रभावती गुप्ताका पूनाका [ताम्र]पत्र– तेह्रौं वर्ष)।

इपिग्राफिय इन्डिक्को यो भाग ई.सं. १९८२ (वि.सं. २०३८/३९)मा नयाँ दिल्लीबाट आर्कीअलज्इक्ल सर्भे अफ इन्डिअद्वारा फेरि प्रकाशित।

कौटलीय अर्थशास्त्र

= कौटल्यमा हेर्नू।

कौटल्य *अर्थशास्त्र*

= ई.सं. १९६९ (वि.सं. २०२५) मा बम्बईबाट बम्बईविश्वविद्यालयद्वारा प्रकाशित, आर.पी. काङ्लेको *द कौटिलीय अर्थशास्त्र पार्ट् १: अ क्रिट्इक्ल् एडिशन् विद् अ ग्लस्अरि* (*कौटलीय अर्थशास्त्र* १ भाग, शब्दार्थसूचीसहितको परीक्षणात्मक संस्करण) २ संस्करण।

गेओर्ग ब्यूलर [१९४०] २०४०/४१

= ई.सं. १८८३ (वि.सं १९४०) मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) १२ भागका २३९-२४७ पृष्ठमा छापिएको, गेओर्ग ब्यूलरको *दि इलिचपुर् ग्रान्ट् अफ् प्रवरसेन २ अफ् वाकाटक* (वाकाटकका द्वितीय प्रवरसेनको इलिचपुरको दानपत्र)।

*दि इन्डिअन् यान्टिक्वरि*को यो भाग ई.सं. १९८४ (वि.सं. २०४०/४१)मा दिल्लीबाट स्वाति पब्लिकेशन्जद्वारा फेरि प्रकाशित।

चाणक्यटीका

= प्रभमतिमा हेर्नू।

जान फेथ्फुल फ्लीट [१९४४/४५] २०१९/२०

= ई.सं. १८८८ (वि.सं. १९४४/४५) मा कलकत्ताबाट सुपर्इन्टेन्डन्ट अफ गभ्अर्न्मन्ट प्रिन्ट्इङद्वारा प्रकाशित, जान फेथ्फुल फ्लीटको *इन्स्क्रिप्शन्ज् अफ् दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेशअर्ज्* (शुरूका गुप्त राजाहरू र तिनीहरूका वारिसहरूका अभिलेख) अर्थात् *कोर्पुस् इन्स्क्रिप्टिओनम् इन्डिकारम्* (भारतका अभिलेखको सँगालो) ३ भाग।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ई.सं. १९६३ (वि.सं. २०१९/२०)मा[४५] बनारसबाट इन्डलज्इक्ल बुक हाउसद्वारा फेरि प्रकाशित ।

जान ब्रफ २००९

= ई.सं. १९५३ (वि.सं. २००९) मा केम्ब्रिजबाट यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, जान ब्रफको *दि अर्ली ब्रामन्इक्ल् सिस्टम् अफ् गोत्र यान्ड् प्रवर: अ ट्रान्स्लेशन् अफ् द गोत्र-प्रवर-मञ्जरी अफ् पुरुषोत्तम-पण्डित विद् यान् इन्ट्रडक्शन्* (गोत्र र प्रवरको ब्राह्मणजातीय आद्य पद्धति– पुरुषोत्तम पण्डितको *गोत्रप्रवरमञ्जरी*को उल्था, उपोद्घातसहित)।

जी. हरिहर शास्त्री २०१५

= प्रभमतिमा हेर्नू।

दिनेशराज पन्त २०३१

= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ पूर्णाङ्का २०६-२१३ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *वि.सं. १६९२ देखि वि.सं. १७९६ सम्मका गोरखामा सारिएका ५ वटा पुस्तकका अप्रकाशित पुष्पिकावाक्य*।

दीनेशचन्द्र सरकार [२०१७] २०४३/४४

= ई.सं. १९६० (वि.सं. २०१७)मा दिल्लीबाट म्यान्इजर अफ पब्लिकेशन्जद्वारा प्रकाशित *इपिग्राफिय इन्डिक* ३१ भागका २६७-२६८ पृष्ठमा छापिएको, दीनेशचन्द्र सरकारको *नोट् अन् कुरुद् प्लेट्स् अफ् नरेन्द्र, यर् २४* (नरेन्द्रका कुरुदका वर्ष २४ का [ताम्र]पत्रमा टिप्पणी)।

दीनेशचन्द्र सरकार [२०२०] २०४३/४४

= ई.सं. १९६३ (वि.सं. २०२०)मा प्रकाशित, *इपिग्राफिय इन्डिक* ३३ भागका १५५-१५८ पृष्ठमा छापिएको, दीनेशचन्द्र सरकारको *मल्लार् प्लेट्स् अफ् जयराज, यर् ५* (जयराजका मल्लारका वर्ष ५ का [ताम्र]पत्र))।

इपिग्राफिय इन्डिक्का यी दुवै भाग ई.सं. १९८७ (वि.सं. २०४३/४४)मा नयाँ दिल्लीबाट आर्कीअलज्इक्ल सर्भे अफ इन्डिअद्वारा फेरि प्रकाशित ।

दीनेशचन्द्र सरकार २०२१

= ई.सं. १९६५ (वि.सं. २०२१) मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *सिलेक्ट् इन्स्क्रिप्शन्ज् बेर्इङ् अन् इन्डिअन् हिस्टरि यान्ड् सिभ्इलाइजेशन्* (भारतीय इतिहास र लोकयात्रासँग सम्बद्ध छनौट अभिलेखहरू) १ भाग, २ संस्करण ।

दीनेशचन्द्र सरकार २०२६/२७

= ई.सं. १९७० (वि.सं. २०२६/२७)मा बम्बईबाट भारतीय विद्याभवनद्वारा प्रकाशित, रमेशचन्द्र मजूमदारद्वारा सम्पादित[४६] *द क्ल्यास्इकल् एज्* (सबभन्दा राम्रो समय) अर्थात् *द हिस्टरि यान्ड् कल्चर् अफ् दि इन्डिअन् पीप्ल्* (भारतीय जनताको इतिहास र संस्कृति) ३ भाग, ३ संस्करणका १७७-२२६ पृष्ठमा छापिएको, दीनेशचन्द्र सरकारको *डेक्कन् इन् द गुप्त एज्* (गुप्तकालमा दक्षिणापथ)।

देवदत्त रामकृष्ण भाण्डारकर

= *इपिग्राफिय इन्डिक* १९-२३ भागको परिशिष्ट अर्थात् देवदत्त रामकृष्ण भाण्डारकरको *अ लिस्ट् अफ् दि इन्स्क्रिप्शन्ज् अफ् नर्दर्न् इन्डिअ इन् ब्राह्मी यान्ड् इट्स् डेरिभ्एटिभ् स्क्रिप्ट्स्, फ्रम् अबाउट् २०० ए.सी.* (उत्तरभारतका, ब्राह्मी र यसबाट निस्केका लिपिमा [कुँदिएका], लगभग ई.सं. २०० देखिका अभिलेखको सूची)।

---

४५. ई.सं. १९६३ मा छापिएको यस संस्करणको मिति वि.सं. मा दिँदा नयराज पन्त २०४३:५८१ मा भ्रमवश वि.सं. २०२७ हुन गएको छ।

४६. यसमा सहायक सम्पादक ए.डी. पुसाल्कर र ए.के. मंजूमदार।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो परिशिष्ट ई.सं. १९८३ (वि.सं. २०३९/४०)मा नयाँ दिल्लीबाट आर्कीअलज्इक्ल सर्भे अफ इन्डिअद्वारा फेरि प्रकाशित ।[४७]

धनवज्र वज्राचार्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*।

नयराज पन्त २०३२

= वि.सं. २०३२ मा प्रकाशित *पूर्णिमा* ३३ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ५ महाराजाधिराज वीरेन्द्रविक्रम शाहदेवको राज्याभिषेक*।

नयराज पन्त २०४३[४८]

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *लिच्छविसंवत्को निर्णय*।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा बनारसबाट चौखम्बा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रको *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति *काशिका* – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण ।

प्रतिपदपञ्चिका

= भट्टस्वामीमा हेर्नू।

प्रभमति *चाणक्यटीका*

= ई.सं १९५८ (वि.सं. २०१५) मा मद्रासबाट कुप्पुस्वामी शास्त्री रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *जर्नल् अफ् अर्इएन्टल् रिसर्च्* (प्राच्यान्वेषणको पत्रिका) २६ भागका ७७-२१९ पृष्ठमा छापिएको, जी. हरिहर शास्त्रीको *अर्थशास्त्रव्याख्या चाणक्यटीका भिक्षुप्रभमतिकृता* (*अर्थशास्त्र*को व्याख्या *चाणक्यटीका* – भिक्षु प्रभमतिले बनाएको)।

भट्टस्वामी *प्रतिपदपञ्चिका*

= ई.सं. १९२५-२६ (वि.सं. १९८१-८३) मा पटनाबाट बिहार यान्ड ओरिस्सा रिसर्च ससाइइटिद्वारा प्रकाशित *द जर्नल् अफ् द बिहार् यान्ड् ओरिस्सा रिसर्च् ससाइइटि* (बिहार र उडिसासम्बन्धी अन्वेषणसमितिको पत्रिका) ११-१२ वर्षमा छापिएको, काशीप्रसाद जायस्वाल र अनन्तप्रसाद वन्द्योपाध्यायको *भट्टस्वामिन्'ज् कमेन्टरि अन् कौटिल्य'ज् अर्थ-शास्त्र* (कौटिल्यको *अर्थशास्त्र*मा भट्टस्वामीको टीका)।

महेशराज पन्त २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा म्युनिखबाट एर. ओल्डेन्बुर्ग फेर्लाकद्वारा प्रकाशित, एलीसाबेथ म्यूलर-लुक्नरसँग मिली बेर्न्हार्त कोल्फरले सम्पादन गरेको *रेख्त, स्तात् उन्द् फेर्वल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/द स्टेट् द ल, यान्ड् याङ्मिनिस्ट्रेशन् इन् क्ल्यासिक्ल् इन्डिअ* (भारतवर्षमा राज्य, कानून र शासन)का १५९-१९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिक्स् १५न्थ्– यान्ड् १६थ्– सेन्टचुरइ डीड्ज् फ्रम् तिरहुत् रिकर्ड्इङ् द पर्चेज् अफ् स्लेभ्ज्* ([ई.सं.का] पन्ध्रौं र सोह्रौं शताब्दीका, कमाराहरू किन्दा लेखिएका, तिरहुतका ६ वटा लिखतपत्र) ।

---

४७. यो परिशिष्ट पहिलोपटक कहिले कहाँबाट छापियो भन्ने कुरा यसबाट खुल्दैन तापनि सुज़न एल. हन्टिङ्टन (२०४०:२५४) अनुसार यो ई.सं. १९३२-३८ (वि.सं. १९८९-१९९५)मा कलकत्ताबाट छापिएको हो।

४८. यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* १ भाग।

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मी रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या)।

मोरेश्वर जी. दीक्षित [२०१७] २०४३/४४

= *इपिग्राफिय इन्डिक* ३१ भागका २६३-२६६ पृष्ठमा छापिएको, मोरेश्वर जी. दीक्षितको *कुरुद् प्लेट्स् अफ् नरेन्द्र, यर् २४* (नरेन्द्रका कुरुदका वर्ष् २४ का [ताम्र]पत्र)।

युलियस जोलि र रिख़ार्द श्मिद्त १९७९/८०

= ई.सं. १९२३ (वि.सं. १९७९/८०)मा लाहुरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, युलियस जोलि र रिख़ार्द श्मिद्तको *कौटिलीयम् अर्थशास्त्रम्* (कौटिलीय अर्थशास्त्र) १ भाग।

राखालदास बनर्जी १९७१

= ई.सं. १९१५ (वि.सं. १९७१)मा कलकत्ताबाट एशियाट्इक ससाइइटिद्वारा प्रकाशित *मेम्वार्ज् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* (एशियासमितिले काममा खटाएको मानिसले बङ्गालको बुझाएको लेख) ५ भाग ३ अङ्का ४३-११३ पृष्ठमा छापिएको, राखालदास बनर्जीको *द पालज् अफ् बेन्गल्* (बङ्गालका पाल)।

वामन र जयादित्य *काशिका*

= पाणिनिमा हेर्नू।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*।

श्रीराम गोयल २०४१

= ई.सं. १९८४ (वि.सं. २०४१)मा मेरठबाट कुसुमाञ्जलिप्रकाशनद्वारा प्रकाशित, श्रीराम गोयलको *गुप्तकालीन*[४९] *अभिलख*।

सुज़न एल. हन्टिङ्टन २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०)मा लाइडनबाट ई.जे. ब्रिलद्वारा प्रकाशित, सुज़न एल. हन्टिङ्टनको *द "पाल-सेन" स्कूल्ज् अफ् स्कल्प्चर्* (मूर्तिका पाल-सेन सम्प्रदायहरू)।

हाम्रो वक्तव्य

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ९५-९८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

---

४९. यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धिनरसिंह मल्लका लिखतपत्रमा साक्षीहरू

– महेशराज पन्त

नेवार मल्ल राजाहरूका लेनदेनसम्बन्धी लिखतपत्रमा साक्षी बस्नेहरूको विषयमा परिशीलन गर्दा मात्र पनि त्यस कालको इतिहासमा निकै प्रकाश पर्ने भएकोले आजभोलि म यतातिर पनि तानिएको छु। काठमाडौँका राजा शिवसिंह[1] माणिग्लाधिपति पनि भई काठमाडौँ र पाटन दुवै राज्यमा उनको अधिकार भए पनि उनको शेषपछि काठमाडौँ र पाटनमा अलग अलग राजाले राज गर्दा पाटन राज्यको पहिलो राजा भएका सिद्धिनरसिंह मल्लका लिखतपत्रमा को को साक्षी बसेका रहेछन् भनी यसै सन्दर्भमा खोजी गर्दा आएको परिणाम तल प्रस्तुत छ।

साक्षीका नाउँथरपछि आएका पदवीबाट तिनीहरूको विषयमा विचार गर्न सजिलो पर्ने हुनाले त्यस्तो पदवी पनि यस सूचीमा छुटाइएको छैन। उही पदवीको वर्णविन्यास फरक फरक हुँदा जुनचाहिँ शुद्ध वा मूलरूपको नजीक छ, त्यही यहाँ दिइएको छ। उही मानिसको पदोन्नति भई उसको नाउँको पछाडि बढी पदवी जोडिएको छ भने त्यो पनि यहाँ छुटाइएको छैन। पदवीको पछाडि जोडिएका आदरार्थी जु र स प्रत्यय भने यहाँ छोडिएको छ।

१. **ने.सं. ७४० (वि.सं. १६७६) फाल्गुनपूर्णिमादेखि ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखकृष्णदशमीसम्मका लिखतपत्रमा चैत्र मल्ल कुमर**

१. ने.सं. ७४० (वि.सं. १६७६) फाल्गुनपूर्णिमाको ताडपत्रमा (शङ्करमान राजवंशी २०२५:२३)।[2]
२. ने.सं. ७४१ (वि.सं. १६७७) फाल्गुनकृष्णद्वादशीको ताडपत्रमा (उही २०४०:४४ = २४ सङ्ख्या)।[3]
३. ने.सं. ७४१ (वि.सं. १६७८) आश्विनशुक्लद्वितीयाको ताडपत्रमा (महेशराज पन्त २०५७:१-२ = १ सङ्ख्या)।
४. ने.सं. ७४१ (वि.सं १६७८) आश्विनकृष्णप्रतिपदाको ताडपत्रमा (उही:२-३ = २ सङ्ख्या)।
५. ने.सं. ७४३ (वि.सं. १६८०) आश्विनशुक्लसप्तमीको ताडपत्रमा (उही:३ = ३ सङ्ख्या)।
६. ने.सं. ७४४ (वि.सं. १६८०) मार्गशुक्लद्वादशीको ताडपत्रमा (उही:३-४ = ४ सङ्ख्या)।

---

१. शिवसिंहका कुनै पनि लिखतमा उनको नाउँमा मल्ल जोडिएको छैन। यस विषयमा भिन्नै लेख लेख्नुपरेको छ।
२. आफ्नै विभागको मुखपत्रमा २४ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:१०१)ले फेरि छपाएका छन्। राष्ट्रिय अभिलेखालयबाट छापिएका लेखमा यस्तो हेलचेक्याइँ बग्रेल्ती देखिन्छ।
३. यस ताडपत्रको बायाँपट्टिको केही अंश टुक्रिएर गएकोले यहाँ बिक्री गर्नेको नाउँ छैन। यसको भाषा राजोचित भएकोले र राजा सिद्धिनरसिंह मल्लका लिखतपत्रमा साक्षी बस्ने चैत्र मल्ल नै यहाँ पनि साक्षी बसेकाले यसलाई सिद्धिनरसिंह मल्लको ताडपत्रमा राखिएको हो। यस्तो कुरा नबुझी यस ताडपत्रलाई शङ्करमान राजवंशीले काठमाडौँका ताडपत्रमा लगेर राखिदिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. ने.सं. ७४४ (वि.सं. १६८१) वैशाखकृष्णचतुर्दशीको ताडपत्रमा (शुक्रसागर श्रेष्ठ २०५७:१८८-१८९ = १८३ सङ्ख्या) ।

८. ने.सं. ७४६ (वि.सं. १६८३) आश्विनशुक्लद्वितीयाको ताडपत्रमा (महेशराज पन्त २०५७:४ = ५ सङ्ख्या) ।

९. ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णानवमीको ताडपत्रमा (उही:छापिन बाँकी १ सङ्ख्या) ।

१०. ने.सं. ७४८ (वि.सं. १६८४) पौषशुक्लप्रतिपदाको ताडपत्रमा (उही २०५७:४-५ = ६ सङ्ख्या) ।

११. ने.सं. ७४८ (वि.सं. १६८४) फाल्गुनशुक्लएकादशीको ताडपत्रमा (उही:छापिन बाँकी २ सङ्ख्या) ।

१२. ने.सं. ७५० (वि.सं. १६८६) पौषशुक्लतृतीयाको ताडपत्रमा (उही:छापिन बाँकी ३ सङ्ख्या) ।

१३. ने.सं. ७५१ (वि.सं. १६८७) फाल्गुनकृष्णत्रयोदशीको ताडपत्रमा (शङ्करमान राजवंशी २०२५:२३) ।[४]

१४. ने.सं. ७५१ (वि.सं १६८८) आषाढशुक्लपञ्चमीको ताडपत्रमा (महेशराज पन्त २०५७:५-६ = ७ सङ्ख्या) ।

१५. ने.सं. ७५२ (वि.सं. १६८९) भाद्रकृष्णषष्ठीको ताडपत्रमा (शङ्करमान राजवंशी २०२५:२३-२४) ।[५]

१६. ने.सं. ७५२ (वि.सं. १६८९) भाद्रकृष्णचतुर्दशीको ताडपत्रमा (उही:२४) ।[६]

१७. ने.सं. ७५३ (वि.सं. १६८९) पौषकृष्णएकादशीको ताडपत्रमा (उही:२४) ।[७]

१८. ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखकृष्णदशमीको[८] ताडपत्रमा (महेशराज पन्त २०५७:६ = ८ सङ्ख्या) ।

२. ने.सं. ७५५ (वि.सं. १६९१) वैशाखकृष्णप्रतिपदादेखि[९] ने.सं. ७६७ (वि.सं. १७०४) श्रावणशुक्लचतुर्दशी-सम्मका लिखतपत्रमा श्रीनिवास मल्लदेव ठाकुर

१९. ने.सं. ७५५ (वि.सं. १६९१) वैशाखकृष्णप्रतिपदाको[९] ताडपत्रमा (शङ्करमान राजवंशी २०२५:२४-२५) ।[१०]

२०. ने.सं. ७५७ (वि.सं. १६९३) पौषकृष्णअष्टमीको ताडपत्रमा (महेशराज पन्त २०५७:६-७ = ९ सङ्ख्या) ।

---

४. आफ्नै विभागको मुखपत्रमा २० वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४५:८८-८९)ले फेरि छपाएका छन् । शङ्करमान राजवंशीले कुल मल्ल जुस छपाएकोमा पूर्णरत्न वज्राचार्यले शुद्ध पाठ कुमलजुस दिएका छन् ।

५. आफ्नै विभागको मुखपत्रमा २४ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:१०३))ले फेरि छपाएका छन् । शङ्करमान राजवंशीले शुद्ध पाठ कुमलजुस दिएकोमा पूर्णरत्न वज्राचार्यले कमलजुस पारिदिएका छन् ।

६. आफ्नै विभागको मुखपत्रमा २४ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:१०२)ले फेरि छपाएका छन् । शङ्करमान राजवंशीले शुद्ध पाठ कुमलजुस दिएकोमा पूर्णरत्न वज्राचार्यले कुमलजुल पारिदिएका छन् ।

७. आफ्नै विभागको मुखपत्रमा २४ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:१०४-१०५)ले फेरि छपाएका छन् । शङ्करमान राजवंशीले शुद्ध पाठ कुमलजुस दिएकोमा पूर्णरत्न वज्राचार्यले कमलजुस पारिदिएका छन् ।

८. वि.सं. १६९१ को शुरूको ।

९. वि.सं. १६९१ को अन्त्यको ।

१०. आफ्नै विभागको मुखपत्रमा २० वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४५:८९-९०)ले फेरि छपाएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१. ने.सं. ७५७ (वि.सं. १६९३) माघपूर्णिमाको ताडपत्रमा (शुक्रसागर श्रेष्ठ २०५७:१८९-१९० = १८५ सङ्ख्या) ।
२२. ने.सं. ७५७ (वि.सं. १६९३) माघकृष्णप्रतिपदाको ताडपत्रमा (महेशराज पन्त २०५७:७ = १० सङ्ख्या) ।
२३. ने.सं. ७६० (वि.सं. १६९७) आश्विनकृष्णअष्टमीको ताडपत्रमा (उही:८ = ११ सङ्ख्या) ।
२४. ने.सं. ७६१ (वि.सं. १६९८) नष्टज्येष्ठशुक्लअष्टमीको ताडपत्रमा (उही:८-९ = १२ सङ्ख्या) ।
२५. ने.सं. ७६१ (वि.सं १६९८) नष्टज्येष्ठकृष्णअष्टमीको ताडपत्रमा (उही:९ = १३ सङ्ख्या) ।[11]
२६. ने.सं. ७६३ (वि.सं. १७००) आषाढशुक्लद्वितीयाको ताडपत्रमा (उही:छापिन बाँकी ४ सङ्ख्या) ।
२७. ने.सं ७६५ (वि.सं. १७०२) वैशाखकृष्णचतुर्थीको ताडपत्रमा (उही २०५७:९-१० = १४ सङ्ख्या) ।
२८. ने.सं. ७६६ (वि.सं. १७०२) कार्तिककृष्णद्वादशीको ताडपत्रमा (उही:१० = १५ सङ्ख्या) ।
२९. ने.सं. ७६७ (वि.सं. १७०३) चैत्रशुक्लप्रतिपदाको ताडपत्रमा (उही:११ = १६ सङ्ख्या) ।
३०. ने.सं. ७६७ (वि.सं. १७०४) श्रावणशुक्लचतुर्दशीको ताडपत्रमा (हरिराम जोशी २०४०:३४ = ९ सङ्ख्या) ।

३. ने.सं. ७६८ (वि.सं. १७०४) फाल्गुनशुक्लसप्तमीदेखि ने .सं. ७७० (वि.सं. १७०७) वैशाखकृष्णपञ्चमी-सम्मका लिखतपत्रमा श्रीनिवास मल्लदेव ठाकुर र ज्योतिर्नरसिंह मल्लदेव ठाकुर

३१. ने.सं. ७६८ (वि.सं. १७०४) फाल्गुनशुक्लसप्तमीको ताडपत्रमा (शुक्रसागर श्रेष्ठ २०५७:१९० = १८६ सङ्ख्या) ।
३२. ने.सं. ७६९ (वि.सं. १७०५) कार्तिककृष्णनवमीको ताडपत्रमा (महेशराज पन्त २०५७:११-१२ = १७ सङ्ख्या) ।
३३. ने.सं. ७६९ (वि.सं. १७०५) पौषकृष्णद्वादशीको ताडपत्रमा (उही:१२ = १८ सङ्ख्या) ।
३४. ने.सं. ७७० (वि.सं. १७०७) वैशाखकृष्णपञ्चमीको ताडपत्रमा (उही:१३ = १९ सङ्ख्या) ।

४. ३५. ने.सं. ७७१ (वि.सं. १७०८) आषाढशुक्लत्रयोदशीको ताम्रपत्रमा बहादुर मल्ल कुमर[12] (हरिराम जोशी २०३९:१६) ।

५. ने.सं. ७७१ (वि.सं. १७०८) भाद्रशुक्लप्रतिपदादेखि ने.सं. ७७२ (वि.सं. १७०८) चैत्रकृष्णचतुर्थीसम्मका लिखतपत्रमा श्रीनिवास मल्लदेव ठाकुर र ज्योतिर्नरसिंह मल्लदेव ठाकुर

३६. ने.सं. ७७१ (वि.सं. १७०८) भाद्रशुक्लप्रतिपदाको ताडपत्रमा (महेशराज पन्त २०५७:१३-१४ = २० सङ्ख्या) ।
३७. ने.सं. ७७२ (वि.सं. १७०८) चैत्रकृष्णचतुर्थीको ताडपत्रमा (उही २०५०:२३-२४ = १०६ सङ्ख्या) ।

---

११. यस ताडपत्रको एक अंश टुक्रिएर गएकोले साक्षीको नाउँको श्रीश्रीजयश्रीनिवासम्म मात्र देखिन्छ । तर सिद्धिनरसिंह मल्लका, यस ताडपत्रभन्दा अगाडि र पछाडिका लिखतपत्रमा साक्षीको नाउँ श्रीश्रीजयश्रीनिवास मल्लदेव ठाकुरस लेखिएकोले यसमा पनि श्रीनिवास मल्लको नाउँमा देव ठाकुर जोडिएको हुनुपर्छ भन्ने ठानी श्रीनिवास मल्ल देव ठाकुरस लेखिएका अरू लिखतपत्रसँगै राखिएको हो ।

१२. विसङ्कु (बिसुनुगुं)का प्रयागदास ब्राह्मणलाई आफूले ९० मुरी खेत सङ्कल्प गरी दिएको कुरा राजा सिद्धिनरसिंह मल्लले गरिदिएको यस ताम्रपत्रमा दलाछि (दथलाछे)का हरिशङ्कर बाबु, सौगल (सातीगल)का रामकृष्ण बाबु र लुभु (लुंझु)का क्वाठनायक विश्वराजको नाउँ लिई यिनीहरू पनि दृष्टसाक्षी हुन् भन्ने आशयले यहाँ एत दृष्ट लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. ३८. ने.सं. ७७२ (वि.सं. १७०९) नष्टवैशाखकृष्णद्वादशीको ताडपत्रमा हरिशङ्कर भारो[13] (उही:२४ = १०७ सङ्ख्या) ।

७. ३९. ने.सं. ७७२ (वि.सं. १७०९) वैशाखकृष्णद्वादशीको ताडपत्रमा श्रीनिवास मल्लदेव ठाकुर र ज्योतिर्नरसिंह मल्लदेव ठाकुर (उही:२५ = १०८ सङ्ख्या) ।

८. ने.सं. ७७३ (वि.सं. १७१०) श्रावणशुक्लपञ्चमीदेखि ने.सं. ७७६ (वि.सं. १७१२) माघकृष्णएकादशी सम्मका लिखतपत्रमा श्रीनिवास मल्लदेव ठाकुर

४०. ने.सं. ७७३ (वि.सं. १७१०) श्रावणशुक्लपञ्चमीको ताडपत्रमा (शुक्रसागर श्रेष्ठ २०५७:१९०-१९१ = १८७ सङ्ख्या) ।

४१. ने.सं. ७७६ (वि.सं. १७१२) माघकृष्णएकादशीको ताडपत्रमा (महेशराज पन्त २०५७:१४-१५ = २१ सङ्ख्या) ।

४२. ...[14] भाद्रकृष्णनवमीको ताडपत्रमा (उही:१५-१६ = २३ सङ्ख्या) ।

---

१३. आफ्ना अरू अरू लिखतपत्रमा जस्तो नाउँको पुछारमा मल्ल जोडिएका मानिस साक्षी नराखी दलाछि (दथलाछे)का हरिशङ्कर भारोलाई साक्षी राखी राजा सिद्धिनरसिंह मल्लले गरिदिएको यो लिखतपत्र उनले आफ्नो हकभोगको अंचल सम्पत्ति बिक्री गरी लेखिदिएको नभई द्यौभाजू भाइभाइको पहिल्यै भइसकेको अंशवण्डामा एक भाइले चित्त नबुझाएकाले द्विजवर कृष्णशङ्कर शर्माले आधा घर मात्र आफ्ना भ्रातालाई दिएको कुरा प्रमाणित गर्न कृष्णशङ्कर शर्मालाई लेखी दिएका हुन् । यिनै कृष्णशङ्कर शर्माको घरसँगैको पातालजग्गासँगै जोडिएको आफ्नो हकभोगको सानो टुक्रो जग्गा सिद्धिनरसिंह मल्लले यिनै शर्मालाई आफ्ना दुवै छोरा साक्षी राखी बेच्दा यो पत्र लेखिनुभन्दा १ महीना ८ दिन①अघि गरिदिएको पत्र② पाइएकोले सिद्धिनरसिंह मल्लले कृष्णशङ्कर शर्माको खास विचार राख्ने गरेका थिए भन्ने देखिन आएको छ । यसैले कृष्णशङ्कर शर्माका भाइभाइको अंशवण्डामा आफूले अन्यत्र पनि साक्षी राखेको, दलाछिका एक जना भलादमी③लाई साक्षी राखी राजाले यो पत्र लेखिदिएको देखिन्छ ।

१४ ने.सं. ७७९ (वि.सं १७१५) फाल्गुनशुक्लदशमी④देखिका लिखतपत्रमा श्रीनिवास मल्लको नाउँमा राजपुत्रोचित देव ठाकुरको ठाउँमा राजोचित देव प्रभु ठाकुर जोडिन थालेको देखिएकोले⑤ र यस लिखतपत्रमा भने देव ठाकुर मात्र जोडिएकोले पत्र च्यातिई यसको संवत् लोप भए पनि यो ताडपत्र कमसेकम ने.सं. ७७८ (वि.सं. १७१५) भाद्रकृष्णनवमीको हो भन्न सकिन्छ । त्यसैले यसलाई यस सूचीमा चढेका, ने.सं. ७७६

---

① तिथिको घटबढको हिसाब नराखी सोझै दिनगन्ती गरी माथि १ महीना ८ दिन लेखिएको हो ।

② यही सूचीमा चढेको ३७ सङ्ख्याको पत्र ।

③ माथि १२ सङ्ख्याको टिप्पणी हेर्नू ।

④ महेशराज पन्त २०५८:५५ ।
उही २०४५:१७ ।
तल ४३-४५ सङ्ख्यामा चढेका पत्र ।

⑤ श्रीनिवास मल्लको टकमरी ने.सं. ७८१ मा मात्र भएकोले* यही साल श्रीनिवास मल्ल विधिपूर्वक राजा भएको सङ्केत पाइए पनि ने.सं. ७७८ (वि.सं. १७१५) चैत्रशुक्लनवमीदेखिका अभिलेखमा राजाको रूपमा श्रीनिवास मल्लको मात्र नाउँ

---

* निकोलस जी. रोड्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारो २०४५/४६:३८० नम्बरको टक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. **ने.सं. ७८० (वि.सं. १७१७) नष्टज्येष्ठशुक्लदशमीदेखि ने.सं. ७८१ (वि.सं. १७१८) आषाढशुक्लचतुर्थी-सम्मका ताडपत्रमा श्रीनिवास मल्लदेव प्रभु ठाकुर**

४३. ने.सं. ७८० (वि.सं. १७१७) नष्टज्येष्ठशुक्लदशमीको ताड़पत्रमा (शङ्करमान राजवंशी २०२५:२५) ।[१५]

४४. ने.सं. ७८१ (वि.सं. १७१७) चैत्रशुक्लपञ्चमी[१६]को ताडपत्रमा (उही:२५-२६) ।[१७]

४५. ने.सं. ७८१ (वि.सं. १७१८) आषाढशुक्लचतुर्थीको ताडपत्रमा (महेशराज पन्त २०५७:१५ = २२ सङ्ख्या) ।[१८]

(वि.सं. १७१२) माघकृष्णएकादशीको ताडपत्ⓒभन्दा तल र ने.सं. ७८० (वि.सं. १७१७) नष्टज्येष्ठशुक्लदशमीको ताडपत्ⓒभन्दा अगाडि राखिएको हो । यस कुरामा विचार पुऱ्याउन नसक्दा संवत् गइसकेको यस ताडपत्रलाई सिद्धिनरसिंह मल्लका ताडपत्रमध्ये सबभन्दा पछाडि मैले राखेको थिएँ ।ⓐ

१५. आफ्नै विभागको मुखपत्रमा २४ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:१०५-१०६)ले फेरि छपाएका छन् ।

१६. शङ्करमान राजवंशी (२०२५:२५,२६)ले यसको संवत् वि.सं. १७१८ भनी लेखेका छन् । मेषसङ्क्रान्ति चैत्रशुक्लअष्टमीमा मात्र परेकोले यों ताडपत्र लेखिँदा वि.सं. १७१७ नै थियो । गणना नगरी ने.सं.मा सामान्यतया ९३७ जोड्दा यो गल्ती भएको देखिन्छ । पूर्णरत्न वज्राचार्य (२०४५:९३)ले चाहिँ यसको संवत् वि.सं. १७१७ भनी शुद्ध लेखेका छन् ।

१७. आफ्नै विभागको मुखपत्रमा २० वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४५:९२-९३)ले फेरि छपाएका छन् ।

१८. सिद्धिनरसिंह मल्लको एउटा अर्को लिखतपत्र पनि छ (पूर्णरत्न वज्राचार्य २०४७:१६५) । त्यस ताडपत्रको तल्लो मायिल्लो किनाराको धेरै ठाउँमा र पुच्छार भाग समेत मुसाले काटी टुक्रा खसिसकेको छ (उही:१६६) । त्यसैले त्यस लिखतपत्रमा मिति मात्र होइन कि साक्षी र लेखकको नाउँ पनि लोप भइसकेको छ । मूल ताडपत्र आफैंले हेरी त्यसको अवस्थाको विषयमा आफैंले लेख्दा लेख्दै र जुन ठाउँमा साक्षी र लेखकको नाउँ आउने हो, त्यहीं खण्ड नै चोइटिएर गइसक्दा पनि यस पत्रमा साक्षि र लेखकको समेत नाउँ उल्लेख भएको छैन । यस्तो किसिमको ताडपत्र यहाँ विरलै पाइन्छ भनी त्यस लिखतपत्रका सम्पादक (उही)ले टिप्पणी गरेको देख्दा आश्चर्य लाग्छ ।

आएको★ र काठमाडौंका राजा दाजु लक्ष्मीनरसिंह मल्ल र पाटनका राजा भाइ सिद्धिनरसिंह मल्लले ने.सं. ७४१ (वि.सं. १६७७) माघकृष्णचतुर्दशी (फाल्गुन १५ गते)○को दिन सन्धि गरे☆ जस्तै ती २ भाइका छोरा प्रताप मल्ल र श्रीनिवास मल्लले ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्णपञ्चमीको दिन सन्धि गरेकाले✦ यसैताका श्रीनिवास मल्लले बाबुबाट पूरा राज्याधिकार पाएको अडकल हुन्छ ।

ⓒ माथि ४१ सङ्ख्यामा चढेको पत्र ।

ⓐ तल ४३ सङ्ख्यामा चढेको पत्र ।

ⓐ महेशराज पन्त २०५७:१५-१६ = २३ सङ्ख्या ।

★ डिल्लीमरण रेग्मी २०२३:२७८ ।
जनकलाल वैद्य २०५४:१३-१४ ।

○ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:११२ ।

☆ उही:१ = १ सङ्ख्या ।

✦ गोविन्द टण्डन २०५६:१९५-१९७ = परिशिष्ट भाग, अभिलेख खण्ड (क)को ४० सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

जनकलाल वैद्य २०५४

= वि.सं. २०५४ मा ललितपुरबाट खेलुइता: पिकाक गुथिद्वारा प्रकाशित *खेलुइता:* (तिहारमा बालिने भरीविशेष) १९ अङ्कका १३-१४ पृष्ठमा छापिएको, जनकलाल वैद्यको *यल बुंगद्योयाथाय् यायेमाःगु थिति बिधिया सिजःपौ* (पाटन मछिन्द्रबहालमा गर्नुपर्ने स्थितिरीतिको ताम्रपत्र)।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) २ भाग।

निकोलस जी. रोह्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारो २०४५/४६

= ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्यट्इक ससाइइटिद्वारा प्रकाशित; निकोलस जी. रोह्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारोको *द कइन्एज् अफ् नेपाल्* (नेपालका सिक्का)।

पूर्णरत्न वज्राचार्य २०४५

= वि.सं. २०४५ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ६ पूर्णाङ्कका ८०-९९ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही तमसूक-ताडपत्र*।

पूर्णरत्न वज्राचार्य २०४७

= वि.सं. २०४७ मा प्रकाशित *अभिलेख* ८ पूर्णाङ्कका १५९-१६७ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही तमसूक ताडपत्र*।

पूर्णरत्न वज्राचार्य २०४९

= वि.सं. २०४९ मा प्रकाशित *अभिलेख* १० पूर्णाङ्कका ८७-१२२ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही ताडपत्र-तमसूक*।

महेशराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७५ पूर्णाङ्कका १६-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपाली काँचो कागतमा लेखिएको वि.सं. १७१७ को पाटनको लिखतपत्र*।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०२ पूर्णाङ्कका १-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *पाटनका मल्ल राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ६८ वटा लिखतपत्र (वि.सं. १६७८-१८२३)*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कको ५५ पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्ल दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र* ।

महेशराज पन्त छापिन बाँकी

= *सिद्धिनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ४ वटा लिखतपत्र* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

शङ्करमान राजवंशी २०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ४ संख्याका २३-२६ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू* ।

शङ्करमान राजवंशी २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धि तमसूक ताडपत्र* १ भाग।

शुक्रसागर श्रेष्ठ २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, शुक्रसागर श्रेष्ठको *कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास* ।

हरिराम जोशी २०३९[१९]

= ई.सं. १९८२ (वि.सं. २०३९) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित *रोलम्ब* २ वर्ष ३ अङ्कको नेपाली खण्डको १६ पृष्ठमा छापिएको *इतिहासका कुरा* ।

हरिराम जोशी २०४०[२०]

= ई.सं. १९८४ (वि.सं. २०४०) मा प्रकाशित *रोलम्ब* ४ वर्ष १ अङ्कको नेपाली खण्डका ३२-३४ पृष्ठमा छापिएको *इतिहासको कुरा* ।

---

१९. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहाँ खुलाइएको छैन । यो ताम्रपत्र अहिले जोशी रिसर्च इन्स्टिच्यूटको संग्रहमा सुरक्षित छ भनी त्यहाँ लेखिएकोले र जोशी रिसर्च इन्स्टिच्यूट त्यस पत्रिकाको प्रकाशक भएकोले त्यसका सम्पादक हरिराम जोशीको नाउँ माथि दिइएको हो ।

२०. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो कुरा त्यहाँ खुलाइएको छैन । [...] यहाँ केही ताडपत्र तमसूकहरू प्रस्तुत गरिएका छन् जुन मेरा एक मित्रको संग्रहमा संगृहीत छन् भनी त्यहाँ लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहाँ म भनी जसलाई भनेको हो, तिनी हरिराम जोशी नै हुन् भन्ने ठहऱ्याई उनको नाउँ माथि दिइएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण – अर्को एउटा पत्र

भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्र

– महेशराज पन्त

१. रामजी तेवारी (वि.सं १९७३-२०४०)को हस्ताक्षरमा नेपाली काँचो तर बाक्लो कागतमा यो नकल छ। हाल यो संशोधन-मण्डलको सङ्ग्रहमा छ। पछिल्ला पत्रका शिरमा हुने श्रीः यस नकलको शिरमा पनि रामजी तेवारीकै हस्ताक्षरमा छ। तर त्यो श्रीः मूलको नभई तात्कालिक चलनअनुसार लेख्न शुरू गर्नुभन्दा अगाडि मङ्गलाचरणको रूपमा रामजी तेवारीले अभ्यासवश लेखेको देखिन्छ। यस पत्रमा किटिएका, थरीथरीका जग्गाका क्षेत्रफल र खेतको चारकिल्ला यस नकलको शिरमा लेखिएको श्रीः पछिको खाली ठाउँमा रामजी तेवारीको हस्ताक्षरमा होइन कि अर्कै हस्ताक्षरमा अदालती अक्षरमा लेखिएकोले[1] कुनै मुद्दामामिलामा यस पत्रको उपयोग भएको देखिन्छ।

२. ६० कर्ष बारी (वल), २ कर्ष घडेरी र २ कर्ष डिही गरी जम्मा ६४ कर्ष जग्गा काठमाडौँका राजा भूपालेन्द्र मल्लले १२०० टङ्का लिई ब्राह्मण विद्यापति जोशीलाई बेचेको र ३६ रोपनी खेत (क्षेत्र/बु)चाहिँ तिनै राजाले तिनै जोशीलाई देवघाटमा सङ्कल्प गरी दान दिएको कुरा यस पत्रबाट बुझिन्छ।

३. मूल पत्र केमा लेखिएको थियो भन्ने कुरा यस नकलमा नखुलाइएकोले कहाँबाट यो सारिएको हो भनी म भन्न सक्दिनँ तापनि यिनै राजा भूपालेन्द्र मल्लले यही मितिमा बाहुनलाई जग्गा दान गरी लेखिदिएका अरू ३ वटा दानपत्र ताम्रपत्रमा कुँदिएकाले[2] यो पत्र पनि ताम्रपत्रमै कुँदिएको थियो भन्ने मलाई लाग्छ।

१.

	नदीसीमाहा①	पश्चीं
	ऐ ऐ	उतर.
खे. ३६ .	प्रयातसीमाय	पुर्व
खे. ६० .	ऐ	दर्षीं

{ कर्ष २
घडचारी कष २

२. ४ कर्षको १ रोपनी② हुने भए पनि तात्कालिक लिखतमा जग्गाको परिमाण दिँदा १ थरी जग्गाको नापो रोपनीमा, अर्को थरी जग्गाको नापो कर्षमा दिने चलनअनुसार यस पत्रमा नापो दिइएको छ। यसको कारण खुलाई भिन्नै लेख लेख्नुपरेको छ।

३. दिनेशराज पन्त २०५३ क:३९③ = महेशराज पन्त २०६० ख:३६-३७ मा ३ सङ्ख्या④।⑤

---

① नदीसीवाना लेखेकोमा बानालाई यसरी ~~बन्ना~~ काटी माहा लेखिएको छ।

② शङ्करमान राजवंशी २०२१:३२-३३।

③ यो नकल का.इ. बुबहाल जोरगणेश बस्ने मधुसूदन उपाध्यायले वि.सं. १९९६ श्रावण २० गते पहाडबन्दोवस्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. भूपालेन्द्र मल्लका, यही मितिका, माथि भरखरै चर्चा गरिएका, अरू ३ वटा ताम्रपत्रका विषयवस्तुको पनि यस प्रसङ्गमा चर्चा गर्नुपरेको छ। कुरा के भने सिलामि[४]को ४० रोपनी र काहुले[५]को ९ रोपनी ८ आना

गोविन्द टण्डन २०५६:२१४ = परिशिष्ट भाग, अभिलेख खण्ड (क)को ५५ सङ्ख्या।

महेशराज पन्त २०६० ख:३७-३८ = ४ सङ्ख्या।

४. दुवै थरी नकलमा सिराम छ।[७] नुवाकोट जिल्लामा उत्तर अक्षांश २७° ५८' र पूर्व देशान्तर ८५° २२' मा

बिर्ताफाँटरा चढाएको जाहेरीमा छ। हाल नुवाकोटमालअड्डामा यो छ। यसको शिरमा वीरपुस्तकालयको छाप लगाइएको छ र किनारामा तामापत्रबमोजिम उल्या गरेका दुरुष्ट छ भनि सहिछाप गर्ने पं. चितहर्ष व्रज्राचार्य लेखिएको छ। यस नकलसँगै यसको उल्या पनि छ (दिनेशराज पन्त २०५३ क:३९-४०)।

④ यो नकल गूठीसंस्थानको काठमाडौं भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा परमुक्तेश्वरगूठीमा २६ नं. को पोकामा छ। यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या* के ७८/७ मा भएको छ। यस पत्रको बायाँ किनारामा श्री सकल्बमोजिं नकल् दुरस्त छ भनि सहीछाप् गर्ने पंडीत् गंगादत्त उपाध्याय अधिकारी चाभेल् बज्या* ——— लेखिएको छ। त्यसकै हाराहारीमा बायाँपट्टिको खाली ठाउँमा नकलका अघिल्ला २ पङ्क्तिको सामन्ने तेर्सो पारी नकल् लेखिएको छ। नकलको शिरमा ठिक्कको एउटा गोलो छाप लगाइएको छ। त्यही छापको हाराहारीमा ५ पङ्क्तिमा आयतात्मक रूपमा ठाडो गरी लेखिएको कुरा रीडर प्रिन्टमा त्यति राम्रो नआए पनि चारौं पङ्क्तिका पछिल्ला २ अक्षर छोडी जम्मै पढ्न सकिन्छ–

१. ११ थां फा-
२. छर्चको फर्द
३. बुझाइरा-
४. षेको XX
५. दुरुस्त छ

अन्त्यको अक्षर अर्थात् छ छोप्ने गरी सानो गोलो छाप लगाइएको छ। नकल दिइसकेपछि त्यही सानो छाप र त्यसको ठीक मुनि माथिकै ठिक्कको छाप लगाइएको छ। ठिक्कको छाप २ पटक लगाइएकोमा नकलको शिरमा त्यो छाप स्पष्ट आएको छैन, पुछारमा भने त्यही छाप केही स्पष्ट आएको छ। त्यसको आधारमा छापको सामान्य बयान गर्न सकिन्छ तापनि त्यसम्ग लेखिएका अक्षर राम्ररी पढ्न सकिँदैनन्। त्यस छापमा वृत्ताकार घेराभित्र भएका अक्षरमध्ये सबभन्दा माथि श्री छ, त्यसको तल ३ वटा अक्षर छन् भनी ठम्याउन सकिए पनि ती अक्षर पढ्न गाह्रो छ। त्यसको तल लेखिएका अक्षर त कतिवटा छन् भनेर खुट्टयाउनसम्म पनि सकिँदैन। सानो छाप त दुवै ठाउँमा अस्पष्ट भएकोले वृत्ताकार घेराभित्र अक्षर छ भनेर मात्र चित्त बुझाउनुपर्छ। नकलको पुछारमा ठिक्कको छाप लगाइसकेपछि छापमाथि नै पर्ने गरेर कसैले गरेको सही देखिन्छ तापनि अक्षर भने पढ्न सकिँदैन।

⑦ भिन्नाभिन्नै मानिसले पढेका, यी दुवै पाठ उही ताम्रपत्रका हुन् तापनि यो कुरा लेख्न मैले (महेशराज पन्त २०६० ख:३६-३७) छुटाएको रहेछु।

⑥ दिनेशराज पन्त २०५३ क:३९ मा ६ पङ्क्ति = महेशराज पन्त २०६० ख:३७ मा ६ पङ्क्ति।

---

* यस लेखमा आइन्दा यसको लागि ने.ज.ह.ग्र.सं.प. मात्र लेखिन्छ।

★ संयुक्ताक्षरमा आदिवर्ण भई आउने यस्तो ह्न लाई मैले मूर्धन्य ष पढिआएकोले (उदाहरणको लागि महेशराज पन्त २०६० क:३५ मा १ सङ्ख्याको १ पङ्क्तिमा कृष्ण) यहाँ पनि त्यसै गरी बज्या पढेको हुँ। कृष्ण विष्णुमा प्रायः पुराना लेखमा तालव्य श को प्रयोग गरेर त्यसलाई आधी घ जस्तो बंग जोडेर कृष्ण विष्णु लेखेको हुन्छ भनी ज्ञानमणि नेपाल (२०५५:३)ले लेखेकोमा अहिले मेरो आँखा परेकोले यस विषयमा पुनर्विचार गर्नु आवश्यक छ कि जस्तो लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ चुल) गरी जम्मा ४९$\frac{1}{2}$ रोपनी खेत तथा खोलेगाउँ[५] र सिलामिका डिही र घडेरीसमेत गरी १० कर्ष चौर (खेल), सिम्ले[६]को ३ कर्ष चौर, २ कर्ष डिही र २ कर्ष घडेरी गरी जम्मा १७ कर्ष भूपालेन्द्र मल्लले

सिलामि[①] छ[②] । डिही घडेरी कहाँका हुन् भन्ने कुरा खुलाउँदा दिनेशराज पन्त २०५३ क:३९ मा सिराम्या (११ पङ्क्ति) र महेशराज पन्त २०६० ख:३७ मा सिलाम्या (९ पङ्क्ति) छ । अघिल्लो नकल प्राचीन लिपिमा अभ्यस्त मानिसले[③] र पछिल्लोचाहिँ सामान्य मानिसले[④] सारेकोले तथा पछिल्लोमा अन्त अन्त पनि अशुद्धि देखिएकोले अघिल्लो पाठ ठीक ठहर्छ । सिरामको ठाउँमा यी नकलमा आएको सिराम्या/सिलाम्या विशेषणको रूपमा आएको जस्तो देखिन्छ । अहिले चलनचल्तीको नाउँमा बीचको अक्षर र नभई ल भएकोले र मको ठाउँमा मि भएकोले सिलामि लेख्ने आँट गरेको हुँ ।

५. दुवै थरी नकलमा काहुल्या छ ।[⑤] कबिलास (कपीलास)का एक जना जोशी बाहुनलाई काहुल्याको जग्गा बेची भूपालेन्द्र मल्लले ने.सं. ८५२ (वि.सं. १७८८) फाल्गुनकृष्णएकादशीको दिन गरिदिएको पत्र प्रकाशमा आएको छ ।[⑥] नेपालखाल्डोको चारैतिर बनाउनुपर्ने ७ वटा किल्लामध्ये एउटा काहुल्यामा हुनुपर्छ भनी पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा बोलेका छन् ।[⑦] नुवाकोट जिल्लामा उत्तर अक्षांश २८° ००' र पूर्व देशान्तर ८५° ०८' मा काहुले छ । त्यही जिल्लामा २ वटा काउले छन् । यिनमा पहिलोको उत्तर अक्षांश २७° ५८' र पूर्व देशान्तर ८५° २५', दोस्रोको उत्तर अक्षांश २७° ५७' र पूर्व देशान्तर ८५° २२' छ ।[⑧]

६. दिनेशराज पन्त २०५३ क:३९ मा ख्वराग्राम (४ पङ्क्ति) र महेशराज पन्त २०६० ख:३७ मा खोलागाम (५ पङ्क्ति) छ । डिही र घडेरी कहाँका हुन् भन्ने कुरा खुलाउँदा दिनेशराज पन्त २०५३ क:३९ मा ख्वरागाम्या (११ पङ्क्ति) र महेशराज पन्त २०६० ख:३७ मा ख्वसागाम्या (८-९ पङ्क्ति) छ । यी पाठमा ग्राम/गामको ठाउँमा गाम्या विशेषणको रूपमा आएको जस्तो देखिन्छ । नुवाकोट जिल्लामा उत्तर अक्षांश २७° ५०' र पूर्व देशान्तर ८५° २१' मा खोलेगाउँ छ ।

७. दुवै थरी नकलमा सिमल्या छ ।[⑨] नुवाकोट जिल्लामा २ वटा सिम्ले छन् । यिनमा पहिलोको उत्तर अक्षांश २७° ५६' र पूर्व देशान्तर ८५° १२' र दोस्रोको उत्तर अक्षांश २७° ५०' र पूर्व देशान्तर ८५° १७' छ । धादिङ जिल्लामा पनि उत्तर अक्षांश २७° ५८' र पूर्व देशान्तर ८४° ५३' देखि उत्तर अक्षांश २७° ५३' र पूर्व देशान्तर ८५° ०२' सम्म भएका ६ वटा सिम्ले छन् ।

---

① कुन ठाउँ कुन जिल्लामा पर्छ र त्यसको अक्षांश र देशान्तर कति छ भन्ने कुरा यस लेखमा टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ अनुसारको छ ।

② यही ठाउँ *मेचीदेखि महाकाली* (६०२ मा ४७ सङ्ख्याको पञ्चायत)मा सिलामे ।

③ माथि ३ सङ्ख्याको टिप्पणीमा ① उपटिप्पणी ।

④ उसैमा ④ उपटिप्पणी ।

⑤ दिनेशराज पन्त २०५३ क:३९ मा १०-११ पङ्क्ति = महेशराज पन्त २०६० ख:३७ मा ८ पङ्क्ति ।

⑥ दिनेशराज पन्त २०५३:३७ = ४ सङ्ख्या ।

⑦ नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:३२२ ।

⑧ यीबाहेक उत्तर अक्षांश २७° ५४' र पूर्व देशान्तर ८५° २४' भएको काउले पञ्चायत पनि टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ मा चढेको छ । त्यही इलाकामा पञ्चायत जहाँ रहेको छ, त्यसको भिन्नै अक्षांश र देशान्तर दिएको खण्डमा आइन्दा त्यसको वास्ता यहाँ गरिनेछैन ।

⑨ दिनेशराज पन्त २०५३ क:३९ मा १३ पङ्क्ति = महेशराज पन्त २०६० ख:३७ मा ९ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवघाटमा सङ्कल्प गरी खोलेगाउँका वीरभद्र उपाध्यायलाई दिएको कुरा पहिलो ताम्रपत्रमा;[८] मधन[९]को १५ रोपनी खेत तथा ४७ कर्ष बारी, २ कर्ष घडेरी र २ कर्ष डिही गरी जम्मा ५१ कर्ष भूपालेन्द्र मल्लले देवघाटमा सङ्कल्प गरी मधनकै हीरामणि (मूलमा हेलामणि) उपाध्यायलाई दान दिएको कुरा दोस्रो ताम्रपत्रमा;[१०] फटकशिला[११]को १८ रोपनी खेत तथा २ कर्ष डिही र २ कर्ष घडेरी गरी जम्मा ४ कर्ष भूपालेन्द्र मल्लले गोसाईंकुण्ड (नीलकण्ठ)मा [र] देवघाटमा सङ्कल्प गरी काठमाडौँ मखनटोलका लक्ष्मीपति झालाई दिएको कुरा तेस्रो ताम्रपत्रमा[१२] छ।

५. माथि भरखरै चर्चा गरिएका, भूपालेन्द्र मल्लका ३ ताम्रपत्रको भन्दा यस पत्रको प्रकृति अलि फरक छ। किनभने अघिल्ला ती ३ पत्र पूरापूर दानपत्र हुन् र अहिले यहाँ प्रकाश गर्न लागेकोचाहिँ फार्सेपत्र र दानपत्रको संयुक्त रूप हो भन्ने यतिसम्मका कुराबाट स्पष्ट भइसकेको छ।

फार्सेपत्र र दानपत्रको संयुक्त रूपको यो पत्र अपवाद नभई यस्तो खालका अरू ताम्रपत्र पनि भएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ। खुलाएर भन्दा भूपालेन्द्र मल्लका छोरा भास्कर मल्लका उत्तराधिकारी, राजा जगज्जय मल्लले थली(?)[१३]को ५ रोपनी २ कर्ष जग्गा ९३ टङ्कामा नरदेवी (?) (ङत)का जीवधन

८. दिनेशराज पन्त २०५३ क:३९ = महेशराज पन्त २०६० ख:३६-३७।

९. काभ्रेपलाञ्चोक जिल्लामा उत्तर अक्षांश २७° ३२' र पूर्व देशान्तर ८५° ४८' मा मदन छ। त्यही जिल्लामै उत्तर अक्षांश २७° ४१' र पूर्व देशान्तर ८५° ३७' मा मण्डन छ। यिनै राजा भूपालेन्द्र मल्लले मंधनका एक जना उपाध्याय बाहुनसँग① र यिनका छोरा भास्कर मल्लले मन्धनका एक जना जोशी② बाहुनसँग③ जग्गाको कारोबार गरेका लिखतपत्र पाइएका छन्। अहिले मण्डन भनिने ठाउँ नै ती २ ताम्रपत्रका मंधन/मन्धन हुनुपर्छ। यस ताम्रपत्रमा दुवैपटक (४ र ५ पङ्क्ति) मधनमा अनुस्वार नभएकोले यो ठाउँ आजभोलिको मण्डन नभई मदन हो कि जस्तो लाग्छ।

१०. गोविन्द टण्डन २०५६:२१४।④

११. सिन्धुपाल्चोक जिल्लामा उत्तर अक्षांश २७° ४६' र पूर्व देशान्तर ८५° ३४' मा फटकशिला छ।

१२. महेशराज पन्त २०६० ख:३७-३८।

१३. सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले देखेको छैन। नयनाथ पौडेल र मोहनप्रसाद खनाल (२०३२:

① मोहनप्रसाद खनाल २०२८:३८ = २० संख्या।

② मूल ताम्रपत्रमा जौशि (४ पङ्क्ति)।

③ देवीप्रसाद भण्डारी २०५८:३८-३९।

④ देवघातस ् संकल्प याङ (मूलको ८ पङ्क्ति)को अर्थ देवघाटलाई संकल्प गरी भनी गोविन्द टण्डन (२०५६:२१५)ले गरेका छन्। सप्तम्यन्त देवघातसको अर्थ देवघाटलाई कसरी भयो उनी नै जानून्। त्यसमाथि उनले गरेको अर्थ सकार्दा सङ्कल्प गरी दानीय देवघाटलाई दान दिएको भन्ने अर्थ आउँछ भनी भनिरहनुपर्दैन। यही गल्ती उनले अन्यत्र पनि गरेका छन्।*

* ने.सं. ८१८ (वि.सं. १७५५) श्रावणपूर्णिमाको ताम्रपत्रको श्री ३ नीलकण्ठस सकल्प याङ (मूलका ८-९ पङ्क्ति)को अर्थ पनि गोविन्द टण्डन (२०५६:२१२)ले श्री ३ नीलकण्ठलाई संकल्प गरी भनी लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जैसीलाई बेची घोडाको दानाको लागि मासको मोल तिरेको र ३२ रोपनी खेतचाहिँ तिनैलाई कुशबिर्ता दिएको कुरा ने.सं. ८४९ (वि.सं. १७८५) माघशुक्लत्रयोदशीको ताम्रपत्र[१४]बाट र तिनै जगज्जय मल्लले जनैपूर्णिमाको दिन तलेजुको दक्षिणढोकामा सङ्कल्प गरी काठमाडौँ यट्खा (एंताषा) टोलका गङ्गाधर उभ्कालाई नुवाकोटको ३७ रोपनी खेत कुशबिर्ता दिएको तथा २ कर्ष डिही र २ कर्ष घडेरी तिनैलाई १५५ रुपियाँमा बेची राँगोको मोल तिरेको कुरा ने.सं. ८४९ (वि.सं. १७८६) आश्विनशुक्लतृतीयाको ताम्रपत्र[१५]बाट बुझ्किन्छ ।

फार्सेपत्र र दानपत्रको संयुक्त रूपका यी ३ वटै पत्रमा ठूलो क्षेत्रफलको जग्गा जुन बाहुनलाई दान दिएको हो, तिनै बाहुनलाई सानो क्षेत्रफलको जग्गाको लागि चाहिँ पैसा तिराएको देखिएको छ भनी भनिरहनु-पर्दैन तापनि कुन रीतिअनुसार यस्तो कारोबार भएको हो भन्ने प्रश्नको उत्तर दिन भने म समर्थ छैन ।

६. भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको एउटा ताम्रपत्र[१६]बाट मात्र होइन, त्यसभन्दा २० महीनाअगाडिका अर्का २ वटा ताम्रपत्रबाट पनि उनले गोसाईंकुण्ड (नीलकण्ठ)को यात्रा गरेको थाहा हुन्छ। कुरा के भने गोसाईंकुण्डमा सङ्कल्प गरी काठमाडौँ यट्खा (यन्ताखा) टोलका नारायण झ्कालाई २३ रोपनी खेत २ कर्ष घडेरी[१७] र [राजपुतानाको] वून्दी (?) (बुंदिन)[१८]बाट आई त्यही टोलमा

---

१५ = मूलको ६ पङ्क्ति)ले खेत भएको ठाउँको नाउँमा थूली व्यांसिय राश्या बू क्षेत्र नाम संज्ञकं भनी छपाएकाले थली ब्यासिया भन्ने पाठ शुद्ध हो कि भन्ने ठानी माथि थली लेख्ने आँट गरेको हुँ ।

१४. नयनाथ पौडेल र मोहनप्रसाद खनाल २०३२:१५-१६ = ५ सङ्ख्या ।
महेशराज पन्त २०६४:११२ मा ३४ सङ्ख्याको टिप्पणी ।

१५. महेशराज पन्त २०५५:३८-३९ = ८ सङ्ख्या ।

१६. उही २०६० क:३७-३८ ।

१७. महेशराज पन्त २०५५:३७-३८ = ७ सङ्ख्या ।
स्थानस्य① पश्चिमदिशि प्रदेशे ं यिबुचोरिक्वक्षेत्रनामसंज्ञकं (मूलका ४-५ पङ्क्ति) भनी खेत दिएको ठाउँको नाउँ र सख्वालहिति फुस घल्यालि वल② (मूलका ६-७ पङ्क्ति) भनी घडेरीको लागि दिएको; वारी भएको ठाउँको नाउँ त्यस ताम्रपत्रमा दिइएको छ । यी दुवै ठाउँ कहाँ पर्छन्, मलाई थाहा छैन ।
भूपालेन्द्र मल्लकै यस ताम्रपत्रभन्दा ठीक ७ महीनाअगाडिको अर्को ताम्रपत्रमा पनि सख्वालहितिको चर्चा आएको कुराको सम्झना मलाई यस प्रसङ्गमा भएको छ । खुलाएर भन्दा गोदावरी नदीको तीरमा रहेको रामगिरिबाट आई काठमाडौँ मखनटोलमा बसोबास गरेका राम भट्टलाई स्थानको पश्चिमदिशामा रहेको, सख्वालहितिको २३ रोपनी खेत र त्यस खेतको उत्तरमा २ कर्ष बारी③ घडेरीको लागि भूपालेन्द्र मल्लले सङ्कल्प गरीकन दान दिई ने.सं. ८१८ (वि.सं. १७५४) पौषपूर्णिमाको दिन ताम्रपत्र गरिदिएका थिए ।④
राम भट्टलाई दान दिएको खेत र नारायण झ्कालाई दान दिएको घडेरी सख्वालहितिका भएकाले यी जग्गाको नजीकै हिति (धारा) थियो र त्यो इलाका त्यही धाराको नाउँले प्रख्यात थियो भन्ने बुझ्किन्छ ।

---

① स्थानको अर्थको विषयमा यही लेखमा तल § १४ मा अलिकति लेखिएको छ ।

② वल हुनुपर्नेमा महेशराज पन्त २०५५:३८ मा भ्रमवश बल छापिएको छ ।

③ वल हुनुपर्नेमा महेशराज पन्त २०५५:३७ मा मूलको ८ पङ्क्तिमा भ्रमवश बल छापिएको छ ।

④ उही ३७ = ६ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस वेला हामीहरूलाई किंडोलविहारमा लग्ने गरिन्थ्यो । त्यहाँ धारा नभएकोले हामीहरू साख्वाःहितिमा आएर पानी लिन आउने गर्थ्यौं । अनि त्यहींको बाँसको बोक्रा जम्मा गरी लग्ने गर्थ्यौं । विहारमा त्यही बाली भात पकाएर भोजन गराउने गर्थ्यौं[1] भनी ८१ वर्षकी एक जना साल्मिनी (हेरादेवी मानन्धर)ले आफ्नो विषयमा बताउँदा भनेकीले स्वयम्भूको नजीकै रहेको किंडोलविहारभन्दा साख्वाःहिति त्यति पर नभएको देखिन्छ । शब्दशः अर्थ गर्दा ताम्रपत्रको सख्वालहितिको अर्थ चून[ले पोतेको] धारा र अहिले चलेको साख्वाःहितिको अर्थ गाईको मुख [भएको] धारा भए पनि ताम्रपत्रको सख्वालहिति साख्वाःहिति हुन पुगेको त होइन । त्यसो हो भने सख्वालहिति स्वयम्भूको आसपास कहीं हुनुपर्छ ।[2]

१८. यस ताम्रपत्रमा यस्तो

> [...] श्रीश्रीजयभूपालेन्द्रमल्लपरमभट्टारकदेवानां सदा समलविजयीनां प्रभु ठाकुलसन श्रीमत्कान्तिपुरमहा-नगरे \ श्रीयम्बुभूमौ यन्ताखाटोरके \ पाघलि रं यन्ताछे \ बुंदिनन वंयाओ चोङ विप्रश्रीजीवरामशुक्लनाम्ने संप्रदत्त
>
> (मूलका ३-५ पङ्क्ति)

लेखिएको देखेर यस ताम्रपत्रको माइक्रोफिल्म गर्नको लागि तयार गरिएको कार्ड (ने.ज.ह.ग्र.सं.प. पीएन् ३/२८) मा वि.सं. २०५५ आश्विन १२ गते मैले यस्तो

> दिस् ल्यान्ड् ग्रान्ट् वज् इक्स्इक्यूट्इड् इन् नीलकण्ठ (गोसाइँकुण्ड) । द ग्रान्ट्इ वज् यान् आउट्साइड्अर् ह्याट् द्याट् टाइम् स्टेइड् इन् यन्ताखा (यट्खा) टोल् इन् काठ्मान्डू यान्ड् पार्टिस्इपेट्इड् इन् द फङ्शन् अफ् द रइअल् बर्थ्डे । – नोट् द ग्रान्ट्इ'ज् प्यामिलि नेम् ।
>
> (यो भूमिदान नीलकण्ठ (गोसाइँकुण्ड)मा गरिएको थियो । दान थाप्ने एक जना परदेशी थिए । उनी त्यस समयमा काठमाडौंको यट्खाटोलमा बस्ये र राजाको जन्मोत्सवमा उनी सम्मिलित थिए । दान थाप्नेको थरमा आँखा लाउनू ।)

लेखेकोले मूलको बुंदिननको अर्थ जन्मोत्सव भनी गरेको र वयाओको अर्थ छोडिदिएको स्पष्ट छ ।

यसपछि यस ताम्रपत्रको मूलपाठ मात्र मैले (महेशराज पन्त २०५५ खः३८ = १ सङ्ख्या) छपाएँ । यसको लगत्तै जसो गोविन्द टण्डन (२०५६:२१२ = परिशिष्ट भाग, अभिलेख खण्ड कको ५३ सङ्ख्या)ले यस ताम्रपत्रको मूलपाठ र उल्था छपाए ।[3] माथि उद्धरण गरिएको अंशको उल्था त्यहाँ यस्तो

---

① अबले जिमित किण्डोल विहारय् ब्वना यंकीगु । अन हिति मदुगुलिं जिपिं साख्वाःहितिइ वयाः लः काः वयेगु अले अन हे च्वंगु पंया ख्वला मुना यंकेगु । विहारय् ब हे च्याकाः जा पुयाः भोजन याकेगु ।

(सुनिता मानन्धर २०६४:३)

② किंडोलविहार रहेको डाँडाको तल पूर्व मोडमा छाउनी हस्पिटल सडकमा एउटा गहिरी धारा पुरिएको छ । त्यस ठाउँमा अहिले छाप्रे चियापसल खोलिएको छ । त्यसको अगाडि भेनछेन फुनछोक धारयेलिङ घ्याङ छ । त्यस घ्याङमा बाँसको घारी पनि छ । पुरिएको त्यस धाराको उत्तरपट्टि त्यही सडकमा अर्को गहिरी धारा छ । अहिले चालू अवस्थामा त त्यो छैन, भरखरै जसो जीर्णोद्धार गरिएको जस्तो देखिने त्यस गहिरी धारामा धाराबाहेक अरू सबै यथावत् छ । पानी आउने डूँड झिकेर त्यहाँ राखिएको छ र त्यहीं रहेको कुवाबाट पानी उबाउने काम चलिरहेछ । त्यही धारामा हातमा शङ्ख समाएको एउटा पुरुषमूर्ति पनि छ । (वि.सं. २०६४।९।२१।७ मा देविचन्द्र श्रेष्ठसँग सख्वालहिति खोज्न जाँदा देखिएको ।) दोस्रो धारा साख्वाःहिति हो भनी त्यहींतिरको एक जना बूढो ज्यापूले भन्यो भनी देविचन्द्र श्रेष्ठबाट पछि खबर आएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।

③ उनले छपाएको पाठ ठाउँठाउँमा मूल ताम्रपत्रअनुसारको छैन भन्ने कुरा मूल (ने.ज.ह.ग्र.सं.प. पीएन् ३/२८) सँग दाँजेर हेर्दा स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बसेका [गुजराती] ब्राह्मण जीवराम शुक्लाई गोकर्णदेखि पूर्वपट्टिको[१९] १४ रोपनी खेत[२०] दान दिएको कुरा

[...] श्रीजयभूपालेन्द्र मल्ल परम भट्टारक देवको सदासमर विजयी होस् प्रभु ठाकुरले श्रीकान्तिपुरमहा-नगरमा श्री यम्बुभूमिमा यन्ताखाटोल पाघलिबाट यन्ताछेमा बसेका ब्राह्मण श्रीजीवराम शुक्लको नाममा दिइएको [...]

भएकोले मूलको बुंदिनन बयाओको अर्थ उनले छोडेका छन् भनी भनिरहनुपर्दैन ।

वि.सं. २०६० आषाढ ५ गतेदेखि ८ गतेसम्म लाइप्जिगमा नेपालसम्बन्धी सभा हुँदा **काठमाडौंखाल्डो र वरपर राज्य गर्ने, नेवारीभाषी राजाहरूका प्रजा ब्राह्मणहरूका थरीथरीका वर्ग** भन्ने शीर्षकमा मैले बोलेको थिएँ ।[①] अहिले भरखरै माथि चर्चा गरिएको ताम्रपत्रमा ती जीवराम शुक्लाई गोकर्णमा दान दिएको जग्गाको उत्तरपट्टिको साँध खुलाउँदा **श्रीरंगनाथजानिकस्य क्षेत्रेन दक्षिणतो** (मूलको ८ पङ्क्ति) लेखिएको छ । शुक्ल बाहुनको जग्गाको सँधियारको रूपमा यस ताम्रपत्रमा नाउँ काढिएका श्रीरंगनाथजानिकको नाउँको अन्त्यमा आएको क रूप चलाउन सजिलोको लागि जानिमा जोडिएको क प्रत्यय हो, जानि थर भएका बाहुन मूलतः गुजराती हुन्[②] भन्ने ठहऱ्याए पनि शुक्लाई मधेस (प्लेन्ज्)बाट आएका भनी काम चलाएको थिएँ, तर जीवराम शुक्लको नाउँ अगाडि आएको बुंदिनन वंयाओ चोङको अर्थको विषयमा केही बोलेको थिइनँ ।

यन्ताखाटोरके ` पाघलिरं यन्ताछे ` बुंदिनन वंयाओ चोङ विप्रश्रीजीवरामशुक्लनाम्ने यस वाक्यांशको शब्दशः अर्थ **यन्ताखा (यट्खा)टोलमा पाघलि बाटो[को] उत्तरपट्टिको घरमा बुंदिनबाट आई बसेका बाहुन श्रीजीवराम शुक्ल नाउँ** भएकालाई भन्ने मलाई अहिले मात्र स्पष्ट भएको छ ।

शुक्ल बाहुन खास गरी उत्तर प्रदेश, विहार र गुजरातमा हुन्छन् ।[③] बुंदिन भन्ने ठाउँ कहाँ छ भन्ने कुरा मलाई थाहा नभए पनि राजस्थानको पूर्वदक्षिण भागमा उत्तर अक्षांश २५° ४४' र पूर्व देशान्तरमा ७५° ६४' मा रहेको बून्दी शहर[④]को सम्झना यस प्रसङ्गमा हुन्छ । चौधौं शताब्दी निगल्दो बून्दी राज्य खडा भयो र भारत अङ्ग्रेजी शासनबाट स्वतन्त्र नभएसम्म भिन्नै राज्यको रूपमा अङ्ग्रेजको अधीनमै भए पनि यो रहयो । त्यहाँका राजा चौहानवंशका २४ शाखामध्ये १ हाडा रजपूत थिए ।[⑤] राजस्थानको छिमेकमा गुजरात भएकोले गुजरातबाट आई शुक्ल बाहुनहरूले बून्दीमा बसोबास गरेको हुनु असम्भव छैन । यस कारण यस ताम्रपत्रको बुंदिन आजभोलिको बून्दी हुनु धेरै सम्भव छ । हाम्रो ताम्रपत्र जुन समयको हो, बून्दीका त्यहीताकाका अभिलेखमा बून्दी कसरी लेखिन्थ्यो भन्ने अन्वेषण पनि यस प्रसङ्गमा गर्नु आवश्यक छ ।

१९. मूलमा **गोकर्ण्ण वन्ता चिनापाक्वद्वरक्षेत्रनामसंज्ञकं**[⑥] (६-७ पङ्क्ति) भएकोमा गोविन्द टण्डनले **गोकर्ण्ण वंन्ता चिरापाक्वद्वरक्षेत्रनानसंज्ञकं** पढेका छन् र **गोकर्ण्ण वन्ताको अर्थ गोकर्णको पश्चिम** भनी गरेका छन् ।

२०. महेशराज पन्त २०५५ ख:३८ ।

① यसको विषयवस्तु महेशराज पन्त २०६० मा छ ।

② उदाहरणको लागि http://www.gayatridham.org हेर्नू ।

③ उदाहरणको लागि http://www.en.wikipedia.org/wiki/shukla हेर्नू ।

④ अक्षांश र देशान्तर http://www.en.wikipedia.org/wiki/bundi अनुसारको हो ।

⑤ वास्तव घटना र दन्त्यकथा घोलमेल गरी लेखिएको, बून्दीको वि.सं. १८७८ सम्मको इतिहासको लागि जेम्ज़ टाड [१८८९] २०३९/४०:३५५-४०८ हेर्नू । बून्दीका राजाहरू र तिनीहरूको राज्यभोगवर्षको लागि सुखवीरसिंह गहलोत २०२४:१६०-१६१ र डेभिड हेनिग २०६०/६१:३९-४० हेर्नू । अघिल्लो पुस्तकमा १ जना राजाको नाउँ बढी छ र ती २ पुस्तकमा कहीं कहीं राज्यभोगवर्ष फरक छ । पछिल्लो पुस्तकमा अघिल्लोको चर्चा छैन ।

⑥ ने.ज.ह.ग्र.सं.प. पीएन् ३/२८ = महेशराज पन्त २०५५ ख:३८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८१८ (वि.सं. १७५५) श्रावणपूर्णिमाका ती २ ताम्रपत्रमा छ।

७. ने.सं. ८१४ (वि.सं. १७५१) श्रावणशुक्लसप्तमी (श्रावण १९ गते)देखि १५ दिन लगाएर राजा भूपालेन्द्र मल्ल र राजमाता ऋद्धिलक्ष्मीले गोसाईंकुण्ड (**श्री ३ नीरकण्ठ**)को तीर्थयात्रा गरेको कुरा एउटा ठ्यासफूमा टिपिएको छ।[२१]

८. गोसाईंकुण्डको र देवघाटको माहात्म्य सँगै गाइने भएकोले[२२] र गोसाईंकुण्डनजीकैको सरस्वतीकुण्डबाट निस्केकी त्रिशूली[२३] र कालीगण्डकीसमेत सप्तगण्डकीको सङ्गम देवघाट भएकोले तथा उही मितिका २ वटा ताम्रपत्र[२४]बाट गोसाईंकुण्डमा (**श्री ३ नीलकण्ठस**) २ जना बाहुनलाई, त्यसभन्दा २० महीनापछिका ३ वटा ताम्रपत्र[२५]बाट देवघाटमा (**देवघातस**) ३ जना बाहुनलाई र तिनै ३ वटा ताम्रपत्रमा जुन मिति छ त्यही मितिको अर्को ताम्रपत्र[२६]बाट गोसाईंकुण्डमा [र] देवघाटमा (**श्री ३ नीलकंठस देवघातस**) राजा भूपालेन्द्र मल्लले एक जना बाहुनलाई सङ्कल्प गरी जग्गा दान दिएको बुझिएकोले गोसाईंकुण्डको र देवघाटको तीर्थयात्रा भूपालेन्द्र मल्लले एकैपटक गरेको जस्तो देखिन गएको छ।[२७]

९. राजा भूपालेन्द्र मल्लले गोसाईंकुण्डमा भूमिदान गरेको कुराका निस्सा ने.सं. ८१८ (वि.सं. १७५५) श्रावणपूर्णिमाका २ वटा र ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको एउटा गरी ३ वटा ताम्रपत्र तथा उनले देवघाटमा भूमिदान गरेको निस्सा ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाका ४ वटा ताम्रपत्र[२८] भएकाले देवघाटको यात्राको विषयमा ठ्यासफूमा केही नलेखिए पनि ने.सं. ८१४ (वि.सं. १७५१)

२१. नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२८:१२५७।
२२. *हिमवत्खण्ड* ४४ अध्याय।
२३. हर्क गुरुङ २०३६:२६९ = हरिप्रसाद सिटौला र प्रेम सुब्बा २०६४:२१५।
२४. महेशराज पन्त २०५५:३७-३८।
उही क:३८।
२५. दिनेशराज पन्त २०५३ क:३९ = महेशराज पन्त २०६० ख:३६-३७।
गोविन्द टण्डन २०५६:२१४।
अहिले यहाँ प्रकाश गर्न लागेको पत्र।①
२६. महेशराज पन्त २०६० ख:३७-३८।
२७. पृथ्वीनारायण शाहका मामा, पाल्पाली राजकुमार देउघाट हुँदै नीलकण्ठ (गोसाईंकुण्ड) गएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ।②
२८. यी ४ वटा पत्रमध्ये एउटा केमा लेखिएको थियो भन्ने थाहा नभए पनि त्यो पनि ताम्रपत्रमै कुँदिएको हुनुपर्छ भन्ने तर्कको लागि माथि यही लेखको § ३ हेर्नू।

① यो पत्र केमा लेखिएको थियो भन्ने थाहा नभए पनि अरू पत्र जस्तै यो पनि ताम्रपत्रमै कुँदिएको हुनुपर्छ भन्ने तर्कको लागि माथि यही लेखको § ३ हेर्नू।
② नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:३१७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रावणमा तीर्थयात्रा गर्दा नै उनले यी भूमिदान गरेको हुनु धेरै सम्भव छ । यसो हो भने तीर्थयात्रामा गरेको भूमिदानको निस्सा २ जनालाई ४ वर्षपछि र ४ जनालाई ५ वर्ष ८ महीनापछि मात्र दिएको देखिन गएको छ ।

१०. बाहुनलाई भूमिदान अघिबाट गरी त्यसको निस्सा पछि दिएको उदाहरण मल्लकालमा मैले नभेट्टाए पनि शाह राजाहरूले भूमिदान अघिबाट गरी त्यसको निस्सा महीनौँ वा वर्षौँपछि गरिदिएका जति भने पनि उदाहरण पाइन्छन् ।[२९]

राजा भूपालेन्द्र मल्लका छोरा राजा महीन्द्र सिंह (भास्कर मल्ल)ले जग्गा बेची ने.सं. ८३५ (वि.सं. १७७१) फाल्गुनशुक्लद्वादशीको दिन ताडपत्र गरिदिएको[३०] र राजा भास्कर मल्ल (महीन्द्र सिंह)ले त्यसको निपर्सि[३१] त्यही जग्गाको लागि ताम्रपत्र गरिदिएको[३२] देखिएकोले कतै गोसाईंकुण्ड र देवघाटमा भूपालेन्द्र मल्लले गरेका भूमिदानका निस्सा त्यसैताका ताडपत्रमा गरिदिएको र ताडपत्रको दाँजोमा ताम्रपत्र बढी अड्ने हुनाले ताडपत्रमा लेखिएको कुरा पछि ताम्रपत्रमा कुँदिएको हो कि भन्ने तर्क पनि गर्न नसकिने होइन[३३] ।

---

२९. शाहकालका अभिलेखको एउटा सँगालो① पल्टाउँदा राजा वा राजपरिवारले बाहुनलाई भूमिदान गरी निस्सा घटीमा ३ महीनामा② र बढीमा झण्डै १७ वर्षमा③ ताम्रपत्र गरिदिएका ९ वटा④ उदाहरण भेट्टाइए ।

३०. शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* २ ।

३१. यो ताम्रपत्र ने.सं. ८३५ (वि.सं. १७७१) फाल्गुनपूर्णिमाको भएकोले तिथि घटबढ भएको भए पनि त्यसको हिसाब नराखी सोझै गनी माथि **निपर्सि** लेखिएको हो ।

३२. शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* ३ ।

३३. क्रिस्तान धर्म फैलाउन आएका कापुचिन पादरीहरूलाई नेपालखाल्डोका तीनै शहरका राजाहरूले घर बकस दिएका थिए । तिनमा भक्तपुरका राजा रणजित् मल्लको बकसपत्र ताडपत्रमा लेखिएका⑤ र काठमाडौँका राजा जयप्रकाश मल्लको⑥ र उनका भाइ, पाटनका राजा राज्यप्रकाश मल्लको⑦ बकसपत्र भने ताम्रपत्रमा कुँदिएका थिए । ताडपत्र गरी दिएको बकस बकस दिनेको ज्यूताभर मात्र भोग गर्न पाइने र ताम्रपत्र

---

① धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७ ।

② उही:२७३-२७५ = ७६ संख्या ।*

③ उही:३१२-३१३ = ८६ संख्या ।★

④ बाँकी ७ वटा उदाहरणको लागि उही:३३०-३३१ = ९४ संख्या, ३३७-३३८ = ९७ संख्या, ३४०-३४१ = ९८ संख्या, ४१६-४१८ = १२१ संख्य संख्या, ४७७-४७८ = १३९ संख्या, ४७९-४८० = १४० संख्या ।

⑤ लूछ्याह्रो पेतेक २००९/१०:२१९-२२० = फुल्जेन्तिउस भान्निनि २०३३:४३ ।

⑥ लूछ्याह्रो पेतेक २००९/१०:२२३-२२५ = फुल्जेन्तिउस भान्निनि २०३३ ५६-५८ ।

⑦ लूछ्याह्रो पेतेक २००९/१०:२२९-२३० = फुल्जेन्तिउस भान्निनि २०३३ ५९-६० ।

---

* राजाले बाहुनलाई भूमिदान गरेको अढाइ महीनामा ताम्रपत्र गरिदिएको उदाहरणको लागि पुष्कर लोहनी २०६४:४३-४५ हेर्नू ।

★ राजाले बाहुनलाइ भूमिदान गरेको २० वर्ष ५ महीनापछि ताम्रपत्र गरिदिएको उदाहरणको लागि दिनेशराज पन्त २०२४ ख:३९८-४०२ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाहुनलाई गरेको भूमिदानको निस्सा अधिबाट लालमोहरमा र पछि ताम्रपत्रमा गरिदिएका उदाहरण शाहकालमा पाइएकाले पनि हाम्रो तर्कमा बल मिल्न गएको छ ।[३४] ताडपत्रमा लेखेर दिएको, जग्गाको निस्सा आगोमा परेकोले त्यसैको नयाँ निस्सा पछि ताम्रपत्रमा कुँदेर दिएको उदाहरण छैटौँ शताब्दीमै पाइएको कुराको पनि यस प्रसङ्गमा सम्झना हुन्छ ।[३५]

११. तीर्थयात्राको माहात्म्य शास्त्रमा गाइएकोले[३६] र भूमिदान शास्त्रानुसार अतिदान[३७] वा

गरी दिएको बकसचाहिँ सधैँभरिको लागि हुने भन्ने अर्थ ती पादरीहरूले लगाएको भन्ने कुरा तिनीहरूको लेखवाट बुझिन्छ ।① तर हामीले भरखरै माथि देखाएं जस्तै, जग्गा बेची गरिदिएको निस्सा अधिबाट ताडपत्रमा लेखिएको र ताडपत्र लेखिएको चारौँ दिनमा त्यही जग्गाको निस्सा ताम्रपत्रमा गरिदिएकोले पादरीहरूले लगाएको अर्थ चिन्त्य छ ।

३४. अन्यत्र प्रकाशित दानपत्र सरसरी हेर्दा राजाले बाहुनलाई दान गरी दिएको जग्गाको निस्सा घटीमा झण्डै १६ महीनामा लालमोहरमा,② लालमोहर गरेको १७ महीनामा त्यही भूमिदानको निस्सा ताम्रपत्रमा③ र वढीमा १७ वर्ष ३ महीनामा लालमोहरमा,④ लालमोहर गरेको ४ वर्ष २ महीनामा त्यही भूमिदानको निस्सा ताम्रपत्रमा गरिदिएको⑤ देखिएको छ ।⑥

३५. महेशराज पन्त २०६४ क ।

३६. तीर्थयात्राको विषयमा पाण्डुरङ्ग वामन काणे २०३०:५५२-५८४ हेर्नू ।
तीर्थयात्राको विषयमा जति पुस्तक लेखिएका छन्, त्यति पुस्तक धर्मशास्त्रसम्वन्धी कुनै अर्को विषयमा लेखिएका छैनन् होला भनी धर्मशास्त्रका महनीय ऐतिहासिक पाण्डुरङ्ग वामन काणे (उही:५८१) ले लेखेको कुरा यस प्रसङ्गमा सम्झनुपर्छ ।

३७. उदाहरणको लागि

---

① फुल्जेनतिउस भान्निनि २०३३:४४ ।

② दिनेशराज पन्त २०२४ क:१६२-१६५ ।

③ उही:२०२४ ख:३९८-४०२ ।

④ उही २०२४:४७-४८ ।

⑤ उही:२०२४ ख:३९५-३९७ ।★

⑥ यी दानपत्र छाप्दा तत्तत्स्थानमा तात्कालिक पात्राको उद्धरण गरिएकोले यिनको सौरमानअनुसारको मिति पनि थाहा हुन गएको छ । यसैले लालमोहर र दानपत्रको बीचको समयको अन्तर माथिको टिप्पणीमा छोटकरीमा देखाउनुपरेकोले कहीं चान्द्रमान र कहीं सौरमानको अवलम्बन गरिएको छ ।

★ राजाले बाहुनलाई दान गरी दिएको घरजग्गाको निस्सास्वरूप झण्डै २१ वर्ष ५ महीनापछिको ताम्रपत्र छ (दिनेशराज पन्त २०२४ख:३९५-३९७) । तर दान गरेको १७ वर्ष ३ महीनामा जग्गाको मात्र उल्लेख गरी लालमोहर (उही २०२४:४७-४८) गरिदिएको र त्यो लालमोहर गरेको ४ वर्ष २ महीनामा घर र जग्गा दुवैको उल्लेख गरी सो ताम्रपत्र (उही २०२४ ख: ३९५-३९७) गरिदिएको देखिएकोले [...] शासकहरू आफ्ना मानिसलाई केही दिनुपऱ्यो भने आफूले झट्ट दिएको जस्तो नदेखाई अघिअघि भएका घटनासँग त्यसलाई जोड्न पुगदथे कि भन्ने देखिन्छ (उही:३९७) भनी दिनेशराज पन्तले तर्क गरेको यस प्रसङ्गमा सम्झनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महादान[३८]मा गनिएकोले त्यसैअनुसार राजा भूपालेन्द्र मल्लले पनि गोसाईंकुण्ड र देवघाटको तीर्थयात्रा गरेका र ठूलो पुण्यलाभ गर्न त्यस तीर्थयात्रामा जम्माजम्मी १५५$\frac{१}{२}$ रोपनी[३९] र ७४ कर्ष[४०] जग्गा ६ जना बाहुनलाई दान गरी दिएको ती ६ वटा ताम्रपत्रबाट देखिएको छ ।

१२. तर यी भूमिदान पाउनेमा १ जना पनि नेवार मल्ल राजाहरूका गुरुपरोहित खलकका अर्थात् द्यौभाजू

त्रीण्याहुरतिदानानि गावः पृथ्वी सरस्वती ।
अतिदानं हि दानानां विद्यादानं ततोऽधिकम् ॥१९॥

(*वसिष्ठधर्मसूत्र* २९ अध्याय । यो श्लोक पाण्डुरङ्ग वामन काणे (२०३०/३१:८४८ मा २००२ सङ्ख्याको टिप्पणी)ले उद्धरण गरेका छन् ।)

(तीन– गाईहरू, जग्गा र विद्या– अतिदान हुन् भन्छन् । किनभने दानमध्ये अतिदान [ठूलो] हो । त्यसभन्दा बढी विद्यादान हो ।)

३८. उदाहरणको लागि

कनकाश्वतिला नागा दासीरथगृहीगृहाः ॥२३॥
कन्या च कपिला धेनुर्महादानानि वै दश ।

(*अग्निपुराण* २०९ अध्याय । यो श्लोक पाण्डुरङ्ग वामन काणे (२०३०/३१:८६९ मा २०३७ सङ्ख्याको टिप्पणी)ले उद्धरण गरेका छन् ।)

(सुन, घोडा, तिल, हात्ती, दासी, रथ, जग्गा, घर, कन्या र कैली गाई [यी] १० महादान हुन् ।)

३९. महेशराज पन्त २०५५:३७-३८ बाट		२३	रोपनी
उही क:३८ बाट		१४	रोपनी
दिनेशराज पन्त २०५३ क:३९			
= महेशराज पन्त २०६० ख:३६-३७ बाट	४०+९ रोपनी $\frac{१}{२}$ =	४९$\frac{१}{२}$	रोपनी
गोविन्द टण्डन २०५६:२१४ बाट		१५	रोपनी
महेशराज पन्त २०६० ख:३७-३८ बाट		१८	रोपनी
अहिले छापिन लागेको ताम्रपत्रबाट		३६	रोपनी
		१५५$\frac{१}{२}$	रोपनी

४०. महेशराज पन्त २०५५:३७-३८ बाट		२	कर्ष
दिनेशराज पन्त २०५३ क:३९			
= महेशराज पन्त २०६० ख:३६-३७ बाट	१०+३+२+२ =	१७	कर्ष
गोविन्द टण्डन २०५६:२१४ बाट	४७+२+२ =	५१	कर्ष
महेशराज पन्त २०६० ख:३७-३८ बाट	२+२ =	४	कर्ष
		७४ कर्ष①	

---

① ३६ रोपनी खेत दान गरेर र ६० कर्ष बारी, २ कर्ष घडेरी र २ कर्ष डिही गरी जम्मा ६४ कर्षचाहिँ १२०० टङ्का लिएर राजा भूपालेन्द्र मल्लले विद्यापति जोशीलाई दिएको भनी अहिले छापिन लागेको पत्रमा लेखिएकोले बिक्री गरेको जग्गा जतिचाहिँ यहाँ गाभिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाहुन नपरी ३ जना पर्वते[४१] र ३ जना मधिसे[४२] बाहुनलाई यी भूमिदान गरेको देख्दा शास्त्रानुसार तीर्थमा दान लिनु गर्ह्य भएकोले[४३] नै आफ्ना गुरुपुरोहितलाई दान नदिई बाहिरिया बाहुनलाई दान दिएको हुनुपर्छ ।

४१. घौभाजूहरूको थरको रूपमा उपाध्याय लेखिएको देखिए पनि① देवघाटमा भूपालेन्द्र मल्लले तीर्थयात्रा गर्दा भूमिदान पाउने वीरभद्र उपाध्याय② र हीरामणि उपाध्याय③को नाउँको अगाडि घौभाजूहरूको नाउँको अगाडि सामान्यतया आउने द्विजवरश्रीको ठाउँमा खालि श्री मात्र जोडिएकोले र यी २ उपाध्यायमध्ये अघिल्ला पश्चिम पहाड नुवाकोट जिल्लाको खोलेगाउँका र पछिल्लाचाहिँ पूर्व पहाड काभ्रेपलाञ्चोक जिल्लाको मदनका भएकाले तथा घौभाजूहरूको पहाडतिर बसोबास नभएकोले यी उपाध्यायहरू पर्वते बाहुन हुन् भन्ने कुरामा शङ्का उठाउन गाह्रो छ । देवघाटमा भूपालेन्द्र मल्लले तीर्थयात्रा गर्दा त्यसै गरी भूमिदान पाउने विद्यापति जोशी④को वतन मलाई स्पष्ट नभए पनि⑤ यिनको नाउँमा पनि द्विजवर नजोडिएकोले र नेवारहरूमा बाहुन जोशी नहुने हुनाले⑥ यिनी पनि पर्वते बाहुन नै हुन् भनी भन्न नसकिने होइन ।

४२. २ जना दानीय बाहुनको थर झा भनी दानपत्रमा स्पष्टै लेखिएको छ ।⑦ तीमध्ये अघिल्ला यट्खाटोलका र पछिल्ला मखनटोलका बासिन्दा भए पनि घौभाजूहरूको जस्तो झाहरूको दक्षिणतिर सम्पर्क टुटिनसकेको र यिनीहरू मूलतः मिथिलाका भएकाले यिनीहरूलाई मधिसे बाहुन मैले भनेको हुँ । यसै गरी राजस्थानको बूँदीबाट आई यट्खामा बसोबास गरेका शुक्ल बाहुन⑧लाई मधिसे नभन्ने कुरै भएन ।

४३. उदाहरणको लागि

मात्स्ये

तीर्थे न प्रतिगृह्णीयात् पुण्येष्वायतनेषु च ।
निमित्तेषु च सर्वेषु चाप्रमत्तो भवेन्नरः ॥
यस्तीर्थे प्रतिगृह्णाति पुण्येष्वायतनेषु च ॥
निमित्तेषु च सर्वेषु क्षेत्रेषु च तथैव च ।
निष्फलं तस्य तत् तीर्थं यावत् तद् धनमश्नुते ॥

(*तीर्थप्रकाश* ८९ पृष्ठ)

(*मत्स्यपुराणमा–*

तीर्थमा र पुण्यस्थलहरूमा दान नलिनू । सबै निमित्तहरू (सङ्क्रान्ति र ग्रहण आदि)⑨मा मानिस अप्रमत्त हुनू ।

① उदाहरणको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:४९ = ५ सङ्ख्यामा मूलको १६ पङ्क्ति ।
② दिनेशराज पन्त २०५३ क:३९ = महेशराज पन्त २०६० ख: ३६-३७ ।
③ गोविन्द टण्डन २०५६:२१४ ।
④ अहिले छाप्न लागेको पत्र ।
⑤ तल § १४ हेर्नू ।
⑥ महेशराज पन्त छापिन बाँकी ।
⑦ उही २०५५:३७-३८ ।
उही २०६० ख:३७-३८ ।
⑧ माथि १८ सङ्ख्याको टिप्पणी ।
⑨ माथिका श्लोकको उद्धरण गरिसकेपछि *तीर्थप्रकाश*मा निमित्तेषु सङ्क्रान्तिग्रहणादिषु भनी निमित्तको अर्थ गरिएकोले त्यसैको अनुसरण मैले गरेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३. जग्गा पाउने ब्राह्मणको वतन खुलाउँदा यस पत्रमा **अम्बलख्वगल** र तिनले कुन ठाउँको जग्गा पाएको भनी लेख्दा **अम्बलख्वदार** लेखिए पनि ती दुवै नाउँ मूलतः एउटै देखिन्छन् । बाहुनको वतन र जग्गाको नाउँ अलिकति फरक भएर हो कि पाठ पढ्दा गल्ती भएकोले हो, यहाँ सानो अन्तर देखिएको छ । यो ठाउँ नक्शामा नचढेकोले र यस ठाउँको नाउँ मैले नसुनेकोले ठाउँ पत्ता लाउन सकिएन ।

१४. यो जग्गा कहाँ पर्छ भन्ने खुलाउन यस्ता खालका अरू लिखतपत्रमा भए जस्तै यस लिखतपत्रमा पनि **स्थानस्य वायव्यदिशि प्रदेशे अम्बलख्वदारबुक्षत्रनामसंज्ञकं** भन्ने वाक्यांश छ । यसको शब्दार्थ **ठाउँदेखि वायव्य दिशा** अर्थात् उत्तर-पश्चिम कोणमा **अम्बलख्वदार खेत** भन्ने **नाउँ** भएको हुन्छ भनी भनिरहनुपर्दैन । स्यानको शब्दार्थ **ठाउँ** भए पनि यस्तो सन्दर्भ आउँदा कुन ठाउँलाई स्थान भन्ने गरेको हो भन्ने विषयमा विचार गर्नुपरेको छ ।

केही नव्य भारतीय आर्यभाषामा **स्थान** शब्दका अपभ्रष्ट रूपले **घर** वा **बस्ने ठाउँ** बुझाउँछन् भनी भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषका कर्ता राल्फ लिली टर्नर (२०२३:१३७५३ शब्द-सङ्ख्या) भन्छन् ।[४४] यही **स्थानबाट** बनेको **थाना** शब्दले केही कालको लागि खडा गरिएको किल्ला

तीर्थमा, पुण्यस्थलहरूमा, सबै निमित्तहरूमा तथा त्यसै गरी क्षेत्रहरूमा जो दान लिन्छ [र] जबसम्म त्यस धनको भोग गर्छ; त्यसको त्यो तीर्थ निष्फल हुन्छ ।)

पाद्मे

यस्तु लौल्याद् द्विजः क्षेत्रे प्रतिग्रहरुचिर्भवेत् ।
नैव तस्य परो लोको नायं लोको दुरात्मनः ॥
महादानानि ये विप्रा गृह्णन्ति ज्ञानदुर्बलाः ।
वृक्षास्ते द्विजरूपेण जायन्ते ब्रह्मराक्षसाः ॥
न वेदबलमाश्रित्य प्रतिग्रहरुचिर्भवेत् । [...]

(*तीर्थप्रकाश* ८९-९० पृष्ठबाट)

(*पद्मपुराण*मा–
जो बाहुन लोभले क्षेत्रमा दान लिन इच्छा गर्छ, त्यस दुरात्माको परलोक पनि छैन इहलोक पनि छैन ।
ज्ञानमा कमजोर जुन बाहुनहरू महादान लिन्छन्, बाहुनको रूपले खुट्टिएका तिनीहरू रूख र ब्रह्मराक्षस भई जन्मन्छन् ।①
वेदको बलको आड लिएर दान लिनमा इच्छा नगर्नू ।[...])

४४. उदाहरणको लागि असमियामा थानले प्लेस् अफ् रेज्इडन्स्, उडियामा ठणाले रेज्इडन्स्, काश्मीरीमा थानले डेलिङ् प्लेस्, दरद भाषा पशाईको लौडोवानी बोलीमा थानले होम्, दरद भाषा तिराहीमा थानले हाउस् बुझाउँछ ।

---

① *पद्मपुराण*बाट *तीर्थप्रकाश*मा उद्धरण गरिएको दोस्रो श्लोकका तेस्रो र चौथो पाउको अर्थ द्विजरूपेण विशिष्टास्ते वृक्षा ब्रह्मराक्षसाश्च भवन्तीत्यर्थः । द्विजरूपिणो ब्रह्मराक्षसा एव ते वृक्षा भवन्तीति वार्थः अर्थात् बाहुनको रूपले खुट्टिएका तिनीहरू रूख र ब्रह्मराक्षस हुन्छन् भन्ने अर्थ हो अथवा बाहुनको रूपका ती ब्रह्मराक्षस नै रूख हुन्छन् भन्ने अर्थ हो भनी *तीर्थप्रकाश*मा लेखिएकोले त्यस श्लोकार्धको अर्थ गर्दा मैले *तीर्थप्रकाश*मा दिइएको पहिलो अर्थको अनुसरण गरेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुझाउँथ्यो[४५] भन्ने कुरा हामीलाई थाहा छ । केही नव्य भारतीय आर्यभाषामा **ठाणा/ठाणॅं/ठाना/थाणा/थाणुँ/थाणो/थानाले पुलीस स्टेशन** बुझाउँदैछन् भन्ने कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।[४६]

माथि चर्चा गरिएका, भूपालेन्द्र मल्लको ने.सं. ८२० का ४ वटा ताम्रपत्रमध्ये एउटा ताम्रपत्र नै यस विषयमा विचार गर्नको लागि लिऊँ । त्यहाँ **स्थानस्य पूर्व्वदिशि प्रदेशे ं मधनसरबुक्षरबुक्षत्रनामसंज्ञकं**[४७] (मूलको ५ पङ्क्ति) लेखिएकोले **मधन** भन्ने ठाउँ स्थानदेखि पूर्वपट्टि पर्छ भन्ने स्पष्ट हुन्छ । यहाँ नाउँ काढिएको **मधन** हालको **मदन** वा **मण्डन** जे भए पनि हाल काभ्रेपलाञ्चोक जिल्लामा पर्ने त्यो ठाउँ काठमाडौँबाट पूर्वपट्टि पर्ने र **स्थान** शब्दले वासस्थल पनि बुझाउने हुनाले यस सन्दर्भमा राजा भूपालेन्द्र मल्लको वासस्थल अर्थात् राजधानी काठमाडौँ बुझाएको देखिन आएको छ । भ्वाट्ट हेर्दा यो मिल्न आए पनि यस विषयमा बढी विचार गर्नु जरूरी छ ।

दान दिएको जग्गा कहाँ पर्छ भन्ने जनाउन जग्गा भएको ठाउँको नाउँ दिनुभन्दा अगाडि राजा प्रताप मल्लको एउटा दानपत्रमा **स्थानस्य पश्चिमदिशि प्रदेशे**[४८] (मूलको २ पङ्क्ति) भनी लेखिएको छ र त्यो जग्गा हाल काभ्रेपलाञ्चोक जिल्लामा पर्ने, कानपुर (उत्तर अक्षांश २७° ३२′ र पूर्व देशान्तर ८५° ४१′)मा भएको त्यही ताम्रपत्रबाट खुल्छ[४९] । त्यस स्थानबाट कानपुर पश्चिमपट्टि पर्छ भन्ने कुरा त्यस ताम्रपत्रबाट बुझिएकोले कानपुरको पूर्वपट्टि त्यो **स्थान** थियो भन्ने अर्थ यताबाट आउँछ । प्रताप मल्लको राजधानी काठमाडौँबाट कानपुर पूर्वपट्टि पर्ने हुनाले भूपालेन्द्र मल्लको, माथि चर्चा गरिएको ताम्रपत्रमा जस्तै गरी

---

४५. उदाहरणको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:५२-५३ = ९ सङ्ख्या हेर्नू ।

४६. राल्फ लिली टर्नर (२०२३:१३७५३ शब्दसङ्ख्या)अनुसार असमिया, बङ्गाली र हिन्दीमा **थानाले**; कुमाउनीमा **थाणोले**; गुजरातीमा **थाणुँले**; पञ्जाबीमा **ठाणा र थाणाले**; मराठीमा **ठाणॅंले पुलीस् स्टेशन्** तथा उडियामा **ठाणाले सेन्टिनल्'ज् पोस्ट्** बुझाउँछ ।
नेपालीमा पुलीस स्टेशनको अर्थमा **ठाना/थाना** शब्द चलेको लेख्न आफ्नो भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषमा राल्फ लिली टर्नरले छुटाए पनि यसभन्दा ३६ वर्षअगाडि छापिएको, उनको नेपाली भाषाको कोषमा **ठाना र थाना** शब्द चढेका छन् ।① राल्फ लिली टर्नरको भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषमा गरिएको परिवर्धन र संशोधन (जे.सी. राइट २०३१/३२)मा पनि नेपालीका **ठाना र थाना** चढेका छैनन् ।

४७. ने.ज.ह.ग्र.सं.प. पीएन् ३/२७ । गोविन्द टण्डन २०५६:२१४ मा **स्थानस्य पूर्व्वदिशिप्रदेशे मधनसरंवुक्षखु क्षत्रनामसंज्ञक** छापिएको छ ।

४८. महेशराज पन्त २०६४:१०५ ।

४९. उही:१०४-१०५ ।

---

① राल्फ लिली टर्नर १९८७:ठाना र थाना हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थानको अर्थ गर्दा यहाँ पटक्क मिल्दैन भनी भनिरहनुपर्दैन । यस कारण स्थानले राजधानी होइन कि शासन चलाउन खडा गरिएको स्थानीय अड्डा बुझाउँथ्यो भन्ने देखिन आएको छ । यस कारण त्यस्तो अड्डादेखि अम्बलख्वदार वायव्य (उत्तर-पश्चिम कोण)मा भएको कुरा र त्यसैको आधारमा अम्बलख्वदारबाट स्थान आग्नेय (दक्षिण-पूर्व कोण)मा थियो भन्ने बुझिए पनि यसबाट ठाउँ चिन्न हामीलाई मदत पुग्दैन ।

१५. रामजी तेवारीले सारेअनुसार नै यस पत्रको पाठ तल दिइएको छ तापनि त्यस पाठमा अघिल्लो पङ्क्तिमा कुनै पदका पूरा वर्ण नअटाउँदा त्यसपछिको पङ्क्तिमा गएको अवस्थामा अघिल्लो पङ्क्तिको अन्त्यमा यस्तो - चिह्न दिई ती २ अंशलाई जोड्ने काम यहाँ गरिएको छ ।

मूलपाठ

१. स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधुलिधुसरितशिरोरुह । ममन्मानेश्वरी[५०]ष्टदेवता । वरलब्धप्रसाद-

२. देदीप्यमानमानोन्नत । श्रीरघुवंशावताररविकुलतिलक । हनुमतध्वजनेपालेश्वरमहाराजाधिराज-

३. राजराजेन्द्रसकलराजचक्राधीश्वरश्रीश्रीजयभूपालेन्द्रमल्लपरमभट्टारकदेवानां सदा समरविजयी-

४. नाम् प्रभु ठाकुलसन अम्बलख्वगलभूमौ गृहवास्तव्यश्रीविद्यापतिजोशिनाम्ने संप्रदत्तम् ॥ स्थानस्य

५. वायव्यदिशि प्रदेशे अम्बलख्वदारबुक्षत्रनामसंज्ञकं नदिसिमाया पश्चिमतो उत्तरतश्च प्रपातसिमा-

६. [५१]या पूर्वतो दक्षिणतश्च तेसां मध्ये खटत्रिशतिरोपविकं क्षत्राकटोपि बु रो ३६ भुय क्षरभुवाटिकानाम यथा-

७. चात्राघातमध्ये षष्ठीवाटिकाकेतोपि बल कर्ष ६० कर्ष २ घल्यालि कर्ष २ देहि मूल भूपाले-

८. न्द्रमल्ली टका १२०० दुकास्य बिज्याङाब बाकि लक्व बु देवघातस संकल्प याङ प्रसन्न जुया ॥ अत्र

९. पत्रार्थे दृष्टसाक्षि श्रीश्रीजयभास्कर मल्लदेवस ॥ संवत् ८२० चैत्रशुदि १५ शुभम् ॥

---

५०. श्रीमन्मानेश्वरी° हुनुपर्नेमा सार्दा श्रीको ठाउँमा भ्रमवश म लेख्न पुगेको जस्तो देखिन्छ ।

५१. भूपालेन्द्र मल्लको यही पत्रमा साक्षी बसेका उनका छोरा तथा उत्तराधिकारीको नाउँ यहाँ मूल पत्रमा लगाइएको छापबाट उतारिएको हुनुपर्छ । आफ्नो पत्रमा साक्षी राखिएका, आफ्ना उत्तराधिकारीको छाप त्यही पत्रमा लगाइएको एउटा उदाहरण यस प्रसङ्गमा म सम्झन पुगेको छु । कुरा के भने महीन्द्रसिंह (भास्कर मल्ल)को ने.सं. ८३९ (वि.सं. १७७६) भाद्रशुक्लपञ्चमीको ताम्रपत्रमा छाप त्यही पत्रमा साक्षी बसेका उनका उत्तराधिकारी जगज्जय मल्लको छ (महेशराज पन्त २०५५ क) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका[५२]

अग्निपुराण

= वि.सं. २०२३ मा बनारसबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, बलदेव उपाध्यायको *अग्निपुराणम्– श्रीमन्महर्षिकृष्णद्वैपायनव्यासप्रणीतम्* (*अग्निपुराण* – श्रीमान्, ठूला ऋषि कृष्ण द्वैपायन व्यासले बनाएको)।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

जेम्ज़ टाड [१८८९] २०३९/४०

= ई.सं. १८३२ (वि.सं. १८८९) मा लन्डनबाट रूट्लेज़ यान्ड केगन पलद्वारा प्रकाशित, जेम्ज़ टाडको *यान्अल्ज् यान्ड् यान्टिक्विटिज् अफ् राजस्थान्, अर् द सेन्ट्रल् यान्ड् वेस्टर्न् राज्पूद् स्टेट्स् अफ् इन्डिअ* (राजस्थानका इतिवृत्त र पुरावस्तु अर्थात् भारतका मध्य र पश्चिमी रजपूतराज्यहरू) २ भाग।

ई.सं. १९८३ (वि.सं. २०३९/४०) मा नयाँ दिल्लीबाट एम: एन. पब्लिशर्जद्वारा फेरि प्रकाशित।

जे.सी. राइट २०३१/३२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा लन्डनबाट लन्डनविश्वविद्यालयको स्कूल अफ अर्इएन्टल यान्ड् याफ्रिकन स्टड्इजबाट प्रकाशित, जे.सी. राइटको *अ कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्इअन् ल्याङ्गिवज्इज्, आर्. एल्. टर्नर्। अड्ेन्ड यान्ड् करेक्शेन्ड्स* (राल्फ लिली टर्नरको भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषमा परिवर्धन र संशोधन)।

ज्ञानमणि नेपाल २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *उदयानन्दरचित वेतालपचीसी*।

टप्अग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्याप्इङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्राफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) २ भाग।

डेभिड हेनिग २०६०/६१

= ई.सं. २००४ (वि.सं. २०६०/६१) मा ब्याङ्ककबाट अर्किड प्रेसद्वारा प्रकाशित, डेभिड हेनिगको *प्रिन्स्ली स्टेट्स् अफ् इन्डिअ: अ गाइड् टु क्रोनल्अजि यान्ड् रूलर्ज्* (भारतका रजौटे राज्य– कालनिर्णय र शासकहरूको विषयमा निर्देशक)।

---

५२. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। ऋषिमुनिको नाउँमा दर्ता भएका ग्रन्थको हकमा ऋषिमुनिहरूको नाउँ नराखी ग्रन्थनाम वर्णक्रमअनुसार यहाँ राखिएको छ। कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यहाँ राखिएको छ। प्राचीन ग्रन्थमा चाहिँ रचयिताको नाउँ दिइएको भए पनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार यहाँ राखिएको छ। प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७§ ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण यहाँ गरिएको छ। गूठीअड्डाको कागज, माइक्रोफिल्म र इन्टर्नेटबाट उपयोग गरिएका सामग्रीको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीर्थप्रकाश

= मित्र मिश्रमा हेर्नू।

दिनेशराज पन्त २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १३ पूर्णाङ्कका ४२-५० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार*।

दिनेशराज पन्त २०२४ क

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका १५६-१६९ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे (वि.सं. १८४३-८९)*।

दिनेशराज पन्त २०२४ ख

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ३९४-४१४ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे (वि.सं. १८४३-८९)*।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ३३-३८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *काठमाडौं र पाटनका राजाका, वि.सं. १७५५ देखि १७९३ सम्मका पाँचवटा अप्रकाशित पत्र*।

दिनेशराज पन्त २०५३ क

= *पूर्णिमा* ८९ पूर्णाङ्कका ३९-४० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *भूपालेन्द्र मल्लले वीरभद्र उपाध्यायको नाममा गरिदिएको अप्रकाशित ताम्रपत्र*।

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र*।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७

= वि.सं. २०३७ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *शाहकालका अभिलेख*।

नयनाथ पौडेल र मोहनप्रसाद खनाल २०३२

= वि.सं. २०३२ मा काठमाडौंबाट नयनाथ पौडेल र मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनीहरूकै *अभिलेख-माला*।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, १-४०० पृष्ठ।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२८

= वि.सं. २०२८ मा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, १२०१-१३५१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाण्डुरङ्ग वामन काणे २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र* (धर्मशास्त्रको इतिहास) ४ खण्ड, २ संस्करण।

पाण्डुरङ्ग वामन काणे २०३०/३१

= ई.सं. १९७४ (वि.सं. २०३०/३१) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र* २ खण्ड, २ भाग, २ संस्करण।

पुष्कर लोहनी

= वि.सं. २०६४ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठानद्वारा प्रकाशित, पुष्कर लोहनीको *भट्ट–मोतीराम भट्ट*।

फुल्जेन्तिउस भान्निनि २०३३

= ई.सं. १९७७ (वि.सं. २०३३) मा नयाँ दिल्लीबाट प्रकाशित, फुल्जेन्तिउस भान्निनिको *क्रिस्चन् सेट्ल्मन्ट्स् इन् नेपाल् डचूरङ् दि एटीन्थ् सेन्चुरइ* ([ईसवीको] अठाह्रौँ शताब्दीमा नेपालमा क्रिस्तान बस्तीहरू)।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्धवटा ताम्रपत्र*।

महेशराज पन्त २०५५ क

= *पूर्णिमा* ९५ पूर्णाङ्कको ४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्रसिंह [भास्कर मल्ल] ले जग्गा दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५५ ख

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९६ पूर्णाङ्कका ३८-३९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा ताम्रपत्र*।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप' ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०६०

= ई.सं. २००३ (वि.सं. २०६०) मा लाइप्जिगविश्वविद्यालयको भारत र मध्य एसियासम्बन्धी विद्या पढिने संस्थाद्वारा प्रकाशित *नेपाल्–कर्अन्द् स्टेट् अफ् रिसर्च् एन्ड् पर्स्पेक्टिभ्ज्: इन् मिमोर्इअम् प्रोफेस्अर् बेर्नहार्त् कोल्फर् कन्फरेन्स्, १९.-२२. जून् २००३* (नेपाल[सम्बन्धी] अन्वेषण र पर्यालोक्यहरूको चालू अवस्था– प्रोफेसर बेर्नहार्त कोल्फरको सम्झनामा वि.सं. २०६० आषाढ ५ देखि ८ गतेसम्म भएको सभा)का १७-१८ पृष्ठमा छापिएको महेशराज पन्तको *द भेर्इअस् क्याट्इगर्इज् अफ् ब्रामिन्ज् हू वेर् द सब्जिक्ट्स् अफ् द नेवारी स्पीक्इङ् किङ्ज् इन् यान्ड् अराउन्ड् द काठ्मान्डू भ्यालइ* (काठमाडौँखाल्डो र वरपर राज्य गर्ने, नेवारीभाषी राजाहरूका प्रजा ब्राह्मणहरूका थरीथरीका वर्ग)।

महेशराज पन्त २०६० क

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११० पूर्णाङ्कका ३४-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *जङ्गममठसम्बन्धी ८ वटा पत्र*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६० ख

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ३०-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – थप १० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – २ वटा थप पत्र*।

महेशराज पन्त २०६४ क

= *पूर्णिमा*को यही पूर्णाङ्कका १६५-१८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *शरभपुरका नरेन्द्रको चौबीसौं राज्यभोगवर्षको ताम्रपत्र*।

महेशराज पन्त छापिन बाँकी

= *के नेवारमा जैसी छन्*।

मित्र मिश्र *वीरमित्रोदय तीर्थप्रकाश*

= ई.सं. १९१७-१८ (वि.सं. १९७४-७५)मा बनारसबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, विष्णुप्रसाद शर्माको *वीरमित्रोदयः तीर्थप्रकाशः। महामहोपाध्यायश्रीमित्रमिश्रविरचितः* (*वीरमित्रोदय– तीर्थप्रकाश*। महामहोपाध्याय श्रीमित्र मिश्रले बनाएको)।

मेचीदेखि महाकाली

= वि.सं. २०३१ मा काठमाडौंबाट श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित *मेचीदेखि महाकाली (भाग २) मध्यमाञ्चल विकास क्षेत्र*।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौंबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

राल्फ लिली टर्नर १९८७

= ई.सं. १९३१ (वि.सं. १९८७) मा लन्डनबाट रूट्लेज् यान्ड केगन पलद्वारा प्रकाशित, राल्फ लिली टर्नरको *अ कम्पेर्एटिभ् यान्ड् एट्इमलज्इक्ल् डिक्शन्अरि अफ् द नेपाली ल्याङ्ग्विज्* (नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक कोष)।

राल्फ लिली टर्नर २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा लन्डनबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा फेरि प्रकाशित, राल्फ लिली टर्नरको *अ कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्इअन् ल्याङ्ग्विज्इज्* (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष)।

लूछ्याह्नो पेतेक २००९/१०

= ई.सं. १९५३ (वि.सं. २००९/१०) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* (भोटमा र नेपालमा धर्मप्रचार गर्ने इटालियनहरू) ४ भाग।

वसिष्ठधर्मसूत्र

= ई.सं. २००० (वि.सं. २०५६) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *धर्मसूत्रज् : द ल कोड्ज् अफ् आपस्तम्ब, गौतम, बौधायन, यान्ड् वसिष्ठ* (धर्मसूत्रहरू – आपस्तम्ब, गौतम, बौधायन र वसिष्ठका कानून)का ३४६-४६३, ६३१-७०४ पृष्ठमा छापिएको *वसिष्ठधर्मसूत्र*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ* ।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची* ।

सुखवीरसिंह गहलोत २०२४

= ई.सं. १९६७ (वि.सं. २०२४)मा जोधपुरबाट हिन्दी साहित्यमन्दिरद्वारा प्रकाशित, सुखवीरसिंह गहलोतको *राजस्थान के इतिहास का तिथिक्रम* (राजस्थानको इतिहासको तिथिक्रम)।

सुनिता[५३] मानन्धर २०६४

वि.सं. २०६४ पौष ६ गते काठमाडौँबाट अर्थपिथनाद्वारा प्रकाशित *सन्ध्या टाइम्स* १३ वर्ष ४१ अङ्को ३ पृष्ठमा छापिएको, सुनिता[५३] मानन्धरको *अबले कालिमाटी तक वनेत हे ग्यानापु* (त्यस वेला कालिमाटीसम्म जानु पनि डरलाग्दो)।

हरिप्रसाद सिटौला र प्रेम सुब्बा २०६४

= हर्क गुरुङमा हेर्नू।

हर्क गुरुङ २०३६

= वि.सं. २०३६ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित, हर्क गुरुङको *भिन्येट्स् अफ् नेपाल्* (नेपालका शब्दचित्र)।

हर्क गुरुङको *भिन्येट्स् अफ् नेपाल्*को हरिप्रसाद सिटौला र प्रेम सुब्बाले उल्था गरी ई.सं. २००७ (वि.सं. २०६४) मा ललितपुरबाट हिमाल किताबद्वारा प्रकाशित *मैले देखेको नेपाल*।

हिमवत्खण्ड

= वि.सं. २०१३ मा काशीवाट योगप्रचारिणीद्वारा प्रकाशित; नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ र लक्ष्मीनारायण चौडिलागाइको *हिमवत्खण्डः (स्कन्दपुराणमध्ये)* (*हिमवत्खण्ड* (*स्कन्दपुराण*मा [रहेको]))।

---

५३. यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थीका २ वटा ताम्रपत्र

– महेशराज पन्त

१. ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको, भास्कर मल्लको ताम्रपत्रसम्बन्धी वि.सं. १९७४ वैशाख ३० गतेको फैसला छपाउँदा ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थीका २ वटा ताम्रपत्रको चर्चा पनि प्रसङ्गवश मैले त्यहाँ गरेको थिएँ[1] र यी ताम्रपत्र पूर्णिमा १२७ पूर्णाङ्कमा छापिनेछन् भनी त्यहाँ लेखेको थिएँ[2]। अहिलेसम्म प्रकाशमा नआएका ती ताम्रपत्र त्यसैले यहाँ छपाउँदैछु।

१ सङ्ख्या

बोडे महालक्ष्मीस्थानको ताम्रपत्र

२. भक्तपुर तलेजुचोकको ने.सं. ८५१ (वि.सं. १७८८) चैत्रकृष्णएकादशी (वैशाख २३ गते)[3] बुधवारको, बोडे महालक्ष्मीस्थानको ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थी आदित्यवारको, नगदेश गणेशस्थानको ने.सं. ८८९ (वि.सं. १८२५) मार्गशुक्लचतुर्थीको[4] र बोडे महालक्ष्मीस्थानको त्यही मितिको[5] ताम्रपत्रका रबिङ संशोधन-मण्डलको सङ्ग्रह मिलाउँदै जाँदा हाल फेला परेका छन्।

---

१. महेशराज पन्त २०६४ क.१३२ मा २९ सङ्ख्याको टिप्पणी।

२. उही:१० सङ्ख्याको टिप्पणी।

३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:११८-११९।

४. **सम्वत् ८८९ मार्गशिल शुदि ४ ॥ श्रीशाके १६९१** भनी यस ताम्रपत्रमा मिति दिइएको छ। ने.सं.को वत्सरारम्भ कार्तिकशुक्लप्रतिपदादेखि र शाकेको चाहिँ चान्द्रमानअनुसार चैत्रशुक्लप्रतिपदादेखि हुने हुनाले कार्तिकशुक्लप्रतिपदादेखि फाल्गुनको अमावास्या (पूर्णान्तमानले चैत्रको अमावास्या)सम्म ने.सं.मा ८०१ जोडे शाके हुन्छ। यो ताम्रपत्र ने.सं. ८८९ मार्गशुक्लचतुर्थीको भएकोले (८८९+८०१ =) यसको शाके १६९० हुनुपर्नेमा शङ्का छैन। ने.सं. जस्तै शाके पनि यसताका भक्तपुरमा कार्तिकादि पनि चलेको अरू प्रमाण पाइएकाले① यस ताम्रपत्रको ने.सं. अनुसार परिवर्तन गर्दा कार्तिकादि शाके १६९१ हुने भएकोले यस ताम्रपत्रका दुवै थरी संवत् कार्तिकादि देखिन्छन्।②

५. **संम्वत ८८९ मार्गशिल शुदि ४ ॥ श्रीसाके १६९१ विक्रमाब्द १८२६ कलि ४८७०** भनी यस ताम्रपत्रमा मिति दिइएको छ। यो ताम्रपत्र ने.सं. ८८९ मार्गशुक्लचतुर्थीको भएकोले (८८९+३९८० =) यसको कलिगत वर्ष ४८६९, (८८९+९३६ =) यसको वि.सं. १८२५ र (८८९+८०१ =) यसको शाके १६९० हुनुपर्नेमा शङ्का छैन। ने.सं. जस्तै कलिगतसंवत्, वि.सं. र शाके पनि यसताका भक्तपुरमा कार्तिकादि पनि चलेको अरू प्रमाण पाइएकाले① यस ताम्रपत्रको ने.सं. अनुसार परिवर्तन गर्दा कार्तिकादि कलिगतवर्ष ४८७०, कार्तिकादि वि.सं. १८२६ र कार्तिकादि शाके १६९१ हुने भएकोले यस ताम्रपत्रका चारै थरी संवत् कार्तिकादि देखिन्छन्।②

---

① महेशराज पन्त २०६३:८-९ मा २ उपटिप्पणीको ① टिप्पणी।

② रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा यही कुरा यहाँका कलिगत, विक्रम, शकसंवत्हरू पनि नेपालीसंवत् जस्तै कार्तिकादि छन् (दोस्रो टिप्पणी) भनी छोटकरीमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोस्रो ताम्रपत्रको पाठ छोडेर अरू ३ वटा ताम्रपत्रको पाठ वि.सं. २०२० मै हामीले छपाइसकेका थियौं ।[६] दोस्रो ताम्रपत्रको सीसाकलमले एउटा र रोलरले मसी दलेर अर्को गरी वि.सं. २०२० आश्विन ५ गते लिइएका २ थरी रबिङ हामीसँग छन् । तिनमध्ये सीसाकलमले लिएको रबिङ पूरा र रोलरले मसी दलेर लिएकोचाहिँ सातौं पङ्क्तिदेखिको मात्र छ । ती दुवै थरी रबिङ त्यति स्पष्ट छैनन् । भोलानाथ पौडेलको हस्ताक्षरमा **भक्तपुर बोडे महालक्ष्मीको मन्दिरको रणजित्मल्लको ताम्रपत्र** भन्ने लेखी गौतमवज्र वज्राचार्यको हस्ताक्षरमा यस ताम्रपत्रको पूरा पाठ संशोधन-मण्डलको सङ्ग्रहमा छ । तर रबिङसँग दाँजेर हेर्दा त्यो पाठ ठाउँठाउँमा मूलअनुसारको देखिएन । रबिङ स्पष्ट नआएकाले र पाठ पनि मूलअनुसार सर्वत्र पढ्न नसकेको अनुभव गरेर नै त्यसको पाठ नछपाई त्यस वेला यसै थाँती राखी **भ.पु.इ. बोडे महालक्ष्मीस्थानमा पनि यही विषय परेको रणजित् मल्लको एउटा ताम्रपत्र टाँसी राखिएको छ**[७] भन्ने लेखी चित्त बुझाएको हुनुपर्छ ।

काठमाडौं भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा ४३ नम्बरको पोकामा महालक्ष्मीगूठीमा यस ताम्रपत्रको नकल छ । यसको बायाँ फट्केमा ३ पङ्क्ति गरी **बोडे माहालक्ष्मीको देवल भीतामा टासीयेको तामापत्रको सकलबमोजिं नकल ठीक दुरुष्ट छ भनी स्हीछाप गर्ने देहायेका मानीस बुधीमां धों श्रेष्ट—१ पद्मबाहादुर श्रेष्ट—१** लेखी अघिल्लो नाउँको उठानमा औंठाछाप र पछिल्लो नाउँको उठानमा सानो गोलो छाप लगाइएको छ । छापको अक्षर स्पष्ट बुझिँदैन । १ ठाउँमा पाठ सच्याउँदा औंठाछाप र सानो गोलो छाप दुवै लगाइएको छ । यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षण-परियोजनाको माइक्रोफिल्मको रील नम्बर के ९३/२३ ए मा भएको छ । रबिङसँग त्यो नकल दाँजेर हेर्दा त्यो ज्यादै भ्रष्ट देखिन्छ तापनि रबिङमा त्यति स्पष्ट नदेखिने अक्षर ठम्याउन यस नकलबाट पनि ठाउँठाउँमा काम लिन सकिन्छ ।

यस ताम्रपत्रको पाठ नछपाई त्यसै छोडिरहनुभन्दा त्यसलाई प्रकाशमा ल्याउनु उचित लागेकोले ४४ वर्षपछि यस ताम्रपत्रपट्टि म तानिएको हुँ । संशोधन-मण्डलको सङ्ग्रहमा रहेका रबिङबाट मूलतः मैले पाठ तयार गरेको छु तापनि गौतमवज्र वज्राचार्यको हस्ताक्षरमा भएको पाठ र गूठीअड्डामा रहेको नकलबाट पनि काम लिएको छु ।

३. अभिलेखका, गूठीअड्डामा राखिएका नकलमा मूलको पाठ जस्ताकोतस्तो प्रायः उत्रिएको देखिँदैन[८]

---

६. १. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१४ = *तलेजुचोकको रणजित् मल्लको अभिलेख* ।
२. उही:१६ = *नकदेश गणेशमन्दिरको रणजित् मल्लको अभिलेख* ।
३. उही:१६-१७ = *बोडे महालक्ष्मीको रणजित् मल्लको अभिलेख* ।

७. उही:१५ मा पहिलो टिप्पणी ।

८. यस विषयमा मैले प्रसङ्गवश वारंवार लेखेको छु—
महेशराज पन्त २०५८:७०-७१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तापनि वीरपुस्तकालयमा काम गर्ने गुभाजू पण्डितहरूले सारेको नकलभन्दा गूठीअड्डाका कारिन्दाले सारेको वा कुनै गूठीमा हकदाबी गर्ने मानिसले पेश गरेको नकल बढी अशुद्ध हुन्छ भनी मैले अन्यत्र लेखिसकेको छु।[९] यो नकल पनि पण्डितले गरेको नभई प्राचीन लिपि र भाषाको ज्यादै नै अधकल्चो ज्ञान भएका त्यस्तै मानिसहरूले पेश गरेकाले यो पनि ज्यादै नै अशुद्ध छ। यस विषयमा अलि बढी लेख्ने विचार गरेकोले मूलपाठको व्यतिक्रम कतिसम्म हुँदो रहेछ भन्ने कुराको नमूनाको लागि गूठीअड्डामा पेश गरेको यस ताम्रपत्रको नकल सबभन्दा पहिले तल दिइन्छ–

१. ९ श्री ३ तलेजु साहाये ॥ श्री ३ माहालक्ष्मीदेवीया थानसं तामापत्र ताड्ा बीया ॥ श्री ३ माहाल–
२. क्ष्मीदेवीयाके मंसीरवदी परीवा षुनु पुजा याये तावः देसया मंगल याड्ा चरे चरे षुनुया रात्री
३. देवतायाके पुजा बली बीयेताः थो नेताया येता श्री ३ मंत्रपसुपतीचरनकमलधुरी[१०]–
४. धसरीरश्रीलौरहः श्रीमनमानेस्वरीस्तदेवतावरलवोप्रसादीतरघुवंसातारदेवीयेह्मानो[११]–
५. ऋतनेपालन्नमड[१२]ल्वासड[१२]लस्वत[१३]: श्रीसुप्रवीनश्रीश्रीमाहाराजधीराजश्रीश्रीजयेरनजीम[१४]–
६. ल्लदेव श्रीश्रीवृर्धीलक्ष्मीदेवी श्रीश्रीसाहेबजुजु नेह्मा माचा थीयीस सरन चोड्ड जेया
७. वेल्सं गुठी पृती याड्ा बु तया बीया देषुगल बु लवही मन्हसपी १७ फ्याको बु लव ड्डापी ५
८. माहाल बु लव न्यपी २ थुली बु गुठी प्रती याड्ा बीये धुन थो गुठी चरे यायीमा बुदे देसया पंच
९. थाकुली गोह्मा गोह्मा जुला ऊमीसेन थुली बुया साह्मा दुकायाव श्रीदेवताया चायीपुज्ञा या–
१०. ड्डाव सुयेनेह्मा रकमी भोजन यातका थुली मधुंतलेछे वकोसीता प्रसादभाग बीयेमाल जु–
११. ल थो बु जुकोया सरषारयाता पुले मुमाल भाषा जुलो गोह्मासेन थो बु हीनाव नल्सा दे–
१२. वताया पुजा अर्के याड्ाव बील्सा बु हीनाव बीह्मासीता पंचमाहापातक जुलो अत्र मत्र–
१३. या साछी श्रीराज मल्ल त्रीपकोछेया वृत्ती धाकंच्या दुवालपनी साछी जुलो लीषीस्त जस–
१४. राज भंन्डील बोलाछेयाः संम्वत् ७६० साल वैसाकवदी ४ आदीतेवार षुनु तया सुभं नमः
१५. स्तु सर्वेदा कल्यान ——

उही २०६०:३४-३५ ।
उही २०६० क:३४ ।
उही २०६० ख:४४ ।

९. उही २०६४:९४ ।
१०. नकल सारिएको कागत दायाँपट्टि छेउमा च्यातिएर गएकोले र मात्र देखिन्छ ।
११. नकल सारिएको कागत दायाँपट्टि च्यातिएर गएकोले ने मात्र देखिन्छ ।
१२. मैले ड पढेको अक्षर त्यस नकलमा यस्तो छ – ड ।
१३. मैले त पढेको अक्षर त्यस नकलमा यस्तो छ – त ।
१४. नकल सारिएको कागत दायाँपट्टि च्यातिएर गएकोले जीपछिको अक्षरको ा मात्र देखिन्छ । यस कारण त छुटेको छ र च्यातिएको अक्षर म हो भनी भन्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. संशोधन-मण्डलको सङ्ग्रहमा रहेका, मूल ताम्रपत्रका दुवै थरी रबिङ त्यति स्पष्ट छैनन् भनी मैले माथि नै लेखिसकेको छु। तर मैले यस ताम्रपत्रको पाठ ती रविङबाट मूलतः पढेकोले तिनको फ्याक्सिमिलि त्यति संशयच्छेदी नभए पनि मैले दिएको पाठ जाँच्न सजिलो होओस् भनी तिनलाई यहाँ दिइन्छ–



बोडे महालक्ष्मीस्थानको ताम्रपत्रको, सीसाकलमले लिइएको रबिङको फ्याक्सिमिलि
एघारौं पङ्क्तिसम्मको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोडे महालक्ष्मीस्थानको ताम्रपत्रको, सीसाकलमले लिइएको रबिङको फ्याक्सिमिलि
नवौं पङ्क्तिदेखिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोडे महालक्ष्मीस्थानको ताम्रपत्रको, रोलरले मसी दलेर लिइएको रबिङको प्याक्सिमिलि
सातौं पङ्क्तिदेखिको



CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. अब मूल ताम्रपत्रको मैले पढेअनुसारको पाठ तल दिइन्छ–

१. १ श्री ३ तलेजु साहाय ॥ श्री ३ माहारक्ष्मीदेविया ठाणसं तामापत्र ताङा बिया ॥

२. १ श्री ३ माहारक्ष्मीदेवियाके मंसिरवदि पुरिआ खुह्नु पुजा याय ताओ॰ देसया मंग-

३. ल याङा चरे चरे षुनुया रात्री देवतायाके भुजा बलि बियता थो नेताया यता॰

४. श्री ३ मंत्रपसुपतिचरनकमलधूरिधसरिरशीरोरहश्रीमन्मानेश्वरिष्ट-

५. देवतावरलर्द्धप्रशादितरघुवंशातारदेदिप्यमानौनतनेपालभूमंण्डलासंण्डल-

६. श्वस्त्रशास्त्रप्रविणमाहाराजधीराजश्रीश्रीजयरणजितमल्लदेव श्रीश्रीवृ-

७. र्द्धिरक्ष्मीदेवि श्रीश्रीसाहेबजुजु नेह्मा माचा थेमि सरण चोङ ओंया वेलसं

८. गुठी पृति याङाओ बु तया बिया देखुगल बु लओंहिं मह्नसपि १७ ङ्याको बु लव

९. ङापि ॥ ५ ॥ माहाकाल बु लव न्य २ ठुलि बु गुथी पृति याङा बिय धुन थो गु-

१०. ठि चले यायिह्मा बुदे देसया पंञ्च ठाकुलि ग्वह्मा ग्वह्मा जुलो ऊमिस्यनं ठु-

११. लि बुया साह्मा द्वकायाओ॰ श्रीद्यवताया च्यायिपुजा याङाव सुयन्यह्मा र-

१२. कमि भोजन यातका जेलि मधतल्यंछ्य वक्वसितां प्रसारभाग बियमा-

१३. ल जुल थो बु जुक्वया सरखारयाता पुले मुमाल भाषा जुलो ग्वह्मास्यनं थो

१४. बु हिनाओ बिलसा देवताया पुजा अरके याङाव बिलसा बु हिनाव बिह्मासि-

१५. ता पंचमाहापातक लाक जुलो अत्र मंत्रया साछि श्रीराज मल्ल त्रीपकोछ्यया वृ-

१६. त्तिया धाकऱ्या दुवालपनि साछि जुलो रिषिस्थ जसराज भण्डील ब्वलाछ्यया ॥ सम्वत्

१७. ८६० वैशाखवदि ४ आदित्यवार खुह्नु तया शुभं नमस्तु शर्व्वदा कल्यान

६. नेवारी लिपिमा ब र व सामान्यतया नछुट्टिने भए पनि वलाई खुँडे पारी बसँग व छुट्ट्याइएको कुरा लिपिका पुस्तकमा दिइएको वर्णमालामा छ।[१५] चोसो परेको वलाई ब र खुँडेलाई चाहिँ व भनी लिपिको

---

१५. उदाहरणको लागि

पन्नाप्रसाद जोशी २००७:२ ।

हेमराज शाक्यवंश २०१३:२, २४, २७, ३३ ।

हेमराज शाक्य २०१७:४ ।

शङ्करमान राजवंशी २०१७:१, ३, ४, १५ ।

हेमराज शाक्य २०३०:३९, ४१, ४२, ४३, ४५, ४६, ४९, ५१ ।

शङ्करमान राजवंशी २०३१:९९ मा ७० सङ्ख्याको प्लेट (५५ सङ्ख्याको लिपिचित्र) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटा पुस्तकमा वर्णमाला दिँदा लेखिएको छ,[१६] अर्को पुस्तकमा चाहिँ खुँडे वलगायत थप ३ थरी व[१७]को साथै लितुमोल लिपिमा चाहिँ तलथोप्ली व़[१८] भएको वर्णमाला दिँदा लेखिएको छ।

ताडपत्रमा लेखिएका तात्कालिक लिखतपत्र हेर्दा खुँडे[१९]को साथै चोसे,[२०] पेट चिरेको जस्तो[२१] र लाम्चो[२२] व पनि मैले भेट्टाएको छु। लितुमोलमा मात्र तलथोप्ली व़ चलेको कुरा लिपिका पुस्तकबाट बुझिए पनि डिको सोझो भएको, नेवारी लिपिमा लेखिएको यस ताम्रपत्रमा पनि तलथोप्ली व़ लेखी नेवारीमा व उच्चारण हुने वर्णलाई बसँग छुट्टयाइएको छ,[२३] जोडेमोडेको अक्षरमा व आएको छ भने त्यो भेद गरिएको छैन।

७. यस ताम्रपत्रको बेहोरा नगदेश गणेशस्थानमा राखिएको, यही मितिको ताम्रपत्र[२४] र यी ताम्रपत्रभन्दा ३ दिनअगाडिका, चोपुर गणेशस्थानमा[२५] र ठिमी बालकुमारीस्थानमा[२६] राखिएका अरू २ ताम्रपत्रसँग मूलतः मिल्छ तापनि यस ताम्रपत्रको पाठ तिनीहरूको पाठभन्दा भ्रष्ट छ भनी भन्नुपर्छ। उदाहरणको लागि चोपुर गणेशस्थानको र ठिमी बालकुमारीस्थानको ताम्रपत्रमा **श्री ३ मत्पशुपति,**[२७] चोपुर गणेशस्थानको,

---

१६. शङ्करमान राजवंशी २०३१:९९ मा ७० सङ्ख्याको प्लेट (५५सङ्ख्याको लिपिचित्र)।

१७. हेमराज शाक्य २०३०:५०, ५२, ५३।

१८. हेमराज शाक्यवंश २०१३:३१।
हेमराज शाक्य २०३०:५४।
शङ्करमान राजवंशी २०३१:१०१ मा ७३ सङ्ख्याको प्लेटमा (६० सङ्ख्याको लिपिचित्र)।

१९. उदाहरणको लागि महेशराज पन्त २०५६:७-८ = ९ सङ्ख्या = ५० सङ्ख्याको टिप्पणी।
उही २०५७ क:५४ = ९ सङ्ख्या = ९ सङ्ख्याको टिप्पणी।

२०. उदाहरणको लागि उही २०५७ ग:४९ = १३ सङ्ख्या = २१ सङ्ख्याको टिप्पणी।
उही २०५७ क:५५ = ११ सङ्ख्या = १५ सङ्ख्याको टिप्पणी।

२१. उदाहरणको लागि उही २०५७ ख:२ = ३ सङ्ख्या = ७ सङ्ख्याको टिप्पणी।
उही:३५-३६ = ४९ सङ्ख्या = २४५ सङ्ख्याको टिप्पणी।

२२. उदाहरणको लागि उही २०५६:१२-१३ = १७ सङ्ख्या = ७४ सङ्ख्याको टिप्पणी।
उही २०५७ क:५४ = ९ सङ्ख्या = १० सङ्ख्याको टिप्पणी।

२३. ८ पङ्क्तिमा – **लव**। ९ पङ्क्तिमा – **लव**। ११ पङ्क्तिमा – **याङाव**। १२ पङ्क्तिमा – **वक्व°**। १४ पङ्क्तिमा – **याङाव, हिनाव**। १६ पङ्क्तिमा – **दुवालपनि**।

२४. यही लेखमा २ सङ्ख्याको पत्र।

२५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ = *चोपुर गणेशस्थानको रणजित् मल्लको अभिलेख*।

२६. डिल्लीरमण रेग्मी २०२३ ख:२९८-२९९ = १४३ सङ्ख्या।

२७. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठिमी बालकुमारीस्थानको र नगदेश गणेशस्थानको ताम्रपत्रमा **देदीप्यमानमानोन्नत**[२८] र चोपुर गणेशस्थानको र ठिमी बालकुमारीस्थानको ताम्रपत्रमा **अत्र पत्रया**[२९] भएकोमा यसमा क्रमशः **श्री ३ मंत्रपसुपति** (४ पङ्क्ति), **देदिप्यमानौनत** (५ पङ्क्ति) र **अत्र मंत्रया** (१५ पङ्क्ति) भएकोतर्फ औँल्याउनुपर्छ। १७ रोपनी बुझाउन **सह्नसपि** हुनुपर्नेमा यहाँ **मह्नसपि** (८ पङ्क्ति) भएको कुरा पनि यस प्रसङ्गमा उल्लेख गर्नुपर्छ। नेवारी लिपिमा म र समा अनभ्यस्त मानिस झुक्किन सक्ने हुनाले **सह्नसपि** हुनुपर्नेमा **मह्नसपि** भएकोले यी गल्ती कुँद्ने मान्छेकै हुन् कि भन्ने अनुमान गर्न सकिन्छ। **रघुवंशावतार** हुनुपर्नेमा चोपुर गणेशस्थानको[३०] र ठिमी बालकुमारीस्थानको ताम्रपत्रमा[३१] जस्तै यहाँ पनि **रघुवंशातार** (५ पङ्क्ति) भई यी ३ वटैमा अशुद्ध पाठ हुनु उत्तिकै चाखलाग्दो छ।

८. मूल ताम्रपत्रको पाठ र यही ताम्रपत्रको गूठीअड्डामा रहेको नकल दाँजी ती जहाँ जहाँ बाझ्छन्, त्यसको सूची अब दिइन्छ। यस्तो > चिह्नभन्दा वायाँपट्टिको पाठ मूल ताम्रपत्रको र दायाँपट्टिको चाहिँ गूठीअड्डामा रहेको नकलको हो र कोष्ठभित्र राखिएको अङ्कले ती ती पाठको पङ्क्ति बुझाउँछ भन्ने सम्झनुपर्छ –

वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा मूलको २ पङ्क्ति।
डिल्लीरमण रेग्मी २०२३ ख:२९८ मा मूलको २ पङ्क्ति।
नगदेश गणेशस्थानको ताम्रपत्रको नकलमा चाहिँ **श्रीमतपशुपति** छ (तल २ सङ्ख्यामा नकलको ५ पङ्क्ति)।

२८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा मूलका ३-४ पङ्क्तिमा– **देदीप्यमान ‸**[①] **मानोन्नत**।
डिल्लीरमण रेग्मी २०२३ ख:२९९ मा मूलका ३-४ पङ्क्तिमा– **देदिप्यमानमानोन्नत**[②]।
नगदेश गणेशस्थानको ताम्रपत्रको नकलमा चाहिँ **देदीप्यमानमानोन्नत** छ (तल २ सङ्ख्यामा नकलको ५ पङ्क्ति)।

२९. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा मूलको ८ पङ्क्ति।
डिल्लीरमण रेग्मी २०२३ ख:२९९ मा मूलको ८ पङ्क्ति।
नगदेश गणेशस्थानको ताम्रपत्रको नकलमा चाहिँ **अत्र पत्रार्थया** छ (तल २ सङ्ख्यामा नकलको १२ पङ्क्ति)।

३०. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा मूलको ३ पङ्क्तिमा– **रघुवंसातार**।

३१. डिल्लीरमण रेग्मी २०२३ ख:२९९ मा मूलको ३ पङ्क्तिमा **रघुवंशा ‸**[③] **तार**।

---

① यो ताम्रपत्र प्रकाश गर्दा **देदीप्यमानपछि** यस्तो , चिह्न राखिएकोमा तात्कालिक पत्रहरूमा यस्तो ‸ चिह्न हुने हुनाले पछिल्लो चिह्न माथि राखिएको हो।

② यहाँ **देदीप्यको दी ह्रस्व** छ भनी भनिरहनुपर्दैन। मूलमै दि छ कि डिल्लीरमण रेग्मीले छपाएका अभिलेखका धेरै जसो पाठ जस्तै यो पनि बिग्रिएको हो भन्ने कुरा मूल नहेरी भन्न सकिँदैन।

③ यो ताम्रपत्र प्रकाश गर्दा **रघुवंशापछि** यस्तो , चिह्न राखिएकोमा तात्कालिक पत्रहरूमा यस्तो ‸ चिह्न हुने हुनाले पछिल्लो चिह्न माथि राखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साहाय (१) > साहाये (१), माहारक्ष्मीदेविया (१) > माहालक्ष्मीदेवीया (१)

ठाणसं (१) > थानसं (१), बिया (१) > बीया (१)

माहारक्ष्मीदेवियाके (२) > माहालक्ष्मीदेवीयाके (१-२), मंसिरवदि (२) > मंसीरवदी (२)

पुरिआ (२) > परीवा, (२) खुह्नु (२) > षुनु (२), याय (२) > याये (२), तावः (२) > ताओ ৺ (२)

भुजा (३) > पुजा (३), बलि (३) > बली (३), बियता (३) > बीयेताः (३), यता ৺ (३) > येता (३)

°पसुपति° (४) > °पसुपती° (३), °धूरि° (४) > °धुरी° (३-४), °धसरिर° (४) > °धसरीर° (४)

°शीरोरह° (४) > °श्रीलौरहः° (४), °श्रीमन्मानेश्वरिष्ट° (४) > °श्रीगनमानेस्वरीस्त° (४)

°लर्द्ध° (५) > °लवो° (४), °प्रशादित° (५) > °प्रसादीत° (४)

°रघुवंशातार° (५) > °रघुवंसातार° (४), °देदिप्यमानौनत° (५) > °देवीयेह्मानोन्नत° (४-५)

°भूमंण्डलासंण्डल° (५) > °न्नमडल्वासडल° (५), °श्वस्त्र° (६) > °स्वत° (५)

°शास्त्र° (६) > °श्रीसु° (५), °प्रविण° (६) > °प्रवीन° (५)

°माहाराजधीराज° (६) > °श्रीश्रीमाहाराजधीराज° (५)

°जयरणजितमल्लदेव (६) > °जयेरनजीमल्लदेव (५-६)

°वृद्धिरक्ष्मीदेवि (६-७) > °वृर्धीलक्ष्मीदेवी (६), थेमि सरण (७) > थीयीस सरन (६)

ओंया (७) > जेया (६), वेलसं (७) > वेल्सं (७), पृति (८) > पृती (७), याङाओ (८) > याङा (७)

बिया (८) > बीया (७), देखुगल (८) > देषुगल (७), लओंहिं (८) > लवही (७)

महसपि (८) > मन्हसपी (७), ङ्याको (८) > फ्याको (७), ङापि (९) > ङापी (७)

माहाकाल (९) > माहाल (८), न्य २ (९) > न्यपी २ (८), ठुलि (९) > थुली (८), गुयी (९) > गुठी (८)

प्रति (९) > प्रती (८) , बिय (९) > बीये (८), गुठि (९-१०) > गुठी (८)

चले यायिह्मा (१०) > चरे यायीमा (८), पंञ्च (१०) > पंच (८), ठाकुलिं (१०) > थाकुली (९)

ग्वह्मा ग्वह्मा (१०) > गोह्मा गोह्मा (९), जुलो (१०) > जुला (९), ऊमिस्यनं (१०) > ऊमीसेन (९)

ठुलि (१०-११) > थुली (९), द्वकायाओ৺ (११) > दुकायाव (९), श्रीद्यवताया (११) > श्रीदेवताया (९)

च्यायिपुजा (११) > चायीपुजा (९), सुयन्यह्मा (११) > सुयेनेह्मा (१०), रकमि (११-१२) > रकमी (१०)

जेलि (१२) > थुली (१०), मधतल्यंछ्य (१२) > मधुंतलेछे (१०), वक्वसितां (१२) > वकोसीता (१०)

प्रसारभाग (१२) > प्रसादभाग (१०), बियमाल (१२-१३) > बीयेमाल (१०), जुक्वया (१३) > जुकोया (११)

सरखारयाता (१३) > सरषारयाता (११), ग्वह्मास्यनं (१३) > गोह्मासेन (११)

हिनाओ (१४) > हीनाव (११), बिलसा (१४) > नल्सा (११), अरके (१४) > अर्के (१२)

बिलसा (१४) > बील्सा (१२), हिनाव (१४) > हीनाव (१२-१३), बिह्मासिता (१४-१५) > बीह्मासीता (१२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लाक जुलो (१५) > जुलो (१२), मंत्रया (१५) > मत्रया (१२-१३), साछि (१५) > साछी (१३)

त्रीपकोछ्यया (१५) > त्रीपकोछेया (१३), वृत्तिया (१५-१६) > वृत्ती (१३), धाकञ्या (१६) > धाकंञ्या (१३)

दुवालपनि (१६) > दुवालपनी (१३), साछि (१५) > साछी (१३), रिषिस्य (१६) > लीषीस्त (१३)

भण्डील (१६) > भंन्डील (१४), ब्वलाछ्यया ॥ (१६) > बोलाछेयाः (१४)

सम्वत् ८६० (१६-१७) > संम्वत् ७६० साल (१४), वैशाखवदि (१७) > वैसाकवदी (१४)

आदित्यवार (१७) > आदीतेवार (१४), खुह्नु (१७) > षुनु (१४), शुभं (१७) > सुभं (१४)

नमस्तु (१७) > नमः स्तु (१४-१५), शर्व्वदा (१७) > सर्वेदा (१५)

९. मूलसँग नकल जहाँ जहाँ बाझ्छ, तिनलाई ६६ प्रकारमा यसरी बाँड्न सकिन्छ –

१. अनुस्वार+परसवर्ण > अनुस्वार

पंञ्च (१०) > पंच (८)

२. अनुस्वार +परसवर्ण > दुवै हटेको

°मंण्डलासंण्डल° (५) > °मडल्वासडल°[३२] (५)

३. सानुस्वार > निरनुस्वार

लओंहिं (८) > लवही[३३] (७), ठाकुलिं (१०) > थाकुली[३४] (९), °स्यनं (१०, १३) > °सेन[३५] (९, ११)

°तल्यं° (१२) > °तले°[३६] (१०), °सितां (१२) > °सीता[३७] (१०), मंत्रया (१५) > मत्रया (१२-१३)

---

३२. यहाँ मंण्डको ठाउँमा मड र संण्डको ठाउँमा सड मात्र नभई लाको ल्वा पनि भएको छ। दोस्रो अन्तर तल ४६ सङ्ख्यामा चढेको छ।

३३. यस शब्दमा ओंको ठाउँमा व र हिंको ठाउँमा ही हुँदा दुवै अक्षरमा अनुस्वार मात्र नहटी ओंको ठाउँमा व र इ मात्राको ठाउँमा ई मात्रा पनि भएको छ। दोस्रो अन्तर तल ८ सङ्ख्यामा र तेस्रो अन्तर तल १४ सङ्ख्यामा चढेको छ।

३४. यस शब्दमा लिंको ठाउँमा ली मात्र नभई ठाको ठाउँमा था पनि भएको छ। इ मात्राको ठाउँमा ई मात्रा भएको तल १४ सङ्ख्यामा र ठाको ठाउँमा था भएको तल २६ सङ्ख्यामा चढेको छ।

३५. यस विभक्तिमा नंको ठाउँमा न मात्र नभई स्यको ठाउँमा से पनि भएको छ। दोस्रो अन्तर तल ४० सङ्ख्यामा चढेको छ।

३६. यहाँ ल्यंको ठाउँमा ले हुँदा सानुस्वारको ठाउँमा निरनुस्वार मात्र नभई संयुक्ताक्षरको अन्त्यको यको ठाउँमा ए मात्रा पनि भएको छ। दोस्रो अन्तर तल ४० सङ्ख्यामा चढेको छ।

३७. यस शब्दमा तांको ठाउँमा ता मात्र नभई सिको ठाउँमा सी पनि भएको छ। दोस्रो अन्तर तल १४ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. निरनुस्वार > सानुस्वार

मध° (१२) > मधुं°[३८] (१०), धाकञ्या (१६) > धाकंञ्या (१३)

५. विसर्गको स् > विसर्ग हुँदा हुँदै पनि स्

नमस्तु (१७) > नमः स्तु (१४-१५)

६. निर्विसर्ग > सविसर्ग

बियता (३> बीयेताः[३९] (३), °शीरोरह° (४) > °श्रीलौरहः°[४०] (४)

७. अ > व

पुरिआ (२) > परीवा[४१] (२)

८. ओ > व

ताओ ৺ (२) > तावः[४२] (२), लओंहिं (८) > लवही[४३] (७), द्वकायाओ (११) > दुकायाव[४४] (९)

हिनाओ (१४) > हीनाव[४५] (११)

९. ओं > जे

ओंया (७) > जेया (६)

---

३८. यहाँ धको ठाउँमा धुं हुँदा निरनुस्वारको ठाउँमा अनुस्वार मात्र नथपिई अ मात्राको ठाउँमा उ मात्रा पनि भएको छ। दोस्रो अन्तर तल १० सङ्ख्यामा चढेको छ।

३९. यस शब्दमा ताको ठाउँमा ताः मात्र नभई बिको ठाउँमा बी र यंको ठाउँमा ये पनि भएको छ। दोस्रो अन्तर तल १४ सङ्ख्यामा र तेस्रो अन्तर तल ३९ सङ्ख्यामा चढेको छ।

४०. यस शब्दमा हको ठाउँमा हः मात्र नभई शीको ठाउँमा श्री, रको ठाउँमा ल र ओ मात्राको ठाउँमा औ मात्रा पनि भएको छ। दोस्रो अन्तर तल ५० सङ्ख्यामा, तेस्रो अन्तर तल ४३ सङ्ख्यामा र चौथो अन्तर तल १९ सङ्ख्यामा चढेको छ।

४१. यस शब्दमा आको ठाउँमा वा मात्र नभई पुको ठाउँमा प र रिको ठाउँमा री पनि भएको छ। दोस्रो अन्तर तल १५ सङ्ख्यामा र तेस्रो अन्तर तल १४ सङ्ख्यामा चढेको छ।

४२. यहाँ ओको ठाउँमा व मात्र नभई यस्तो ৺ चिह्नको ठाउँमा विसर्ग पनि भएको छ। दोस्रो अन्तर तल ६४ सङ्ख्यामा चढेको छ।

४३. यहाँ ओंको ठाउँमा व हुँदा अनुस्वार पनि हटेको छ। यस शब्दमा थप हिंको ठाउँमा ही पनि भएको छ। सानुस्वारको ठाउँमा निरनुस्वार भएको माथि ३ सङ्ख्यामा र इ मात्राको ठाउँमा ई मात्रा भएको तल १४ सङ्ख्यामा चढेको छ।

४४. यस शब्दमा ओको ठाउँमा व मात्र नभई द्वको ठाउँमा दु पनि भएको छ। दोस्रो अन्तर तल ४७ सङ्ख्यामा चढेको छ।

४५. यस शब्दमा ओको ठाउँमा व मात्र नभई हिको ठाउँमा ही पनि भएको छ। दोस्रो अन्तर तल १४ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. अ मात्रा > उ मात्रा

मध° (१२) > मधुं°[४६] (१०)

११. अ मात्रा > ए मात्रा

शर्व्वदा (१७) > सर्वेदा[४७] (१५)

१२. अजन्त > हलन्त

वेलसं (७) > वेल्सं (७), बिलसा (१४) > नल्सा[४८] (११) बिलसा (१४) > बील्सा[४९] (१२)

अरके (१४) > अर्के (१२)

१३. आ मात्रा > ई मात्रा

°शास्त्र° (६) > °श्रीसु°[५०] (५)

१४. इ मात्रा > ई मात्रा

°देविया (१) > °देवीया (१), बिया (१, ८) > बीया (१, ७), °देवियाके (२) > °देवीयाके (१-२)

मंसिरवदि (२) > मंसीरवदी (२), पुरिआ (२) > परीवा[५१] (२), बलि (३) > बली (३)

बियता (३) > बीयेताः[५२] (३), °पसुपति° (४) > °पसुपती° (३), °धूरि° (४) > °धुरी°[५३] (३)

---

४६. यहाँ धको ठाउँमा धुं हुँदा अ मात्राको ठाउँमा उ मात्रा मात्र नभई निरनुस्वारको ठाउँमा अनुस्वार पनि थपिएको छ। दोस्रो अन्तर माथि ४ सङ्ख्यामा चढेको छ।

४७. यहाँ र्व्वको ठाउँमा वे हुँदा अ मात्राको ठाउँमा ए मात्रा मात्र नभई द्वित्व पनि हटेको छ। यस शब्दमा थप तालव्य शको ठाउँमा दन्त्य स भएको छ। दोस्रो अन्तर तल ५८ सङ्ख्यामा र तेस्रो अन्तर तल ४९ सङ्ख्यामा चढेको छ।

४८. यस शब्दमा अजन्त लको ठाउँमा हलन्त ल् मात्र नभई बिको ठाउँमा न पनि भएको छ। दोस्रो अन्तर तल ३२ सङ्ख्यामा चढेको छ।

४९. यस शब्दमा अजन्त लको ठाउँमा हलन्त ल् मात्र नभई बिको ठाउँमा बी पनि भएको छ। दोस्रो अन्तर तल १४ सङ्ख्यामा चढेको छ।

५०. यहाँ शाको ठाउँमा श्री हुँदा आ मात्राको ठाउँमा ई मात्रा मात्र नभई शको ठाउँमा श्र पनि भएको छ। यस शब्दमा थप स्त्रको ठाउँमा सु भएको छ। दोस्रो अन्तर तल ५० सङ्ख्यामा र तेस्रो अन्तर तल ५३ सङ्ख्यामा चढेको छ।

५१. यस शब्दमा रिको ठाउँमा री मात्र नभई पुको ठाउँमा प र आको ठाउँमा वा पनि भएको छ। दोस्रो अन्तर तल १५ सङ्ख्यामा र तेस्रो अन्तर माथि ७ सङ्ख्यामा चढेको छ।

५२. यस शब्दमा बिको ठाउँमा बी मात्र नभई यको ठाउँमा ये र ताको ठाउँमा ताः पनि भएको छ। दोस्रो अन्तर तल ३९ सङ्ख्यामा र तेस्रो अन्तर माथि ६ सङ्ख्यामा चढेको छ।

५३. यस शब्दमा रिको ठाउँमा री मात्र नभई धूको ठाउँमा धु पनि भएको छ। दोस्रो अन्तर तल १६ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

°धसरिर° (४) > °धसरीर° (४), °श्रीमन्मानेश्वरि° (४) > °श्रीमनमानेस्वरी°[५४] (४)

°प्रशादित° (५) > °प्रसादीत°[५५] (४), °देदिप्य° (५) > °देवीये°[५६] (४)

°प्रविण° (६) > °प्रवीन°[५७] (५), °रणजितमल्ल° (६) > °रनजीमल्ल°[५८] (५-६)

°वृद्धि° (६-७) > °वृधी°[५९] (६), °देवि (७) > °देवी (६), थेमि (७) > थीयीस[६०] (६)

पृति (८) > पृती (७), लओंहिं (८) > लवही[६१] (७), मह्नसपि (८) > मन्हसपी[६२] (७)

ङापि (८) > ङापी (७), ठुलि (९, १०-११) > थुली[६३] (८, ९), पृति (९) > प्रती[६४] (८)

बिय (९) > बीये[६५] (८), गुठि (९-१०) > गुठी (८), यायिह्मा (१०) > यायीमा[६६] (८)

---

५४. यस शब्दमा रिको ठाउँमा री मात्र नभई मन्माको ठाउँमा मनमा र श्वको ठाउँमा स्व पनि भएको छ। दोस्रो अन्तर तल ५९ सङ्ख्यामा र तेस्रो अन्तर तल ४९ सङ्ख्यामा चढेको छ।

५५. यस शब्दमा दिको ठाउँमा दी मात्र नभई शाको ठाउँमा सा पनि भएको छ। दोस्रो अन्तर तल ४९ सङ्ख्यामा चढेको छ।

५६. यहाँ दिको ठाउँमा दी हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई दको ठाउँमा व पनि भएको छ। दोस्रो अन्तर तल २९ सङ्ख्यामा चढेको छ। यहाँ प्यको ठाउँमा ये भएकोचाहिँ तल ४१ सङ्ख्यामा चढेको छ।

५७. यस शब्दमा विको ठाउँमा वी मात्र नभई णको ठाउँमा न पनि भएको छ। दोस्रो अन्तर तल २७ सङ्ख्यामा चढेको छ।

५८. यस शब्दमा जिको ठाउँमा जी मात्र नभई णको ठाउँमा न पनि भएकों छ र त अक्षर टुटेको छ। दोस्रो अन्तर तल २७ सङ्ख्यामा र अक्षर टुटेकोचाहिँ तल ६१ सङ्ख्यामा चढेको छ।

५९. यहाँ र्द्धिको ठाउँमा र्धी हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई द्धको ठाउँमा ध पनि भएको छ। दोस्रो अन्तर तल ३० सङ्ख्यामा चढेको छ।

६०. यस शब्दमा थेमिको ठाउँमा थीयीस हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई मको ठाउँमा य, थेको ठाउँमा थी पनि भएको छ र अन्त्यमा स थपिएको छ। दोस्रो अन्तर तल ३५ सङ्ख्यामा, तेस्रो अन्तर तल १८ सङ्ख्यामा र अक्षर थपिएकोचाहिँ तल ६० सङ्ख्यामा चढेको छ।

६१. यहाँ हिंको ठाउँमा ही हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई अनुस्वार पनि हटेको छ। यस शब्दमा थप ओंको ठाउँमा व भएको छ। सानुस्वारको ठाउँमा निरनुस्वार भएको माथि ३ सङ्ख्यामा र ओको ठाउँमा व भएकोचाहिँ माथि ८ सङ्ख्यामा चढेको छ।

६२. यस शब्दमा पिको ठाउँमा पी मात्र नभई ह्नको ठाउँमा न्ह पनि भएको छ। दोस्रो अन्तर तल ५६ सङ्ख्यामा चढेको छ।

६३. यस शब्दमा लिको ठाउँमा ली मात्र नभई ठुको ठाउँमा थु पनि भएको छ। दोस्रो अन्तर तल २६ सङ्ख्यामा चढेको छ।

६४. यस शब्दमा तिको ठाउँमा ती मात्र नभई पृको ठाउँमा प्र पनि भएको छ। दोस्रो अन्तर तल १७ सङ्ख्यामा चढेको छ।

६५. यस शब्दमा बिको ठाउँमा बी मात्र नभई यको ठाउँमा ये पनि भएको छ। दोस्रो अन्तर तल ३९ सङ्ख्यामा चढेको छ।

६६. यस शब्दमा यिको ठाउँमा यी मात्र नभई ह्मको ठाउँमा मा पनि भएको छ। दोस्रो अन्तर तल ५७ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठाकुलिं (१०) > थाकुली[६७] (९), ऊमि° (१०) > ऊमी° (९),च्यायिपुजा (११) > चायीपुजा[६८] (९) रकमि (११-१२) > रकमी (१०), जेलि (१२) > थुली[६९] (१०), °सितां (१२) > °सीता[७०] (१०) बियमाल (१२-१३) > बीयेमाल[७१] (१०), हिनाओ (१४) > हीनाव[७२] (११), बिलसा (१४) > बील्सा(१२)[७३] हिनाव (१४) > हीनाव (१२), बिह्मासिता (१४-१५) > बीह्मासीता (१२), साछि (१५,१६) > साछी (१३) वृत्तिया (१५-१६) > वृत्ती[७४] (१३), दुवालपनि (१६) > दुवालपनी (१३), रिषिस्थ (१६) > लीषीस्त[७५] (१३) °वदि (१७)> °वदी (१४), आदित्यवार (१७) > आदीतेवार[७६] (१४)

१५. उ मात्रा > अ मात्रा

पुरिआ (२) > परीवा[७७] (२)

---

६७. यहाँ लिंको ठाउँमा ली हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई अनुस्वार पनि हटेको छ। यस शब्दमा थप ठाको ठाउँमा था भएको छ। सानुस्वारको ठाउँमा निरनुस्वार भएको माथि ३ सङ्ख्यामा र ठाको ठाउँमा था भएको तल २६ सङ्ख्यामा चढेको छ।

६८. यस शब्दमा यिको ठाउँमा यी मात्र नभई च्याको ठाउँमा चा पनि भएको छ। दोस्रो अन्तर तल २४ सङ्ख्यामा चढेको छ।

६९. यस शब्दमा लिको ठाउँमा ली मात्र नभई जेको ठाउँमा थु पनि भएको छ। दोस्रो अन्तर तल २५ सङ्ख्यामा चढेको छ।

७०. यस शब्दमा सिको ठाउँमा सी मात्र नभई तांको ठाउँमा ता पनि भएको छ। दोस्रो अन्तर माथि ३ सङ्ख्यामा चढेको छ।

७१. यस शब्दमा बिको ठाउँमा बी मात्र नभई यको ठाउँमा ये पनि भएको छ। दोस्रो अन्तर तल ३९ सङ्ख्यामा चढेको छ।

७२. यस शब्दमा हिको ठाउँमा ही मात्र नभई ओको ठाउँमा व पनि भएको छ। दोस्रो अन्तर माथि ८ सङ्ख्यामा चढेको छ।

७३. यस शब्दमा बिको ठाउँमा बी मात्र नभई अजन्त लको ठाउँमा हलन्त ल् पनि भएको छ। दोस्रो अन्तर माथि १२ सङ्ख्यामा चढेको छ।

७४. यस शब्दमा त्तिको ठाउँमा त्ती मात्र नभई अन्त्यको या पनि टुटेको छ। अक्षर टुटेको तल ६१ सङ्ख्यामा चढेको छ।

७५. यस शब्दमा २ पटक इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई रको ठाउँमा ल र स्थको ठाउँमा स्त पनि भएको छ। दोस्रो अन्तर तल ४३ सङ्ख्यामा र तेस्रो अन्तर तल ५४ सङ्ख्यामा चढेको छ।

७६. यस शब्दमा दिको ठाउँमा दी मात्र नभई त्यको ठाउँमा ते पनि भएको छ। दोस्रो अन्तर तल ४० सङ्ख्यामा चढेको छ।

७७. यस शब्दमा पुको ठाउँमा प मात्र नभई रिको ठाउँमा री र आको ठाउँमा वा पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा र तेस्रो अन्तर माथि ७ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६. ऊ मात्रा > उ मात्रा

°धूरि° (४) > °धुरी°[७८] (३)

१७. ऋ मात्रा > व्यञ्जनपछाडिको रेफ

पृति (८) > प्रती[७९](८)

१८. ए मात्रा > ई मात्रा

थेमि (७) > थीथीस[८०] (६)

१९. ओ मात्रा > औ मात्रा

°शीरोरह° (४) > °श्रीलौरहः°[८१] (४)

२०. औ मात्रा > ओ मात्रा

°मानौनत° (५) > °ह्मानोन्नत°[८२] (४-५)

२१. ख > क

वैशाख° (१७) > वैशाक° (१४)

२२. ख > ष

खुह्नु (२, १७) > षुनु[८३] (२, १४), देखुगल (८) > देषुगल (७), सरखारयाता (१३) > सरषारयाता (११)

२३. ङ > फ

ङ्याको (८) > फ्याको (७)

---

७८. यस शब्दमा धुको ठाउँमा धू मात्र नभई रिको ठाउँमा री पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

७९. यस शब्दमा पृको ठाउँमा प्र मात्र नभई तिको ठाउँमा ती पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

८०. यस शब्दमा थेमिको ठाउँमा थीथीस हुँदा ए मात्राको ठाउँमा ई मात्रा मात्र नभई मिको ठाउँमा थी भएको छ र अन्त्यमा स थपिएको छ। मिको ठाउँमा थी भएकोमा अघिल्लो अन्तर तल ३५ सङ्ख्यामा र पछिल्लो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ। अक्षर थपिएकोचाहिँ तल ६० सङ्ख्यामा चढेको छ।

८१. यस शब्दमा रोको ठाउँमा लौ हुँदा ओ मात्राको ठाउँमा औ मात्रा मात्र नभई रको ठाउँमा ल भएको छ। दोस्रो अन्तर तल ४३ सङ्ख्यामा चढेको छ। यस शब्दमा थप शीको ठाउँमा श्री र हको ठाउँमा हः पनि भएको छ। अघिल्लो अन्तर तल ५० सङ्ख्यामा र पछिल्लो अन्तर माथि ६ सङ्ख्यामा चढेको छ।

८२. यस शब्दमा नौको ठाउँमा नो मात्र नभई माको ठाउँमा ह्मा र नको ठाउँमा न्न पनि भएको छ। दोस्रो अन्तर तल ३६ सङ्ख्यामा र तेस्रो अन्तर तल ३१ सङ्ख्यामा चढेको छ।

८३. यस शब्दमा खुको ठाउँमा षु मात्र नभई ह्नुको ठाउँमा नु पनि भएको छ। दोस्रो अन्तर तल ५५ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४. च्य > च

च्यायिपुजा (११) > चायीपुजा[८४] (९)

२५. जे > थु

जेलि (१२) > थुली[८५] (१०)

२६. ठ > थ

ठाणसं (१) > थानसं[८६] (१), ठाकुलिं (१०) > थाकुली[८७] (९), ठुलि (९,१०-११) > थुली[८८] (८,९)

२७. ण > न

ठाणसं (१) > थानसं[८६] (१), °प्रविण° (६) > °प्रवीन°[९०] (५), °रण° (६) > °रन° (५)

सरण (७) > सरन (६)

२८. थ > ठ

गुथी (९) > गुठी (८)

२९. द > व

°देदिप्य° (५) > °देवीये°[९१] (४)

---

८४. यस शब्दमा च्याको ठाउँमा चा मात्र नभई यिको ठाउँमा यी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

८५. यस शब्दमा जेको ठाउँमा थु मात्र नभई लिको ठाउँमा ली पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

८६. यस शब्दमा ठाको ठाउँमा था मात्र नभई णको ठाउँमा न पनि भएको छ। दोस्रो अन्तर तल २७ सङ्ख्यामा चढेको छ।

८७. यस शब्दमा ठाको ठाउँमा था मात्र नभई लिंको ठाउँमा ली पनि भएको छ। लिंको ठाउँमा ली हुँदा इ मात्राको ठाउँमा ई मात्रा मात्र नभई अनुस्वार पनि हटेको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा र तेस्रो अन्तर माथि ३ सङ्ख्यामा चढेको छ।

८८. यस शब्दमा ठुको ठाउँमा थु मात्र नभई लिको ठाउँमा ली पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

८९. यस शब्दमा णको ठाउँमा न मात्र नभई ठाको ठाउँमा था पनि भएको छ। दोस्रो अन्तर माथि २६ सङ्ख्यामा चढेको छ।

९०. यस शब्दमा णको ठाउँमा न मात्र नभई विको ठाउँमा वी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

९१. यहाँ दिको ठाउँमा वी हुँदा दको ठाउँमा व मात्र नभई इ मात्राको ठाउँमा ई मात्रा पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ। यहाँ प्यको ठाउँमा ये भएकोचाहिँ तल ४१ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०. द्ध > ध

°वृद्धि° (६-७) > °वृर्धी°[९२] (६)

३१. न > न्न

°मानौनत° (५) > °ह्मानोन्नत°[९३] (४-५)

३२. बि > न

बिलसा (१४) > नल्सा[९४] (११)

३३. भ > प

भुजा (३) > पुजा (३)

३४. भू > न्न

°नेपालभू° (५) > °नेपालन्न° (५)

३५. म > थ

थेमि (७) > थीथीस[९५] (६)

३६. म > ह्म

°मानौनत° (५) > °ह्मानोन्नत°[९६] (४-५)

३७. परसवर्ण > अनुस्वार+न्ड

भण्डील (१६) > भंन्डील (१४)

३८. अस्थाने परसवर्ण > अनुस्वार+अस्थाने परसवर्ण

सम्वत्[९७] (१६) > संम्वत् (१४)

---

९२. यहाँ र्द्धिको ठाउँमा र्धी हुँदा द्धको ठाउँमा ध मात्र नभई इ मात्राको ठाउँमा ई मात्रा पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

९३. यस शब्दमा नको ठाउँमा न्न मात्र नभई माको ठाउँमा ह्मा र नौको ठाउँमा नो पनि भएको छ। दोस्रो अन्तर तल ३६ सङ्ख्यामा र तेस्रो अन्तर माथि २० सङ्ख्यामा चढेको छ।

९४. यस शब्दमा बिको ठाउँमा न मात्र नभई अजन्त लको ठाउँमा हलन्त ल् पनि भएको छ। दोस्रो अन्तर माथि १२ सङ्ख्यामा चढेको छ।

९५. यस शब्दमा थेमिको ठाउँमा थीथीस हुँदा मको ठाउँमा थ मात्र नभई ए मात्राको ठाउँमा ई मात्रा, इ मात्राको ठाउँमा ई मात्रा र अन्त्यमा स थपिएको छ। दोस्रो अन्तर माथि १८ सङ्ख्यामा, तेस्रो अन्तर माथि १४ सङ्ख्यामा र अक्षर थपिएकोचाहिँ तल ६० सङ्ख्यामा चढेको छ।

९६. यस शब्दमा माको ठाउँमा ह्मा मात्र नभई नौको ठाउँमा नो र नको ठाउँमा न्न पनि भएको छ। दोस्रो अन्तर माथि २० सङ्ख्यामा र तेस्रो अन्तर माथि ३१ सङ्ख्यामा चढेको छ।

९७. बको उच्चारण ब गर्ने गरेकोले यस्तो अशुद्धि भएको हो। महेशराज पन्त २०५७. § १.४.२ = ९१-९३ मा यस विषयमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३९. य > ये

साहाय (१) > साहाये (१), याय (२) > याये (२), बियता (३) > बीयेता:[९८] (३), यता (३) > येता (३)

°जय° (६) > °जये° (६), बिय (९) > बीये[९९] (८), सुय° (११) > सुये° (११)

बियमाल (१२-१३) > बीयेमाल[१००] (१०)

४०. संयुक्ताक्षरको अन्त्यको य > ए मात्रा

°स्यनं (१०, १३) > °सेन[१०१] (९, ११), श्रीद्यवताया (११) > श्रीदेवताया (९)

°न्यह्मा (११) > °नेह्मा (१०), °तल्यंछ्य (१२) > °तले[१०२]छे (१०)

त्रीपकोछ्यया (१५) > त्रीपकोछेया (१३), ब्वलाछ्यया ॥ (१६) > बोलाछेया:[१०३] (१४)

आदित्यवार (१७) > आदीतेवार[१०४] (१४)

४१. संयुक्ताक्षरको अन्त्यको य > ये

°देदिप्य° (५) > °देवीये°[१०५] (४)

४२. र > द

प्रसारभाग (१२) > प्रसादभाग (१०)

---

९८. यस शब्दमा यको ठाउँमा ये मात्र नभई बिको ठाउँमा बी र ताको ठाउँमा ता: पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा र तेस्रो अन्तर माथि ६ सङ्ख्यामा चढेको छ।

९९. यस शब्दमा यको ठाउँमा ये मात्र नभई बिको ठाउँमा बी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१००. यस शब्दमा यको ठाउँमा ये मात्र नभई बिको ठाउँमा बी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१०१. यस विभक्तिमा स्यको ठाउँमा से मात्र नभई नंको ठाउँमा न पनि भएको छ। दोस्रो अन्तर माथि ३ सङ्ख्यामा चढेको छ।

१०२. यहाँ ल्यंको ठाउँमा ले हुँदा संयुक्ताक्षरको अन्त्यको यको ठाउँमा ए मात्रा मात्र नभई अनुस्वार पनि हटेको छ। दोस्रो अन्तर माथि ३ सङ्ख्यामा चढेको छ।

१०३. यस शब्दमा छ्यको ठाउँमा छे मात्र नभई ब्वको ठाउँमा बो र २ वटा दण्डको ठाउँमा विसर्ग पनि भएको छ। दोस्रो अन्तर तल ४८ सङ्ख्यामा र तेस्रो अन्तर तल ६६ सङ्ख्यामा चढेको छ।

१०४. यस शब्दमा त्यको ठाउँमा ते मात्र नभई दिको ठाउँमा दी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१०५. यहाँ प्यको ठाउँमा ये मात्र नभई दिको ठाउँमा वी पनि भएको छ। दिको ठाउँमा वी हुँदा दको ठाउँमा व र इ मात्राको ठाउँमा ई मात्रा भएको छ। दोस्रो अन्तर माथि २९ सङ्ख्यामा र तेस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४३. र > ल

°रक्ष्मी° (१,२,७) > °लक्ष्मी° (१,१-२,६), °शीरोरह° (४) > °श्रीलौरहः°[१०६] (४)

रिषिस्थ (१६) > लीषीस्त[१०७] (१३)

४४. र्द्ध > वो

°लर्द्ध° (५) > °लवो° (४)

४५. ल > र

चले (१०) > चरे (८)

४६. ल > ल्व

°मंण्डला° (५) > °मडल्वा°[१०८] (५)

४७. संयुक्ताक्षरको अन्त्यको व > उ मात्रा

द्वकायाओ (११) > दुकायाव[१०९] (९)

४८. संयुक्ताक्षरको अन्त्यको व > ओ मात्रा

ग्वह्मा ग्वह्मा (१०) > गोह्मा गोह्मा (९), ग्वह्मा° (१३) > गोह्मा° (११),

वक्व° (१२) > वको° (१०), जुक्वया (१३) > जुकोया (११)

ब्वलाछ्यया ॥ (१६) > बोलाछेयाः[११०] (१४)

---

१०६. यहाँ रोको ठाउँमा लौ हुँदा रको ठाउँमा ल मात्र नभई ओ मात्राको ठाउँमा औ मात्रा पनि भएको छ। दोस्रो अन्तर माथि १९ सङ्ख्यामा चढेको छ। यस शब्दमा थप शीको ठाउँमा श्री र हको ठाउँमा हः पनि भएको छ। अघिल्लो अन्तर तल ५० सङ्ख्यामा र पछिल्लो अन्तर माथि ६ सङ्ख्यामा चढेको छ।

१०७. यहाँ रिको ठाउँमा ली हुँदा रको ठाउँमा ल मात्र नभई इ मात्राको ठाउँमा ई मात्रा पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ। यस शब्दमा थप षिको षी र स्थको ठाउँमा स्त भएको छ। अघिल्लो अन्तर माथि १४ सङ्ख्यामा र पछिल्लो अन्तर तल ५४ सङ्ख्यामा चढेको छ।

१०८. यहाँ लाको ठाउँमा ल्वा मात्र नभई मंण्डको ठाउँमा मड पनि भएको छ। दोस्रो अन्तर माथि २ सङ्ख्यामा चढेको छ।

१०९. यस शब्दमा द्वको ठाउँमा दु मात्र नभई ओको ठाउँमा ब पनि भएको छ। दोस्रो अन्तर माथि ८ सङ्ख्यामा चढेको छ।

११०. यस शब्दमा ब्वको ठाउँमा बो मात्र नभई छ्यको ठाउँमा छे र २ वटा दण्डको ठाउँमा विसर्ग पनि भएको छ। दोस्रो अन्तर माथि ४० सङ्ख्यामा र तेस्रो अन्तर तल ६६ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४९. श > स

°श्रीमन्मानेश्वरि° (४) > °श्रीमनमानेस्वरी°[१११] (४), °प्रशादित° (५) > °प्रसादीत°[११२] (४)

°रघुवंशातार° (५) > °रघुवंसातार° (४), °श्वस्त्र° (६) > °स्वत°[११३] (५)

शुभं (१७) > सुभं (१४), शर्व्वदा (१७) > सर्वेदा[११४] (१५)

५०. श > श्र

°शीरोरह° (४) > °श्रीलौरहः°[११५] (४), °शास्त्र° (६) > °श्रीसु°[११६] (५)

५१. ष्ट > स्त

°मानेश्वरिष्ट° (४) > °मानेस्वरीस्त°[११७] (४)

५२. स्त्र > त

°श्वस्त्र° (६) > °स्वत°[११८](५)

---

१११. यस शब्दमा श्वको ठाउँमा स्व मात्र नभई मन्माको ठाउँमा मनमा र रिको ठाउँमा री पनि भएको छ। दोस्रो अन्तर तल ५९ सङ्ख्यामा र तेस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

११२. यस शब्दमा शाको ठाउँमा सा मात्र नभई दिको ठाउँमा दी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

११३. यस शब्दमा श्वको ठाउँमा स्व मात्र नभई स्त्रको ठाउँमा त पनि भएको छ। दोस्रो अन्तर तल ५२ सङ्ख्यामा चढेको छ।

११४. यस शब्दमा तालव्य शको ठाउँमा दन्त्य स मात्र नभई र्व्वको ठाउँमा वे पनि भएको छ। र्व्वको ठाउँमा वे हुँदा द्वित्व हटेको छ र अ मात्राको ठाउँमा ए मात्रा भएको छ। अघिल्लो अन्तर तल ५८ सङ्ख्यामा र पछिल्लो अन्तर माथि ११ सङ्ख्यामा चढेको छ।

११५. यस शब्दमा शीको ठाउँमा श्री मात्र नभई रोको ठाउँमा लौ पनि भएको छ र हपछि विसर्ग पनि थपिएको छ। रको ल भएको माथि ४३ सङ्ख्यामा, ओ मात्राको ठाउँमा औ मात्रा भएको माथि १९ सङ्ख्यामा र विसर्ग थपेकोचाहिँ माथि ६ सङ्ख्यामा चढेको छ।

११६. यस शब्दमा शाको ठाउँमा श्री हुँदा शको ठाउँमा श्र मात्र नभई आ मात्राको ठाउँमा ई मात्रा पनि भएको छ। यस शब्दमा थप स्त्रको ठाउँमा सु पनि भएको छ। दोस्रो अन्तर माथि १३ सङ्ख्यामा र तेस्रो अन्तर तल ५३ सङ्ख्यामा चढेको छ।

११७. यस शब्दमा ष्टको ठाउँमा स्त मात्र नभई श्वको ठाउँमा स्व र रिको ठाउँमा री भएको छ। दोस्रो अन्तर माथि ४९ सङ्ख्यामा र तेस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

११८. यस शब्दमा स्त्रको ठाउँमा त मात्र नभई श्वको ठाउँमा स्व पनि भएको छ। दोस्रो अन्तर माथि ४९ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५३. स्त्र > सु

°शास्त्र° (६) > °श्रीसु°[११९] (५)

५४. स्थ > स्त

रिषिस्थ (१६) > लीषीस्त[१२०] (१३)

५५. ह्नु > न

खुह्नु (२, १७) > षुनु[१२१] (२, १४)

५६. ह्न > न्ह

महसपि (८) > मन्हसपी[१२२] (७)

५७. ह्म > म

यायिह्मा (१०) > यायीमा[१२३] (८)

५८. द्वित्व > द्वित्वराहित्य

शर्व्वदा (१७) > सर्वेदा[१२४] (१५)

५९. हलन्त > अजन्त

°श्रीमन्मानेश्वरि° (४) > °श्रीमनमानेस्वरी°[१२५] (४)

---

११९. यस शब्दमा स्त्रको ठाउँमा सु मात्र नभई शाको ठाउँमा श्री पनि भएको छ। शाको ठाउँमा श्री हुँदा शको ठाउँमा श्र र आ मात्राको ठाउँमा ई मात्रा भएको छ। दोस्रो अन्तर माथि ५० सङ्ख्यामा र तेस्रो अन्तर माथि १३ सङ्ख्यामा चढेको छ।

१२०. यस शब्दमा स्थको ठाउँमा स्त मात्र नभई २ पटक इ मात्राको ठाउँमा ई मात्रा र रको ठाउँमा ल पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा र तेस्रो अन्तर माथि ४३ सङ्ख्यामा चढेको छ।

१२१. यस शब्दमा ह्नुको ठाउँमा नु मात्र नभई खुको ठाउँमा षु पनि भएको छ। दोस्रो अन्तर माथि २२ सङ्ख्यामा चढेको छ।

१२२. यस शब्दमा ह्नको ठाउँमा न्ह मात्र नभई पिको ठाउँमा पी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१२३. यस शब्दमा ह्माको ठाउँमा मा मात्र नभई यिको ठाउँमा यी पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१२४. यहाँ र्व्वको ठाउँमा बे हुँदा र्व्वमा द्वित्व मात्र नहटी अ मात्राको ठाउँमा ए मात्रा पनि भएको छ। दोस्रो अन्तर माथि ११ सङ्ख्यामा चढेको छ। यस शब्दमा थप तालव्य शको ठाउँमा दन्त्य स भएको छ। यो अन्तर माथि ४९ सङ्ख्यामा चढेको छ।

१२५. यस शब्दमा मन्माको ठाउँमा मनमा मात्र नभई श्वको ठाउँमा स्व र रिको ठाउँमा री भएको छ। दोस्रो अन्तर माथि ४९ सङ्ख्यामा र तेस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६०. अक्षर थपेको

°माहाराजधीराज° (६) > °श्रीश्रीमाहाराजधीराज° (५), थेमि (७) > थीथीस[१२६] (६)

न्य २ (९) > न्यपी २ (८), सम्वत् ८६० (१६-१७) > संम्वत् ७६० साल[१२७] (१४)

६१. अक्षर टुटाएको

याङाओ (८) > याङा (७), °रणजितमल्ल° (६) > °रनजीमल्ल°[१२८] (५-६)

माहाकाल (९) > माहाल (८), वृत्तिया (१५-१६) > वृत्ती[१२९] (१३)

६२. शब्द टुटाएको

लाक जुलो (१५) > जुलो (१२)

६३. अङ्क नमिलेको

८६० (१७) > ७६० (१४)

६४. अल्पविरामचिह्न > विसर्ग

ताओ ৎ (२) > तावः[१३०] (२)

६५. अल्पविरामचिह्न टुटाएको

यता ৎ (३) > येता[१३१] (३), द्वकायाओৎ (११) > दुकायाव[१३२] (९)

---

१२६. यस शब्दमा थेमिको ठाउँमा थीथीस हुँदा अन्त्यमा स मात्र नथपिई थेको ठाउँमा थी र मिको ठाउँमा थी पनि भएको छ। दोस्रो अन्तर माथि १८ सङ्ख्यामा चढेको छ। मिको ठाउँमा थी भएकोमा अघिल्लो अन्तर माथि ३५ सङ्ख्यामा र पछिल्लो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१२७. यहाँ अन्त्यमा साल मात्र नथपिई सम्वत्को ठाउँमा संम्वत् र ८६० को ठाउँमा ७६० पनि भएको छ। दोस्रो अन्तर माथि ३८ सङ्ख्यामा र तेस्रो अन्तर तल ६३ सङ्ख्यामा चढेको छ।

१२८. यस शब्दमा त अक्षर मात्र नटुटी णको ठाउँमा न र जिको ठाउँमा जी पनि भएको छ। दोस्रो अन्तर माथि २७ सङ्ख्यामा र तेस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१२९. यस शब्दमा या अक्षर मात्र नटुटी त्तिको ठाउँमा त्ती पनि भएको छ। दोस्रो अन्तर माथि १४ सङ्ख्यामा चढेको छ।

१३०. यहाँ यस्तो ৎ चिह्नको ठाउँमा विसर्ग मात्र नभई ओको ठाउँमा व पनि भएको छ। दोस्रो अन्तर माथि ८ सङ्ख्यामा चढेको छ।

१३१. यहाँ अन्त्यमा यस्तो ৎ चिह्न मात्र नहटी य को ठाउँमा ये पनि भएको छ। दोस्रो अन्तर माथि ३९ सङ्ख्यामा चढेको छ।

१३२. यहाँ अन्त्यमा यस्तो ৎ चिह्न मात्र नहटी द्वको ठाउँमा दु र ओको ठाउँमा व पनि भएको छ। दोस्रो अन्तर माथि ४७ सङ्ख्यामा र तेस्रो अन्तर माथि ८ सङ्ख्यामा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६६. २ वटा दण्ड > विसर्ग

ब्वलाछ्यया ॥ (१६) > बोलाछेयाः[१३३] (१४)

१०. पुरानो लिपि सामान्य चिन्ने, तर हिज्जेको ज्ञान नभएको कुपठित मान्छेले धस्काएर लेखेकोले नै यति बिदि गल्ती यस नकलमा भएको यतिसम्मका कुराबाट छर्लङ्ग हुन्छ। लिपिकरले सामान्यतया गर्ने खालका गल्ती[१३४] भन्दा सङ्ख्यामा र प्रकारमा बढी गल्ती यति सानो ताम्रपत्र सार्दा यस नकलमा भएको देखिन्छ। यस प्रसङ्गमा जोर्ज एब्रहचम ग्रीर्सनले आजभन्दा ९० वर्षभन्दा अगाडि लेखेको कुराको सम्झना सहसा हुन्छ–

> **नैपालीज्, लाइक् अद्अर् इन्डिअन्ज्, आर भेर्इ केर्लेस् इन् डिस्टिङ्ग्विश्इङ् इन् राइटिङ् बिट्वीन् लङ् यान्ड् शर्ट् *इ*, यान्ड् बिट्वीन् लङ् यान्ड् शर्ट् *उ*, लङ् *ई* बीइङ् क्वाइट् कम्अन्लि रिट्न् इन्स्टेड् अफ् शर्ट् *इ* यान्ड् शर्ट् *उ* इन्स्टेड् अफ् लङ् *ऊ*। दस् दे जेन्अर्अल्लि राइट् गरी[१३५] इन्स्टेड् अफ् गरि फर् *गरि*,[१३५] ह्याभ्इङ् डन्, यान्ड् घुस्[१३५] इनस्टेड् अफ् घुस् फर् *घुस्*,[१३५] अ ब्राइब्।[१३६]**
>
> **(नेपालीहरू अरू भारतीयहरू जस्तै एकदमै सामान्यतया ह्रस्व *इ*को ठाउँमा दीर्घ *ई* र ह्रस्व *उ*को ठाउँमा दीर्घ *ऊ* लेख्ने गरी दीर्घ र ह्रस्व *इ* तथा दीर्घ र ह्रस्व *उ* छुट्याउने काममा धेरै नै होश पुऱ्याउँदैनन्। यसरी तिनीहरू धेरै जसो *गरि*को ठाउँमा *गरी* र *घुस्*को सट्टा *घूस* लेख्छन्।)**

यो ताम्रपत्र उतार्ने मान्छेले जोर्ज एब्रहचम ग्रीर्सनले भने जस्तै बाइमात्राको ठाउँमा दाहिने त सर्वत्र लेखेका छन्,[१३७] उनले भने जस्तो तर्कुल्लेको ठाउँमा बर्धन्ने भने यस नकलमा एक ठाउँमा पनि छैन, बरु

---

१३३. यस शब्दमा २ वटा दण्डको ठाउँमा विसर्ग मात्र नआई **ब्व**को ठाउँमा **बो** र **छ्य**को ठाउँमा **छे** पनि भएको छ। दोस्रो अन्तर माथि ४८ सङ्ख्यामा र तेस्रो अन्तर माथि ४० सङ्ख्यामा चढेको छ।

१३४. जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धयाइएको पुस्तकमा भएका, लिपिकरले गर्ने खालका गल्तीको वर्गीकरण महेशराज पन्त २०५७:§ १.८ = १३८-२५२ मा छ।

१३५. यो शब्द मूलमा देवनागरीमै छ।

१३६. जोर्ज एब्रहचम ग्रीर्सन [१९७२/१९७३] २०२४/२०२५:२२।

१३७. यस ताम्रपत्रमा इ मात्रा ५१ ठाउँमा भएकोमा नकल सार्दा सर्वत्र ई मात्रा छ① (माथि अशुद्धिका प्रकारको १४ सङ्ख्या हेर्नू)।

---

① खुलाएर भन्नुपर्दा मूलमा बिलसा भएकोमा नकलमा नल्सा भएको छ (माथि अशुद्धिका प्रकारको ३२ सङ्ख्या)। यो त शब्द नै फरक भएको उदाहरण हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बर्धन्नेको ठाउँमा तर्कुल्ले लेखेको उदाहरण भेटिएको छ।[१३८] नेवारी लिपिको तर्कुल्ले नागरीको जस्तो सर्वत्र दाहिनेबाट बाङ्गिएर देब्रेतिर माथि नगई नागरीको बर्धन्ने जस्तै धेरै जसोमा देब्रेतिर बाङ्गिएर दाहिनेतिर तल झर्ने हुनाले नेवारी लिपिमा अनभ्यस्त मान्छेले नेवारी लिपिमा कुँदिएको यो ताम्रपत्र सार्दा तर्कुल्लेलाई बर्धन्ने सम्झेको उदाहरणको रूपमा यस गल्तीतर्फ औँल्याउन सकिन्छ।

११. हुनत पुरानो लिपि सामान्य चिन्ने, तर हिज्जेको ज्ञान नभएको कुपठित मान्छेले धस्काएर लेखेकोले नै मूलतः यी गल्ती भएका हुन् तापनि ६६ थरीमा बाँडिएका यी भेदलाई वर्गवर्गमा राख्न नसकिने होइन। पहिलो ध्वनिपरिवर्तनको कारणले,[१३९] दोस्रो लिपि नचिन्दा,[१४०] तेस्रो आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आउँदा,[१४१] चौथो सानोतिनो सम्झी वास्ता नगर्दा,[१४२] पाँचौँ व्याकरण

---

१३८. °धूरि° (४ पङ्क्ति) र °नेपालभू° (५ पङ्क्ति) गरी यस ताम्रपत्रमा २ ठाउँमा बर्धन्ने आएकोमा नकल सार्नेले अघिल्लोलाई °धुरी° (माथि अशुद्धिका प्रकारको १६ सङ्ख्या) र पछिल्लोलाई °नेपालन्न° (माथि अशुद्धिका प्रकारको ३५ सङ्ख्या) पढेका छन्। पछिल्लोमा बर्धन्नेसहितको मूल अक्षरै अशुद्ध पढिएकोले बर्धन्ने पढ्न बिग्रिएकोमा यसलाई गन्नुपरेन।

१३९. ७, ८, १२, २१, २४, २६, २७, २८, ३०, ३६, ३९, ४०, ४१, ४३, ४५, ४७, ४८, ५१, ५५, ५६, ५७।

१४०. २, ९, १३, १६, १७, १९, २३, २५, ३४, ४४, ५०, ५२, ५३, ६३, ६४।

१४१. १५, १८,① २०, २९, ३१, ३२, ३३, ३५, ४२, ४३, ४९, ५४, ५९,② ६०।

१४२. २, ३, १४,③ ५८,④ ६५।

---

① मूलमा **येमि सरण** भएकोमा नकलमा **थीयीस सरण** हुनु बोल्दा उस्तै सुनिने वर्ण थपिएकोको राम्रो उदाहरण हो। यस्तै वेहोराका अरू ताम्रपत्रमा **येमिश ् शरण*** वा **येमिस शरण**★ भएकोमा यस ताम्रपत्रमा **येमि सरण** हुनुचाहिँ बोल्दा उस्तै सुनिने वर्ण हटेकोको राम्रो उदाहरण हो।

② °**श्रीमन्मानेश्वरि**°को °**श्रीमनमानेस्वरी**° भएको यो उदाहरण ध्वनिपरिवर्तनमा जानुपर्ने भए पनि नेवारकालका लेखमा पाइने **श्रीमन्मानेश्वरी**°को ठाउँमा पछिपछिका कागजातमा **श्रीमनमानेश्वरी**☆ लेख्ने गरेको र **श्री हटाउँदा मनमानेश्वरी**✦ लेख्ने बोल्ने गरेको देखिएकोले आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा यसलाई राखिएको हो।◆

③ मूलमा इ मात्राको ठाउँमा ई मात्रा हुन गएका यी गल्ती सिद्धान्ततः ध्वनिपरिवर्तनमा समेटिनुपर्ने हुन् तापनि इ मात्राभन्दा ई

---

* रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ मा मूलको ६ पङ्क्ति। यो ताम्रपत्र प्रकाश गर्दा **येमिशपछि** यस्तो ् चिह्न राखिएकोमा तात्कालिक पत्रहरूमा यस्तो ् चिह्न हुने हुनाले पछिल्लो चिह्न माथि राखिएको हो।

★ डिल्लीरमण रेग्मी २०२३ खः २९९मा मूलको ६ पङ्क्ति।

✪ उदाहरणको लागि महेशराज पन्त २०५५:३६ = ५ सङ्ख्या, ३७ = ६ र ७ सङ्ख्या, ३८ = ८ सङ्ख्या, ३९ = ९ र १० सङ्ख्या, ४० = ११ सङ्ख्या, ३७ = १२ सङ्ख्या, ४२ = ६१३ सङ्ख्या, ४४ = १५ सङ्ख्या।

☆ उदाहरणको लागि यज्ञनाथ आचार्य २०६१:९२ = परिशिष्ट नं १०, ९४ = परिशिष्ट नं १२ क।

✦ उदाहरणको लागि महेशराज पन्त २०४४।

◆ भाषामा गहिरो पैठ हुनेहरूले **श्रीमन्मानेश्वरी** (ज्ञानमणि नेपाल २०५९) वा **मानेश्वरी** (महेशराज पन्त २०४४) लेख्ने गरे पनि साधारण मानिसहरूले मात्र होइन, इतिहासमा कलम चलाउनेहरूले (उदाहरणको लागि सुदर्शनराज तिवारी २०५९, यज्ञनाथ आचार्य २०६१ र प्रकाश दर्नाल २०६४) सुद्धा **मनमानेश्वरी** लेख्दै आएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नजान्दा,[१४३] छैटौँ मूलको भौतिक स्वरूपमा विकार आएकोले भ्रम पर्दा,[१४४] सातौँ अक्षरको कुँदाइवाट भ्रम पर्दा,[१४५] आठौँ अक्षर वा शब्द टुट्दा,[१४६] नवौँ मूलको २ रूपबाट एउटा छान्दा,[१४७] दशौँ षको उच्चारण ख गरेको प्रभावमा खको ठाउँमा ष लेख्दा[१४८] र एघारौँ विरामचिह्नको साटो अरू नै लेख्दा[१४९] हुने गल्ती गरी यिनलाई सामान्यतया ११ वर्गमा बाँड्न सकिन्छ। यिनमा पहिलोमा २१, दोस्रोमा १५, तेस्रोमा १४, चौथो र पाँचौँ दुवैमा ५, छैटौँ, सातौँ, आठौँ हरेकमा २ र नवौँ, दशौँ, एघारौँ हरेकमा १ गरी यी ६६ थरी वर्गलाई तह लाउन सकिन्छ।

यिनमा थरी अशुद्धिका प्रकार एउटै वर्गमा नसमेटिई २ वटा भिन्नाभिन्नै वर्गमा राखिएको कुरा पनि यहाँनिर भनिहाल्नुपर्छ। कुरा के भने

मूलमा °**मंण्डलासंण्डल**° भएकोमा नकलमा °**मडल्वासडल**° हुँदा २ पटक अनुस्वार हटेको र त्यति नै पटक **ण्डलाई ड** पढेकोले यहाँ अनुस्वार र परसवर्ण दुवै हटेका छन्।[१५०] यिनमा अनुस्वार हटेकोलाई सानोतिनो सम्झी वास्ता नगरेको खानामा र **ण्ड**को ठाउँमा **ड** पढेकोलाई लिपि नचिनेको खानामा राख्नुपर्ने भएकोले अशुद्धिको प्रकारको २ सङ्ख्यामा रहेको यो दृष्टान्त २ वटा वर्गमा पर्न गएका हुन्।[१५१] मूलमा **र** भएकोमा नकलमा **ल** हुन गएकामध्ये कुनैलाई आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा र कुनैलाई ध्वनिपरिवर्तनको खानामा राखी यहाँ छुट्याइएको छ। खुलाएर भन्दा मूलमा °**रक्ष्मी**° भएकोमा नकलमा °**लक्ष्मी**° र मूलमा **रिषिस्य** भएकोमा नकलमा **लीषीस्त** भएका यी

१४३. ५, ६, ३७, ३८, ४९⑦।
१४४. ४, १०।
१४५. १९, ४६।
१४६. ६१, ६२।
१४७. १।
१४८. २२।
१४९. ६६।
१५०. नकलमा यहाँ २ पटक अनुस्वार र त्यति नै पटक परसवर्ण मात्र नहटी **ल**को ठाउँमा **ल्ल** पनि भएको छ। पछिल्लो अन्तर अशुद्धिका प्रकारको ४६ सङ्ख्यामा चढेको छ। त्यसको यहाँ प्रयोजन नभएकोले माथि यस विषयमा नलेखिएको हो।
१५१. माथि १४२ र १४० सङ्ख्याका टिप्पणी।

मात्रा लेख्न सजिलो हुने भएकोले सानोतिनो सम्झी वास्ता नगरेको खानामा यी गल्ती राखिएका हुन्।

④ मूलमा द्वित्व भएकोमा द्वित्व हटाइएको यो रूप सिद्धान्ततः ध्वनिपरिवर्तनमा समेटिनुपर्ने हो तापनि द्वित्वको उच्चारण गर्ने चलन हटिसकेको जमानाको लिखत यो भएकोले सानोतिनो सम्झी वास्ता नगरेको खानामा यो राखिएको हो।

⑤ शको स हुनु मूलतः ध्वनिपरिवर्तनको उदाहरण भए तापनि उच्चारण गर्दा ऊष्मभेद गर्ने चलन हटिसकेको जमानाको लिखत यो भएकोले आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा नपरेका गल्ती जति व्याकरण नजानेको खानामा राखिएका हुन्। तल § ११ को अन्तिम कण्डिका पनि हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उदाहरण हेर्दा ध्वनिपरिवर्तनका जस्ता देखिए पनि यिनको शुद्ध रूपमा **ल** आउने हुनाले यिनलाई आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा र मूलमा °**शीरोरह**° भएकोमा नकलमा °**श्रीलौरहः**° भएकोलाई चाहिँ ध्वनिपरिवर्तनको खानामा राख्नुपर्ने भएकोले अशुद्धिको प्रकारको ४३ सङ्ख्यामा रहेका यी दृष्टान्त २ वटा वर्गमा पर्न गएका हुन् ।[१५२]

मूलमा तालव्य **श** भएकोमा नकलमा दन्त्य **स** हुन गएकामध्ये कुनैलाई आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा र कुनैलाई व्याकरण नजानेको खानामा राखी यहाँ छुट्टयाइएको छ । खुलाएर भन्दा मूलमा °**प्रशादित**° भएकोमा नकलमा °**प्रसादीत**° र मूलमा **शर्व्वदा** भएकोमा नकलमा **सर्वेदा** हुँदा तालव्य शको ठाउँमा दन्त्य स भएका यी उदाहरण यी शब्दको शुद्ध पाठ दन्त्य स भएकोले आफूलाई ठीक लागेको कुरा अनायास पाठमा आएको खानामा र मूलमा °**मानेश्वरी**° भएकोमा नकलमा °**मानेस्वरी**°, मूलमा °**रघुवंशा**° भएकोमा नकलमा °**रघुवंसा**° र मूलमा **शुभं** भएकोमा नकलमा **सुभं** भएका जस्ता उदाहरणलाई व्याकरण नजानेको खानामा राख्नुपर्ने भएकोले अशुद्धिको प्रकारको ४९ सङ्ख्यामा रहेका यी दृष्टान्त २ वटा वर्गमा पर्न गएका छन् ।[१५३]

१२. आफूले सधैँ सुनिरहेका वा पढिरहेका कुनै कुनै शब्दमा चाहिँ मूलमा हिज्जे अशुद्ध हुँदा नकलमा सच्चिएको पनि नदेखिने होइन । मूलको °**रक्ष्मीदेविया** (१ पङ्क्ति)को ठाउँमा °**लक्ष्मीदेवीया** (१ पङ्क्ति), °**रक्ष्मीदेवियाके** (२ पङ्क्ति)को ठाउँमा °**लक्ष्मीदेवीयाके** (१–२ पङ्क्ति), °**रक्ष्मीदेवि** (७ पङ्क्ति)को ठाउँमा °**लक्ष्मीदेवी** (६ पङ्क्ति), **श्रीद्यवताया** (११ पङ्क्ति)को ठाउँमा **श्रीदेवताया** (९ पङ्क्ति) र **प्रसारभाग** (१२ पङ्क्ति)को ठाउँमा **प्रसादभाग** (१० पङ्क्ति) भई आएकोलाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।

३ सङ्ख्या

नगदेश गणेशस्थानको ताम्रपत्र

१३. गूठीसंस्थानको काठमाडौँ भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा २५ नम्बरको पोकामा दपोटगूठीमा यो नकल छ । यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षण-परियोजनाको माइक्रोफिल्मको रील नम्बर के १०१/३३ मा भएको छ ।

---

१५२. माथि १४१ र १३९ सङ्ख्याका टिप्पणी ।①

१५३. माथि १४१ र १४३ सङ्ख्याको टिप्पणी ।②

---

① रको ठाउँमा ल भएकोमा मात्र यहाँ चासो राखिएको छ, अरू गल्तीको वास्ता गरिएको छैन ।

② तालव्य शको ठाउँमा दन्त्य स र दन्त्य सको ठाउँमा तालव्य श भएकोमा मात्र यहाँ चासो राखिएको छ, अरू गल्तीको वास्ता गरिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पत्रको दायाँ फट्केमा २ पङ्क्ति गरी **नकल्बमोजीम् उल्था गरेका दुरुष्ट छ भनि सहिछाप गर्ने पं. चितहर्ष वज्राचार्य** १ लेखी त्यसको उठानमा सानो गोलो छाप लगाइएको छ। यस पत्रको शिरमा **श्री** लेखिएको छ र अलिकति ठाउँ छोडी बायाँ च्यापेर वीरपुस्तकालयको छाप[१५४] लगाइएको छ। त्यस छापको बीचमा दायाँपट्टिको भाग च्यापेर <u>पुस्तकखानाबाट</u> लेख्न थालिएको छ र त्यो लेखाइ छापपछिको खाली ठाउँसम्म आएको छ।

वीरपुस्तकालयको छापको दायाँपट्टि त्योभन्दा धेरै ठूलो, गोलो छाप लगाइएको छ। त्यस छापमा २ वटा वृत्त काटिएको छ। ती २ वटा वृत्ताकार घेराको बीचमा रोमन लिपिमा ठूला अक्षर लेखिएका छन्। ती अक्षर रीडर प्रिन्टमा त्यति स्पष्ट नआएकाले ३।४ वटा अक्षर छोडेर अरू पढ्न सकिएन। दोस्रो घेराको भित्रपट्टि लेखिएको कुरा त झनै अस्पष्ट छ।

यस ताम्रपत्रको चित्तहर्ष वज्राचार्यले पढेको पाठ र गरेको उल्था सच्याउँदा जहाँ जहाँ अक्षर थपिएको छ, त्यहाँ त्यहाँ पनि उनको छाप लगाइएको छ। त्यो छाप सबै ठाउँमा स्पष्ट छैन तापनि कहीं कहीं स्पष्ट भएकोले त्यसको सामान्य वयान गर्न सकिन्छ। गोलो छापमा वृत्त काटी त्यस छापको सबभन्दा माथि **श्री** र श्रीको दायाँबायाँ चन्द्रसूर्य छन्, त्यसको तल **चित्तहर्ष** लेखिएको छ, त्यसभन्दा तल अङ्क देखिन्छ। अङ्क त्यति स्पष्ट छैन तापनि १९९८ हो कि जस्तो लाग्छ।

यस पत्रमा मूल ताम्रपत्रबाट राजाको प्रशस्ति उतारिसकेपछि बायाँपट्टि मूलपाठ र दायाँपट्टि त्यसको नेपालीमा उल्था दिइएको छ। मूल ताम्रपत्र मैले नदेखेकोले चित्तहर्ष वज्राचार्यको पाठ छोड्ने अवस्थामा नहुँदा त्यो पाठ जस्ताकोतस्तै तल उतारेको छु, उल्था भने छपाएको छैन।

कहाँ रहेको मूल ताम्रपत्रबाट चित्तहर्ष वज्राचार्यले पाठ पढ्ने र उल्था गर्ने काम गरे भन्ने कुरा नखुलाए पनि अनुमान गर्न भने नसकिने होइन। यस ताम्रपत्रको उठानमै **श्री ३ गणेशदेवस्के पति ताङा बिया** अर्थात् **श्री ३ गणेशदेवकहाँ पत्र टाँसिदिइयो** र अलि तल **नकदेशया पञ्चायता गुठ बु हेने मदयकाव तोलताव बिया जुलो** अर्थात् **नगदेशको पञ्चलाई गूठीको खेत मासिन नपाउने गरी छोडिदिएको भयो** भनी लेखिएकोले नगदेश गणेशस्थानमा यो ताम्रपत्र राखेको देखिन्छ। यिनै रणजित् मल्लको ने.सं. ८८९ (वि.सं. १८२५) मार्गशुक्लचतुर्थी[१५५]को ताम्रपत्र पनि यही गणेशस्थानमा राखिएको यस प्रसङ्गमा सम्झनुपर्छ।[१५६]

---

१५४. वीरपुस्तकालयको छापको बयानको लागि महेशराज पन्त २०६२:२ मा ८ सङ्ख्याको टिप्पणी हेर्नू।

१५५. माथि ४ सङ्ख्याको टिप्पणी हेर्नू।

१५६. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१४. १. श्री ३ तलेजु सहाय ॥ श्री ३ गणेशदेवस्के पति ताङा

२. बिया ———————————————

३. शुभ स्वस्ति श्रीमतपशुपतिचरणकमलधूरिधूस-

४. रितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्र-

५. सादितरघुवंशावतारदेदीप्यमानमानोन्नततेपा-

६. लभूमण्डलाखण्डलशस्त्रशास्त्रप्रवीणमहारा-

७. जाधिराज श्रीश्रीजयरणजीत मल्लदेव श्रीश्रीवृ-

८. द्धिलक्ष्मीदेवी श्रीश्रीसाहेबजुजु नेह्मा माच्या

९. येमिस शरण चोङ वया वेलस नकदेशया पञ्चा-

१०. यता गुठ बु हेने मदयकाव तोलताव बिया जुलो ॥

११. ग्वह्मसेनं श्व मखयकाव गुठ बु हेना वह्मयाता प-

१२. ञ्चमाहापातक लाक जुलो ॥ अत्र पत्रार्थया सा-

१३. क्षि श्रीराय मल्ल त्रिपक्वक्षेया वृर्तिया धाकच्य

१४. दुवारपनि साक्षि जुलो लिखित जसराज भंडि-

१५. ल बोलाछेया ॥ सं ८६० वैशाषवर्दि ४ आदित्यवा-

१६. र कुन्हु तया शुभमस्तु सर्वदा ॥ ———————————

यी २ ताम्रपत्रको विषयमा केही कुरा

१५. बोडे महालक्ष्मीस्थानमा र नगदेश गणेशस्थानमा राखिएका उही मितिका यी दुवै ताम्रपत्रमा वृद्धिलक्ष्मी र युवराज (साहेबजुजु) ठिमीमा शरण पर्न गएको कुराको चर्चा छ । यही कुरा यी २ ताम्रपत्रभन्दा ३ दिनअगाडिको मिति भएका, ठिमी बालकुमारीस्थानमा[१५७] र चोपुर गणेशस्थानमा[१५८] राखिएका ताम्रपत्रमा पनि छ ।

---

१५७. डिल्लीरमण रेग्मी २०२३ खः२९८-२९९ ।

१५८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा रणजित् मल्ल, युवराज (साहेबजु) र वृद्धिलक्ष्मीदेवीको चर्चा ने.सं. ८५९ (वि.सं. १७९५) कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण)प्रतिपदाको भक्तपुर ब्रह्माणीस्थानमा राखिएको ताम्रपत्रमा पनि छ ।[१५९]

१६. रानी वृद्धिलक्ष्मीले ईश्वरसँग दुःखपुकारा गरी लेखेका २ वटा गीत प्रकाशमा आएका छन् । तिनमा अघिल्लोमा छोरा (साहेब)को पालना होस् भनी भैरव र तलेजुसँग बिन्ति गरिएको छ र पछिल्लोमा चाहिँ बालकको रक्षा होओस् भनी हरिसँग बिन्ति गरिएको छ र हरेक पङ्क्तिको आद्याक्षर कदेखि क्षसम्मका छन् ।[१६०] स्वास्नीमान्छेको भाखामा लेखिएको यस गीतको अन्त्यमा **वृद्धिलछिमिया धनसाहेबन ह्लाल कखया मे (वृद्धिलक्ष्मीका धनसाहेबले कखको गीत बोलेको हो)** भनी लेखिएको चाखलाग्दो छ । छोरासमेतकी वृद्धिलक्ष्मीलाई दुःख पर्दा यी गीतको रचना भएको यताबाट देखिएको छ ।

रानी वृद्धिलक्ष्मी छोरा लिई किन ठिमीमा शरण लिन जानुपऱ्यो भन्ने विषयमा केही लेख्नु अप्रासङ्गिक नहोला । क्रिस्तान धर्म फैलाउन ह्लासा हुँदै वि.सं. १७९९ को भदौमा भक्तपुर आई वि.सं. १८०३ को मङ्सीरसम्म त्यहीं बसेका,[१६१] इटालीको माचारेताका, कापुचिन पादरी कास्सिआनो[१६२]को डायरीबाट यस विषयमा केही प्रकाश पर्ने हुनाले त्यसबाट सम्बद्ध अंशको उल्था तल दिइन्छ–

---

१५९. डिल्लीरमण रेग्मी २०२३ ख:२९७ = १४१ सङ्ख्या ।

१६०. जनकलाल वैद्य २०४६:११९-१२३ ।
उही २०५९:१२३-१२६ ।

१६१. फुल्जेन्तिउस भान्नानि २०३३:१३८ ।

१६२. डिल्लीरमण रेग्मी(२०२३:२४६)ले यो डायरी लेख्ने पादरीको नाउँ Cassino लेखेका छन् । तर लूछयाह्रो पेतेक २००९/१० कमा तिनको नाउँ Cassiano छ, यसभन्दा अघिल्लो भाग (लूछयाह्रो पेतेक २००९/१०:२७५)मा पनि तिनको नाउँ Cassiano नै छ, लूछयाह्रो पेतेकको यही ग्रन्थको पहिलो भाग (२००८/९) मैले हेरेको छैन तापनि यसको उल्था गर्ने सुरेन्द्र ढकाल (२०६०:१५७ मा १६ सङ्ख्या)ले यिनको नाउँ **कास्सिआनो** लेखेकाले त्यहाँ पनि Cassiano नै छ भनी भन्न सहिन्छ । यस कारण ती पादरीको शुद्ध नाउँ Cassiano (**कास्सिआनो**) हो भन्ने स्पष्ट हुन्छ । लूछयाह्रो पेतेककै पुस्तकको आधारमा फुल्जेन्तिउस भान्निनिले लेखेको पुस्तक(२०३३)मा यिनै पादरीको नाउँ Cassian (उही:१०, १५, २९, ३१, ४२ र ४३ पृष्ठको बीचको पत्र, ४३, ४७, ५०, ५१, ५७ र ५८ पृष्ठको बीचको पत्र, ११०, १२४, १३३, १३८) भएकोले त्यहाँ **कास्सिआनो**को अङ्ग्रेजी रूप दिएको देखिन्छ । यस कारण डिल्लीरमण रेग्मीले हिज्जेमा a (ए) अक्षर छुटाएको स्पष्ट छ ।
जनकलाल वैद्य (२०५९:१२४)ले डिल्लीरमण रेग्मी २०२३ को आधार लिई यो बयान **क्यासिनो डेसिडेरी**को भनी लेखेका छन् । जनकलाल वैद्यले **क्यासिनो** र **डेसिडेरी** भनेका मानिस वास्तवमा भिन्नाभिन्नै २ मानिस हुन् । डिल्लीरमण रेग्मीले एक ठाउँ (२०२३:२४६)मा **कास्सिनो** र उही मान्छेलाई अर्को ठाउँमा भ्रमवश **देजिदेरि** (उही:२४९) लेख्न पुगे पनि उनले त्यो अशुद्धि *शुद्धिपत्र* (उही:१०५९)मा सच्याएका छन् । इप्पोलितो देजिदेरिको यात्रा वि.सं. १७६९ मा शुरू भई वि.सं. १७८४ मा टुङ्गेको र रणजित् मल्लको युवराज को हुने भन्ने विषयको कलह वि.सं. १७९७ मा शुरू भएकोले इप्पोलितो देजिदेरिको यात्रावर्णन (फिलिप्पो दे फिलिप्पि)मा सामान्यतया यो कुरा पर्न पनि पर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भादगाउँका राजालाई अर्को अतिअप्ठेरो बाधा आइपऱ्यो । एक जना [ब्याइते] रानीबाट जन्मेको बच्चालाई आफ्नो औरस छोरा र राज्यको उत्तराधिकारी नमान्न उनले हर कोशिश गरे । राज्यको कानूनको विरोधमा गई आफ्नै छोरालाई उत्तराधिकारी बनाउने विचार गरेकी भित्रेनीको बहकाउमा राजाले यसो गरेका थिए । यसबाट दुनियाँ राजामाथि खनिए र आफ्ना [औरस] छोरालाई विधिपूर्वक उत्तराधिकारी मानी राजाले तिनीहरूलाई सन्तुष्ट पार्नुपऱ्यो । हामी आइपुग्दा साना राजा २ वर्षका थिए । भित्रेनीले साना राजालाई सिध्याउने आफ्नो मनसुबा पूरा गर्न कुनै कसर बाँकी राखिनन् । दुनियाँलाई खुशी पार्नको लागि मजबूर भई राजाले भर्ना गरेका बुद्धिमान् नायबले अरू २ जनासँग मिली रानी र [उनका] छोरालाई भाग्न मदत गरे । उनीहरूले ठिमीमा आश्रय लिए । यो र अरू केही ठाउँ बाबु ज्यूँदै हुँदा पनि उत्तराधिकारीको विशेष सुविधामा पर्थे । ठिमी, नगदेश र नालाका दुनियाँहरूले छोरालाई राजा भनी कराए । यसले राजालाई हुनसम्म दुःखी बनायो । यस नयाँ घटनाबारे निर्णय गर्न राजाले ठूलो सभा डाक्ने विचार गरी [ई.सं. १७४२] अप्रिल २६ तारीखको दिन साँझ त्यो [सभा] बोलाउने आज्ञा दिए । मेरो विचारमा यो अनौठो [कुरा] भएकोले यो कुरा [नलेखी] छोड्न मलाई ठीक लाग्दैन । घाम अस्ताएको लगभग २ घण्टापछि नायब, ४ जना मुख्य ब्राह्मण र अरू मुख्य मानिसहरूसँग राजा आफ्नो दरबारका १२ चोकमध्ये एउटा चोकमा आई खुला बगल भएको ठाउँमा पूरै अँध्यारोमा बसे । चोकबाट माथिका मान्छेहरूसँग राजा बसेको ठाउँमा पस्न २ वटा ढोका खुलै छाडिएका थिए । आफ्नो मनमा लागेको कुरा भन्न खोज्ने जोसुकै पनि भित्र यसै पस्न सकोस् भनी ती ढोकाबाट चौकीदारहरू हटाइएका थिए । लहरै थुप्रै मानिस पसे । तर नचिनिन तिनीहरू सबै आफूलाई पूरै ढाकी राजा बसेको चोकमा आए । कसैले उनको अपमान गरी उनलाई गाली गरे, कसैले मनपरीसम्म भने, कसैले उनलाई धम्क्याए, कसैले सल्लाह दिए र आफ्नो सल्लाह मान्न आग्रह गरे । तर ती सबैले आफूलाई मन लागेको कुरा भन्दा आफू नचिनिने हुन स्वर बिगारी बोलेका थिए । मध्यरातपछि अबेलासम्म आफ्ना नजीकका मान्छेहरूसहित राजा झण्डै झण्डै उपहासपात्र भई बसिरहे । जब कोही पनि देखा पर्न छोडयो, ढोकाहरू बन्द गरिए र कुन पक्ष लिने भन्ने र भारी कुराहरूको विषयमा सल्लाह दिन त्यो सभा भोलिपल्टसम्मको लागि मुल्तबी राख्ने निर्णय भयो । यस्तो सभा राजासँग दुनियाँ सन्तुष्ट नभएको यस्तै अवस्थामा मात्र राति बोलाइन्छ । ती दुनियाँहरू ज्यानमारा खास गरी राजहन्ता नभएकाले आफ्नो ज्यानबारे राजा झण्डै ढुक्क हुन्छन् । हदैसम्म जाँदा यिनीहरू राजालाई पदच्युत गरी दरबारमै एउटा कोठामा थुन्ने वा देशनिकाला गर्ने गर्छन् । त्यस सभापछि राजाले कुन पक्ष लिए भन्ने कसैलाई थाहा भएन ।

हामीकहाँ आई एक वा अर्को पक्षका मानिसहरूले कचकच गर्न बाँकी राखेनन् । कसैले राजासँग कुरा गर्ने काममा प्रीफेक्ट (कुनै इलाकामा रहने पादरीहरूमध्ये मुख्य पादरी)लाई लगाउन खोजे । हामी कसैलाई पनि आड दिन आएका होइनौं, न त राजनीतिका कुरामा कपट गर्न आएका हौं, हामी त खालि सच्चा धर्म सिकाउन आएका हौं भनी प्रीफेक्ट यस्तो कुरा कहिले पनि कति पनि मन पराउँदैनन् । पादरीहरूसँगै भोट जान आएका प्रीफेक्ट भोटतर्फ नलागेसम्म काठमाडौंमा बस्न खोज्ये । तर यो फेरि एउटा नाजुक पाइला थियो । काठमाडौंका राजाको भादगाउँका राजासँग लडाई मात्र चलिरहेको थिएन, उनले यस विद्रोहमा साथ पनि दिएका थिए । साँचो कुरा के हो भने काठमाडौंमा बसिरहेका ३ जना क्रिस्तानहरूको कारणले गर्दा एक ठाउँबाट अर्को ठाउँमा चाड मनाउन जुनसुकै वेला पनि जान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाउनको लागि ती २ राजामध्ये १ जनाको पक्ष लिएर हामीले अर्कालाई ओझेलमा पार्नु हुँदैन भन्नेमा हामी दृढ थियौं। तर हामीलाई यही किसिमको अभय अर्को सिद्धान्तका पक्षपाती दुनियाँहरूले गर्दा छैन। त्यस कारण विचार पुऱ्याउनु जरूरी थियो।[१६३]

१७. युवराज बनाइएका, २ वर्षका छोरालाई च्यापी युवराजमाता ठिमीमा शरण लिई बसिन् भन्ने पादरी कास्सिआनोको डायरीबाट बुझिएको र माथि चर्चा गरिएका, वि.सं. १७९७ का ४ वटै ताम्रपत्रमा रानी वृद्धिलक्ष्मी र युवराज ठिमीमा शरण पर्न गएको कुरा लेखिएको छ। पादरी कास्सिआनोको बयानमा ठिमीमा शरण पर्न जाने रानीको नाउँ परेको छैन तापनि ती ४ वटै ताम्रपत्रमा रानी वृद्धिलक्ष्मी र उनका छोरा ठिमीमा शरण लिन गएको कुरा परेकोले यी रानीको नाउँ वृद्धिलक्ष्मी रहेछ भन्ने खुलस्त हुन्छ। रानी वृद्धिलक्ष्मीका छोराको बोलाउने नाउँ धनसाहेब रहेछ भन्ने कुरा वृद्धिलक्ष्मीको गीतबाट माथि उद्धरण गरिएको अंशबाट थाहा भए पनि तिनको खास नाउँ के रहेछ भन्ने खोजी गर्नुपरेको छ।

१७.१. ने.सं. ८५८ (वि.सं. १७९५) श्रावणकृष्णद्वितीयाको दिन राजा रणजित् मल्लका छोराको जन्म ठिमीमा भयो भनी एउटा तात्कालिक टिपोटमा लेखिएको छ।[१६४] युवराज (साहेबजु) र वृद्धिलक्ष्मीदेवीको चर्चा ने.सं. ८५९ (वि.सं. १७९५) कार्तिककृष्णप्रतिपदाको एउटा ताम्रपत्रमा आएको कुरा माथि (§ १५ को अन्तिम कण्डिकामा) परिसकेको छ। २ वर्षको उमेरमा युवराज बनाइएका राजकुमारलाई लिई रानी पछि ठिमीमा गई बसेको कुरा पादरी कास्सिआनोले लेखेकाले र आमाछोराले ठिमीमा शरण लिएको कुरा ताम्रपत्रबाट बुझिएकोले वि.सं. १७९५ मा ठिमीमा जन्मेका राजकुमार यिनै युवराज देखिन्छन्। राजकुमारको जन्म ठिमीमा हुनु र पछि शरण पर्न रानी र युवराज ठिमीमा गएकोबाट ठिमीसँग खास सम्बन्ध भएको देखिन्छ। ठिमी भक्तपुरको गद्दीका उत्तराधिकारीको विशेष सुविधामा पर्ने ठाउँ भनी पादरी कास्सिआनोले लेखेको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ।

---

१६३. लूछ्याह्नो पेतेक २००९/१० क: ३२-३३ बाट गरिएको उल्था। त्यस दुर्लभ पुस्तकबाट सम्बद्ध अंश टाइप गरी ई-मेलबाट पठाइदिएकोमा अस्त्रिद क्राउज़लाई धन्यवाद छ। यो उल्था प्रमोदप्रसाद खकुरेलको सहयोगमा गरिएको हो। यसको लागि उहाँलाई धेरै धेरै धन्यवाद छ। उन्नाइसौँ शताब्दीको इटालियन भाषामा लेखिएको यस अंशको उल्थामा अलि पुरानो इटालियन राम्रो जान्नेको दृष्टि परी यसको परिष्कृत रूप प्रकाशमा आउनु आवश्यक छ जस्तो मलाई लाग्छ।

मिस्तिओनारि इतालिआनि, इट्सेट्र भल्. २, पार्ट् ४ को ३३ पृष्ठबाट उद्धरण गरेको भनी उद्धृत अंशको उठानमा र बैठानमा उद्धरणचिह्न राखी डिल्लीरमण रेग्मी (२०२३:२४६-२४८) ले यही अंशको अङ्ग्रेजी उल्था दिएका छन्। डिल्लीरमण रेग्मीको उल्था मूलको पूरै शब्दानुवाद वा भावानुवाद नभई त्यहाँ कहीं सारांश मात्र दिइएको छ र कहीं मूलमा हुँदै नभएका कुरा पनि थपिएको छ भन्ने कुरा मूलसँग दाँजेर हेर्दा स्पष्ट हुन्छ। डिल्लीरमण रेग्मीले लूछ्याह्नो पेतेकको पुस्तकमा यो अंश ३३ पृष्ठमा छ भने पनि वास्तवमा यो अंश ३२-३३ पृष्ठमा छ।

१६४. डिल्लीरमण रेग्मी २०२३ क: ठ्यासफू एफ् = दोस्रो खण्ड १०५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७.२. रानी वृद्धिलक्ष्मी र छोरा देवेन्द्र मल्लले इष्टापूर्त र धर्मकर्म गरेको केही प्रमाण पाइएका छन्। ने.सं. ८७१ (वि.सं १८०७) फाल्गुनशुक्लसप्तमीको दिन बनेपामा पुलको[१६५] र ने.सं. ८७१ (वि.सं १८०८) आषाढशुक्लदशमीको दिन बनेपामा धर्मशालाको प्रतिष्ठा गरेका[१६६] तथा ने.सं. ८७४ (वि.सं. १८१०) चैत्रशुक्लद्वितीयाको दिन भक्तपुरको तेखाचोटोलकी वाराहीमा तावाको चँदुवा,[१६७] ने.सं. ८७४ (वि.सं. १८११) चैत्रकृष्णद्वितीयाको दिन भक्तपुरको तौमढीटोलका आकाशभैरवनाथमा पित्तलको चँदुवा[१६८] यी आमाछोराले चढाएका थिए।

वि.सं. १७९५ मा ठिमीमा जन्मी शरण लिन गएकी आमासँगै ठिमी पुगेका राजकुमारको नाउँ देवेन्द्र मल्ल रहेछ भन्ने यतिसम्मका कुराबाट थाहा हुन्छ।

रणजित् मल्ल र वृद्धिलक्ष्मी मिली ने.सं ८८६ (वि.सं. १८२३) को महाष्टमीको दिन आफ्नो इष्टदेवता तलेजुलाई ३० तोलाको दीयो चढाएको देखिएकोले[१६९] कमसेकम यस वेलासम्म वृद्धिलक्ष्मी बाँचिरहेको देखिएको छ।

१८. बर्सेनि मार्गकृष्ण (पूर्णान्तमानले पौषकृष्ण)प्रतिपदाको दिन महालक्ष्मीको पूजा गर्ने र देशको मङ्गल-कामना गरी हरेक चतुर्दशीको दिन राति महालक्ष्मीको पूजा[१७०] गरी बलि दिने कुरा माथि १ सङ्ख्याको ताम्रपत्रमा लेखिएको छ। रानी वृद्धिलक्ष्मी र युवराज (साहेबजुजु) ठिमीमा शरण परेको वेलामा ३ ठाउँको गरी जम्माजम्मी २४ रोपनी जग्गा सरकारलाई तिरो तिर्न नपर्ने गरी गूठी राखिएको थियो भन्ने कुरा पनि यस ताम्रपत्रबाट आउँछ। यो गूठी चलाउने जिम्मा बोडेका पञ्चहरूलाई दिई गूठी राखिएका खेतको आयस्ताबाट उनीहरूले पूजा गराएर ३२ जना रकमीलाई भोज खुवाउनुपर्ने र त्यस वेला आउने जतिलाई प्रसादको भाग दिनुपर्ने कुरा पनि यहाँ लेखिएको छ।

रानी वृद्धिलक्ष्मी र युवराज (साहेबजुजु) ठिमीमा शरण परेको वेलामा नगदेशका पञ्चहरूको जिम्मामा खेत गूठी राखेको कुरा माथि २ सङ्ख्याको ताम्रपत्रमा लेखिएको छ। तर १ सङ्ख्याको ताम्रपत्रमा जस्तो गूठी राखेको जग्गा कहाँको हो र कति गूठी राखेको हो, यस ताम्रपत्रमा खुलाइएको छैन।

यी २ ताम्रपत्रभन्दा ३ दिनअगाडि ठिमी बालकुमारीस्थानमा[१७१] र चोपुर गणेशस्थानमा[१७२] राखिएका अरू

---

१६५. श्यामसुन्दर राजवंशी २०५३:१२०-१२१ = *बनेपा पुल बजार पुलमुनि उमा महेश्वरको पाटीको अभिलेख*।

१६६. उही:१२२-१२३ = *बनेपा पुल बजार पुलमुनि उमामहेश्वरको पाटीको शिलाभिलेख*।

१६७. महेशराज पन्त छापिन बाँकी १ सङ्ख्या।

१६८. पुरुषोत्तमलोचन श्रेष्ठ २०६०-६१:५३।

१६९. महेशराज पन्त छापिन बाँकी २ सङ्ख्या।

१७०. मूलमा भुजा छ, नकलमा पुजा छ (माथि अशुद्धिका प्रकारको ३३ सङ्ख्या हेर्नू)। यहाँ भुजाको भन्दा पूजाको सन्दर्भ मिल्छ।

१७१. डिल्लीरमण रेग्मी २०२३ ख:२९८-२९९।

१७२. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ ताम्रपत्रबाट रानी वृद्धिलक्ष्मी र युवराज (साहेबजुजु) ठिमीमा शरण परेको वेलामा ती ती ठाउँकै पञ्चहरूको जिम्मामा खेत गूठी राखेको कुरा बुझिन्छ । हाम्रो २ सङ्ख्याको ताम्रपत्रमा जस्तै यी दुवै ताम्रपत्रमा गूठी राखेको जग्गाको ठाउँ र परिमाण खुलाइएको छैन ।

१९. यी ४ वटै ताम्रपत्रको बेहोरा [भक्तपुर] बोलाछेंका जसराज भण्डलले लेखेको हो भनी ती ती ताम्रपत्रमा लेखिएको छ । यी ४ वटै ताम्रपत्रमा उही उही अर्थात् [भक्तपुर] तिप्रक्वछेंका राय मल्ल, जागीरदार (वृत्तिया), ढाके (धाकच्या) र द्वारे (दुवार) साक्षी राखिएका छन् ।

२०. मल्ल थर भएका साक्षीको नाउँ माथि १ सङ्ख्याको ताम्रपत्रमा राज मल्ल र बाँकी ३ वटा ताम्रपत्रमा राय मल्ल छ । यसरी एउटै मान्छेको नाउँमा कहीं ज र कहीं य देख्दा संस्कृतको ज प्राकृतमा य भएको उदाहरण यो हो भनी भन्नुपर्छ ।[१७३]

राजा यक्ष मल्लका, वि.सं. १५०६ मा जन्मी[१७४] पछि स्वतन्त्र भक्तपुर राज्यको पहिलो राजा भएका छोराको नाउँ राय मल्ल र वि.सं. १५२४ मा परलोक भइसकेका[१७५] अर्का छोराको नाउँचाहिं राज मल्ल भएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ । वि.सं. १४९० देखि १५२५ सम्म मेवाडमा राज्य गर्ने महाराणा कुम्भकर्ण[१७६]का छोराको राजमल्ल[१७७] र रायमल्ल[१७८] (राज्यकाल वि.सं. १५३०-१५६६)[१७९] दुवै नाउँ चलेको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१५ ।

१७३. जो यः ।

(*प्राकृतप्रकाश* ११।४)

(जको ठाउँमा य हुन्छ ।)

जद्यर्या यः ।

(*सिद्धहेमशब्दानुशासन* ८।४।२९२)

(मागधीमा ज, द्य र यको ठाउँमा य① हुन्छ ।)

१७४. ने. सं. ५७३ (वि.सं. १५०९) मार्ग-अमावास्याको दिन राय मल्लको सुवर्णतुलादान गर्दा उनको उमेर २ वर्ष ९ महीनाको थियो भन्ने कुरा तात्कालिक टिपोटमा लेखिएकोले (नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५: १६४) राय मल्लको जन्म वि.सं. ने.सं. ५७० चैत्र (आसन्न वि.सं.१५०६ चैत्र) मा भएको देखिन्छ ।

१७५. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९: मूलभाग १३१-१३२ ।

१७६. दशरथ शर्मा २०२६/२७:४६-७८ ।

१७७. वि.सं. १५४३ शाके १४०८ प्रथममार्गकृष्णत्रयोदशी बृहस्पतिवारको शिलापत्रमा राजमल्ल (देवदत्त रामकृष्ण भाण्डारकर:८६१ सङ्ख्या)
वि.सं. १५४५ चैत्रशुक्लदशमी बृहस्पतिवारको शिलालेखमा राजमल्ल (उही:८६२ सङ्ख्या)
वि.सं. १५५६ भाद्रशुक्लत्रयोदशी मङ्गलवार र वि.सं. १५६१ शाके १४२६ वैशाखशुक्लतृतीया बुधवारको मिति भएको शिलालेखमा राजमल्ल (उही:८७३ सङ्ख्या)

---

① आदेर्यो जः (*सिद्धहेमशब्दानुशासन* ८।१।२४५) (पदको आदिमा रहेको यको ठाउँमा ज हुन्छ) भन्ने सूत्र बाँध्नको लागि यहाँ यको ठाउँमा य नै हुन्छ भनेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[१८०] वर्णक्रमअनुसारको तालिका

एन.पी. चक्रवर्ती र बहादुरचन्द छाबड़ा [२०१३/१४] २०४३/४४
= रणछोडमा हेर्नू।

जनकलाल वैद्य २०४६
= वि.सं. २०४६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ७ अङ्कका ११४-१२३ पृष्ठमा छापिएको, जनकलाल वैद्यको *राष्ट्रिय अभिलेखालयका अभिलेख-ग्रन्थहरूमा पत्ता लागेका कवयित्री रानीहरू*।

जनकलाल वैद्य २०५९
= वि.सं. २०५९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, जनकलाल वैद्यको *नेपालभाषाया प्राचीन काव्य सिर्जना* (नेवारी भाषाको पुरानो काव्यको सिर्जना)।

---

१७८. वि.सं. १५५६ को शिलालेखमा रायमल्ल (देवदत्त रामकृष्ण भाण्डारकर:८७२ सङ्ख्या)
वि.सं. १५५७ वैशाखशुक्लषष्ठी शुक्रवारको शिलालेखमा रायमल्ल (उही:८७४ सङ्ख्या)①

क्षेत्रसिंहस्ततो लाषा लक्षदो मोकलस्ततः ।९।
स कुंभकर्णोभूत्पुत्रो मोकलोस्यास्य (मोकलस्यास्य) मस्तकात् ।
स्रवति स्म जलं गांगं प्रसिद्धमिति निश्यभूत् ।१३।
कुंभकर्णोय भूपोभूद्दुर्गकुंभलमेरुकृत् ।
स [षोड]शशतस्त्रीयकु(युग्) । रायमल्लोय राज्यकृत् ।१४।

(*राजप्रशस्ति महाकाव्य* ३ सर्ग = एन.पी. चक्रवर्ती र बहादुरचन्द छाबड़ा [२०१४] २०४३/४४:१७ । त्यहाँ मोकलोस्यास्य छापिएकोमा अर्थानुरोधले मैले कोष्ठमा (मोकलस्यास्य) बनाएको हुँ ।)
(उहाँ (हम्मीर)बाट क्षेत्रसिंह, उहाँबाट लाख दिने लाखा, उहाँबाट मोकल भइबक्स्यो ।।९।
उहाँ मोकलका छोरा उहाँ कुम्भकर्ण भइबक्स्यो । उहाँको शिरबाट राति गङ्गाजीको जल चुहिन्थ्यो भन्ने प्रख्यात थियो ।।१३।
अनि कुम्भलमेरु किल्ला बनाउने, सोह सय स्त्री भएका, राजा कुम्भकर्ण भइबक्स्यो । अनि राज्य गर्ने रायमल्ल भइ-बक्स्यो ।।१४।)

१७९. दशरथ शर्मा २०२६/२७:७९-८५ ।

१८०. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । प्राचीन शैलीका ग्रन्थमा रचयिताको नाउँ दिइएको भए तापनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:§ ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण यहाँ गरिएको छ । प्राचीन शैलीको ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने त्यस ग्रन्थको कर्ता र ग्रन्थको नाउँ यहाँ राखिएका छैनन् । गूठीअड्डाको कागत र त्यसको माइक्रोफिल्मका रीलको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

---

① वि.सं. १५३७ वैशाखकृष्ण त्रयोदशी बुधवारको शिलालेखमा रैमल भएको पनि यस प्रसङ्गमा भन्नुपर्छ (देवदत्त रामकृष्ण भाण्डारकर:८५६ सङ्ख्या)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जोर्ज एब्रहम ग्रीर्सन [१९७२/७३] २०२४/२५

= ई.सं. १९१६ (वि.सं. १९७२/७३) मा प्रकाशित जोर्ज एब्रहम ग्रीर्सनको *इन्डो-एर्इअन् फ्यामिली सेन्ट्रल् ग्रूप्। स्पेस्इमिन्ज् अफ् पहाळी ल्याङ्ग्विज्इज् यान्ड् गुजुरी* (भारतीय-आर्यभाषाकुलको मध्यवर्ती समुदाय– पहाळी भाषाहरू र गुजुरीका नमूना।) *लिङ्ग्विस्ट्इक् सर्भे अफ् इन्डिअ* (भारतका भाषाहरूको निरीक्षण) ९ खण्ड, ४ भाग।

ई.सं. १९६८ (वि.सं २०२४/२५) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित।

ज्ञानमणि नेपाल २०५९

= वि.सं. २०५९ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* पूर्णाङ्क २३६ का १३-१२ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *श्रीमन्मानेश्वरी देवी : ऐतिहासिक दिग्दर्शन*।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) २ भाग।

डिल्लीरमण रेग्मी २०२३ क

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्तावाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* ३ भाग।

डिल्लीरमण रेग्मी २०२३ ख

= ई.सं. १९६६ (वि.सं. २०२३) मा काठमाडौंवाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* ४ भाग।

दशरथ शर्मा २०२६/२७

= ई.सं. १९७० (वि.सं. २०२६/२७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दशरथ शर्माको *लेक्चर्ज् अन् राज्पुट् हिस्टरि यान्ड् कल्चर्* (रजपूत-इतिहास र संस्कृतिमा व्याख्यानहरू)।

देवदत्त रामकृष्ण भाण्डारकर

= *इपिग्राफिय इन्डिक* (भारतीय अभिलेख-सङ्ग्रह) १९-२३ भागको परिशिष्ट अर्थात् देवदत्त रामकृष्ण भाण्डारकरको *अ लिस्ट् अफ् दि इन्स्क्रिप्शन्ज् अफ् नर्दर्न् इन्डिअ, इन् ब्राह्मी यान्ड् इट्स् डेरिभ्एटिभ् स्क्रिप्ट्स्, फ्रम् अबाउट् २०० ए.सी.* (उत्तरभारतका, ब्राह्मी र यसवाट निस्केका लिपिमा [कुँदिएका], लगभग ई.सं. २०० देखिका अभिलेखको सूची)।

यो परिशिष्ट ई.सं. १९८३ (वि.सं. २०३९/४०)मा नयाँ दिल्लीबाट आर्कीअलज्इक्ल सर्भे अफ इन्डिअद्वारा फेरि प्रकाशित।[१८१]

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*।

नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५

= वि.सं. २०३५ काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको *सुमतितन्त्रम्*मा २ परिशिष्टको रूपमा छापिएको *ताडपत्रोपलब्धः सुमतिसिद्धान्तः* (ताडपत्रमा पाइएको *सुमति-सिद्धान्त*)।

---

१८१. यो परिशिष्ट पहिलोपटक कहिले कहाँबाट छापियो भन्ने कुरा यसबाट खुल्दैन तापनि सुज़न एल. हन्टिङ्टन (२०४०:२५४) अनुसारयो ई.सं. १९३२-३८ (वि.सं. १९८९-१९९५)मा कलकत्ताबाट छापिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पन्नाप्रसाद जोशी २००७

= ने.सं. १०७० (वि.सं. २००७) मा काठमाडौँबाट पन्नाप्रसाद जोशीद्वारा प्रकाशित, उनैको *नेपाल देशया अक्षर बोध* (नेपाल देशको अक्षरबोध)।

पुरुषोत्तमलोचन श्रेष्ठ २०६०-६१

= ई.सं. २००४ जनवरी-जून (वि.सं. २०६०-६१) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* २४ वर्ष १-२ सङ्ख्याको ५३ पृष्ठमा छापिएको, पुरुषोत्तमलोचन श्रेष्ठको *भैरवमन्दिरको वृद्धीलक्ष्मीदेवी*[१८२] *र देवेन्द्रमल्लदेवको अभिलेख*।

प्रकाश दर्नाल २०६४

= वि.सं. २०६४ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* २९९ पूर्णाङ्कका १३१-१३४ पृष्ठमा छापिएको, प्रकाश दर्नालको *टङ्गालस्थित मनमानेश्वरीमा रहेका मूर्तिहरू*।

प्राकृतप्रकाश

= *वररुचि*मा हेर्नू।

फिलिप्पो दे फिलिप्पि

= इप्पोलितो देजिदेरिले इटालियनमा लेखेको यात्रावृत्तान्तको अङ्ग्रेजी उल्थाको फिलिप्पो दे फिलिप्पिद्वारा सम्पादित पुस्तक।

ई.सं. १९३७ (वि.सं. १९९३/९४) मा लन्डनबाट जोर्ज रूट्लेज़ यान्ड सन्जद्वारा प्रकाशित, *यान् अकाउन्ट् अफ् टिबेट् : द ट्रयाभ्ल्स् अफ् इप्पोलितो देजिदेरि अफ् पिस्तोइआ, एस्. जे. १७१२-१७२७* (भोटको बयान – पिस्तोइआका जेज्यूइट पादरी इप्पोलितो देजिदेरिले वि.सं. १७६९ देखि १७८४ सम्म गरेको यात्रा)को पुनःशोधित संस्करण।

ई.सं. १९९५ (वि.सं. २०५१/५२) मा नयाँ दिल्लीबाट एशियन एडयुकेशनल सर्भिस्इजद्वारा फेरि प्रकाशित।

फुल्जेन्तिउस भान्निनि २०३३

= ई.सं. १९७७ (वि.सं. २०३३) मा नयाँ दिल्लीबाट प्रकाशित, फुल्जेन्तिउस भान्निनिको *क्रिस्चन् सेट्लमन्ट्स् इन् नेपाल् डयूरइ दि एटीन्थ् सेन्चुरइ* ([ईसवीको] अठाह्रौँ शताब्दीमा नेपालमा क्रिस्तान वस्तीहरू)।

महेशराज पन्त २०४४

= वि.सं. २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कको ६८ पृष्ठमा छापिएको, महेशराज पन्तको *पृथ्वीनारायण शाहले मानेश्वरीको गूठीको पोता माफ गरी गरिदिएको लालमोहर*।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्धवटा ताम्रपत्र*।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४३९ देखि १४६० सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, २० वटा लिखतपत्र*।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

---

१८२. यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *रणजित् मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २२ वटा लिखतपत्र (वि.सं. १७८१-१८२२)* ।

महेशराज पन्त २०५७ ख

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपेत्र*।

महेशराज पन्त २०५७ ग

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ४१-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंह र उनका छोराहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १५ वटा लिखतपत्र*।

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट पन्डित पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मी रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या)।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११० पूर्णाङ्कका ३४-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *जङ्गममठसम्बन्धी ८ वटा पत्र* ।

महेशराज पन्त २०६० क

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ३०-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – थप १० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६० ख

= *पूर्णिमा* १११ पूर्णाङ्कका ४३-५८ पृष्ठमा छापिएको, महेशराज पन्तको *दुर्गानाथी देव गिरिले राखेको शिलापत्र* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका ९१-१०० पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको एउटा अभिलेख* ।

महेशराज पन्त २०६४ क

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १२५-१५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रसम्बन्धी वि.सं. १९७४ वैशाख ३० गतेको फैसला* ।

महेशराज पन्त छापिन बाँकी

= *रानी वृद्धिलक्ष्मीका २ वटा अभिलेख*।

यज्ञनाथ आचार्य २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट भरत के.सी. तथा ईश्वरमान श्रेष्ठद्वारा प्रकाशित, यज्ञनाथ आचार्यको *कुल तथा इष्टदेवी मनमानेश्वरी* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रणछोड *राजप्रशस्ति महाकाव्य*

= ई.सं. १९५७ (वि.सं. २०१३/१४)मा दिल्लीबाट म्यान्इजर अफ पब्लिकेशन्जद्वारा प्रकाशित, *इपिग्राफिय इन्डिक* २९ भागको परिशिष्ट (१-९० पृष्ठ)मा छापिएको, एन.पी. चक्रवर्ती र बहादुरचन्द छाबड़ाको *राजप्रशस्ति इन्स्क्रिप्शन् अफ् उदैपुर* (उदयपुरको राजप्रशस्ति अभिलेख)।

इपिग्राफिय इन्डिक को यो भाग ई.सं. १९८७ (वि.सं. २०४३/४४) मा फेरि प्रकाशित।

राजप्रशस्ति महाकाव्य

= रणछोडमा हेर्नू।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौड़ेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौंबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२० मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ११ भाग।

लूछघाह्रो पेतेक २००८/०९

= ई.सं. १९५२ (वि.सं. २००८/०९) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछघाह्रो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* (भोटमा र नेपालमा धर्मप्रचार गर्ने इटालियनहरू) १ भाग।

लूछघाह्रो पेतेक २००९/१०

= ई.सं. १९५३ (वि.सं. २००९/१०) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछघाह्रो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* ३ भाग।

लूछघाह्रो पेतेक २००९/१० क

= ई.सं. १९५३ (वि.सं. २००९/१०) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछघाह्रो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* ४ भाग।

वररुचि *प्राकृतप्रकाश*

= ई.सं. १८५३ (वि.सं. १९०९) मा प्रकाशित एड्वार्ड बी. काउवेलको *द प्राकृत-प्रकाशः अर्, द प्राकृत् ग्राम्अर् अफ् वररुचि, विद् द कमेन्टरि (मनोरमा) अफ् भामह* (*प्राकृत-प्रकाश* अर्थात् वररुचिको प्राकृतव्याकरण, भामहको टीका (*मनोरमा*)सहित)।

ई.सं. १९७७ (वि.सं. २०३३/३४) मा नयाँ दिल्लीबाट कज्मो पब्लिकेशन्जद्वारा फेरि प्रकाशित।

शङ्करमान राजवंशी २०१७

= वि.सं. २०१७ मा काठमाडौंबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *प्राचीन लिपि वर्णमाला*।

शङ्करमान राजवंशी २०३१

= ई.सं. १९७४ (वि.सं. २०३१) मा काठमाडौंबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलास*[१८३] २ वर्ष १-२ अङ्कका २३-१२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *देवनागरी लिपिको विकास*।

---

१८३. कैलासको स दन्त्य हुनुपर्नेमा तालव्य श भएकोले पाश्चात्त्यहरूको र तिनका पिछलग्गूहरूको संस्कृतज्ञानको इयत्ता देखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्यामसुन्दर राजवंशी २०५३

= वि.सं. २०५३ मा बनेपाबाट बनेपानगरपालिकाद्वारा प्रकाशित, हरिराम जोशीद्वारा सम्पादित *बनेपा सातगाउँ (बनेपा नगरपालिकाको स्मारिका -३)* का १०२-१९७ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *भोंट देशका सात गाउँ र त्यहाँका अभिलेखहरू* ।

सिद्धहेमशब्दानुशासन

= हेमचन्द्रमा हेर्नू।

सुज़न एल. हन्टिङ्टन २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०)मा लाइडनबाट ई.जे. ब्रिलद्वारा प्रकाशित, सुज़न एल. हन्टिङ्टनको *द "पाल-सेन" स्कूल्ज् अफ् स्कल्प्चर्* (मूर्तिका पाल-सेन सम्प्रदायहरू) ।

सुदर्शनराज तिवारी २०५९

= ई.सं. २००२ (वि.सं. २०५९) मा काठमाडौँबाट हिमाल बुक्सद्वारा प्रकाशित, सुदर्शनराज तिवारीको *द ब्रिक् यान्ड् द बुल्: यान् अकाउन्ट् अफ् हाँडिगाउँ, दि एन्शन्ट् क्यापुइटल् अफ् नेपाल* (ईँट र साँढे– नेपालको पुरानो राजधानी हाँडिगाउँको बयान) ।

सुरेन्द्र ढकाल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सुरेन्द्र ढकालको *तिब्बत र नेपालमा इटालियन धर्मप्रचारकहरू*।

लूछ्याह्नो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* १ भागको उल्था यो हो।

हेमचन्द्र *सिद्धहेमशब्दानुशासन*को ८ अध्याय

= ई.सं. १९५८ (वि.सं. २०१५) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, परशुराम लक्ष्मण वैद्यको *प्राकृत-व्याकरणम् – आचार्यश्रीहेमचन्द्रविरचितस्य सिद्धहेमचन्द्राभिधस्य शब्दानुशासनस्य प्रकाशिकानामस्वोपज्ञवृत्तिसहितस्याष्टमोऽध्यायः* (*प्राकृतव्याकरण – प्रकाशिका* नाउँ भएको स्वोपज्ञवृत्तिसहितको, आचार्य श्रीहेमचन्द्रले बनाएको *सिद्धहेमचन्द्र* भन्ने नाउँ भएको व्याकरणको आठौँ अध्याय)।

हेमराज शाक्य २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, हेमराज शाक्यको *वर्ण-परिचय* ।

हेमराज शाक्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, हेमराज शाक्यको *नेपाल लिपि-प्रकाश* ।

हेमराज शाक्यवंश २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट मानदास र सुगतदासद्वारा प्रकाशित, हेमराज शाक्यवंशको *नेपाल लिपि संग्रह* २ संस्करण।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दाहाको अर्थ गर्ने प्रसङ्गमा

– महेशराज पन्त

भक्तपुरका अन्तिम राजा रणजित् मल्लका अभिलेखमा आएको दाहा शब्दको अर्थ गर्ने प्रसङ्गमा चालिएको एक पाइलाको रूपमा यो लेख जन्मन पुगेको हो। कुरा के भने कान्तिपुर, ललितपुर र गोरखाका राजाले वाभू कब्जा गरी सोमलिङ्गमा ठाना हाली बस्दा ठाना हटाएर आफूले वाभू फर्काएको खुशीयालीमा[1] राजा रणजित् मल्लले ठिमी, बोडे, नगदेश र चोपुरका पञ्चप्रजाहरूलाई एउटा दाहा दिए भनी ठिमी बालकुमारी-स्थानको निदालमा कीला ठोकी राखिएको, ने.सं. ८५१ (वि.सं. १७८७) माघकृष्ण (पूर्णान्तमानले फाल्गुनकृष्ण)द्वितीयाउप्रान्त तृतीया (फाल्गुन १७ गते)[2] शनिवारको ताम्रपत्रमा[3], त्यही खुशीयालीमा राजा रणजित् मल्लले प्रजापञ्चलाई एउटा दाहा दिए भनी भक्तपुर तलेजुचोकको निदालमा कीला ठोकी राखिएको, ने.सं. ८५१ (वि.सं. १७८८) चैत्रकृष्ण (पूर्णान्तमानले वैशाखकृष्ण)एकादशी (वैशाख २३ गते)[4] बुधवारको ताम्रपत्रमा[5] र राजा रणजित् मल्ल, राजकुमार (साहेबजु) र वृद्धिलक्ष्मीले ६ वटा दाहा बनाएर भक्तपुरका पञ्चहरूलाई दिए भनी ने.सं. ८५९ (वि.सं. १७९५) कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण)प्रतिपदा बृहस्पतिवारको भक्तपुर ब्रह्माणीस्थानमा कीला ठोकी राखिएको ताम्रपत्रमा लेखिएको छ।[6]

अघिल्ला २ ताम्रपत्रमा दाहाको अगाडि छ पु रु स लेखिएको छ। रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल (२०२०:१४)ले पछिल्लो ताम्रपत्र पहिलोपटक छपाउँदा ती चारै अक्षर जोडेका छन्। दुवै ताम्रपत्र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य (२०२१:५२, ५३)ले पछि छपाउँदा छपु एउटा र रुस अर्को पद गरी छुट्टचाएका छन् र छपु रुस दाहाको अर्थ एउटा सुनको दाहा (?) भनी गरेका छन्। धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ (२०३५:१७१)ले दुवै ताम्रपत्रको सम्बद्ध अंशको पाठ छपुरुस दाहा छपाएका छन् र छपुरुस दाहाको अर्थ एउटा 'दाहा' (दोहाविशेष) (उही:१७१, १७२) भन्ने गरी यस्तो निष्कर्ष निकालेका छन् –

> यस विषयमा उपर्युक्त रणजित्मल्लका ताम्रपत्रहरूले निकै प्रकाश पारेका छन्। उपर्युक्त ताम्रपत्रहरूमा कान्तिपुर, ललितपुर र गोरखाको संयुक्त शत्रुसैन्यलाई भक्तपुर शहर र तदन्तर्गतका बस्तीका

१. रणजित् मल्लले वाभू फर्काएपछि थापूजागूठी खडा गरेको बही पाइएको छ। त्यसको सामान्य वर्णनको लागि जनकलाल वैद्य २०५८:१४५ हेर्नू।
२. दिनेशराज पन्त २०४५:७८५।
३. उही:७८४-७८५ = ७८ सङ्ख्या।
४. उही:७८७।
५. उही:७८६-७८७ = ७९ सङ्ख्या।
६. डिल्लीरमण रेग्मी २०२३:२९७ = १४१ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रजापञ्चहरूले हराई आफ्ना ओभू आदि किल्ला फिर्ता गराइएको खुशियालीमा रणजित्मल्लले दाहा (दोहाविशेष) निगाहा गरी दिइएको कुरा परेको छ । भक्तपुरका (राजधानीका) प्रजापञ्चहरूलाई त यसभन्दा पहिले पनि तीन वटा गीत निगाह गरी दिइसकेकोमा अर्को गीत थपी निगाह गरियो भन्ने उल्लेख तलेजुचोकको ताम्रपत्रमा परेको छ । यसबाट आफ्ना राजाले रचेर दिइएका गीतहरू प्रजापञ्चहरू हर्ष र गौरवसाथ गाउँदा रहेछन्; यसै हुँदा राजाबाट गीत बनाई दिइयोस् भनी उनीहरू माग गर्दा रहेछन् भन्ने कुरा थाहा पाइन्छ । यो परम्परा निकै विचारणीय छ । प्रजापञ्चहरूको आफ्ना राजाप्रति रहेको भक्ति र आदर-भावको यो सुन्दर नमूना हो भनी लिन सकिन्छ ।

उपर्युक्त ताम्रपत्रहरूभन्दा अलिपछिको भक्तपुर ब्रह्मायणीस्थानको ताम्रपत्रबाट त्यस वेलासम्ममा रणजित्मल्लले ६ वटा गीतहरू आफ्ना नामले जनतालाई प्रदान गरिसकेका थिए भन्ने थाहा पाइन्छ । [...]

(उही:१७३)

यसरी राजाले गीत बनाई प्रजापञ्चलाई निगाह गरी दिनुबाहेक ओभूकाण्डमा विशेष काम गर्नेहरूलाई हात्ती र नगद पुरस्कार पनि दिइएका थिए भन्ने कुरा ठिमी र नकदेशका अभिलेखबाट थाहा पाइन्छ ।

(उही:१७४)

दिनेशराज पन्तले यी दुवै ताम्रपत्र दिँदा धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठले जस्तै पाठ छपुरुस र अर्थ एउटा दाहा (दोहाविशेष)[७] गरेका छन् र [...] काठमाडौँ, पाटन तथा गोरखाका राजा मिलेर वाभू कब्जा गरेर सोमलिङ्गकोटमा ठाना हालेर बसेकामा तीन राज्यको संयुक्त फौजलाई ठिमी, बोडे, नकदेश, चोपुरका पञ्चप्रजा उठेर हमला गरी धपाएको खुशियालीमा रणजित् मल्लले कसैलाई आफूले बनाएको दोहा, कसैलाई हात्ती, कसैलाई रुपियाँ बकस दिएको कुरा परेको छ भनी निष्कर्ष निकालेका छन् ।

साहित्यिक कृतिमा पनि सङ्ख्यावाचक शब्दमा पु प्रत्यय नै लाग्ने भएकोले[८] एउटा दोहा भन्नुपर्दा छपु दोहा हुनेमा सन्देह छैन । यी ताम्रपत्रको दाहा दोहा हो भने जहाँ जहाँ यो शब्द आउँछ, त्यहाँ त्यहाँ किन लखकानो छुटचो त । अर्को कुरा दाहालाई दोहा मात्रे हो भने छपुपछि आएको रुसलाई के गर्ने ।

यस विषयमा देविचन्द्र श्रेष्ठको तर्क (वि.सं. २०६४ जेठ १६ गते भएको कुराकानी) नगरा बुझाउने धाःको पूर्वरूप नै दाहा हो भन्ने छ । अल्पप्राण दा महाप्राण धामा र हा विसर्गमा बदलिनु सम्भव भए पनि नगरा बुझाउने संस्कृत शब्द ढक्काको पर्याय नेवारीमा अर्थ दिइएका *अमरकोष*का पुस्तकमा[१०] र

---

७. दिनेशराज पन्त २०४५:७८४, ७८७ ।

८. उही २०४१:२५४ ।

९. उदाहरणको लागि ठाकुरलाल मानन्धर २०४३:-५ र कमलप्रकाश मल्ल आदि २०५७:पु (क्लास्इफायर) ।

१०. स्याद् यशःपटहो ढक्का (*अमरकोष* १।७६)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*अमरकोष*को शैलीमा संस्कृत शब्दको नेवारीमा अर्थ दिइएको कोषमा[11] ढाक वा धाक भएकोले र अलि झीनो किसिमको लामो वस्तु बुझाउन सङ्ख्यावाचक शब्दपछि पु प्रत्यय आई छपु, निपु, स्वपु, पेपु, न्यापु र खुपु जस्ता शब्द बन्ने हुनाले[12] सङ्ख्यावाचक छपु शब्द नगरा बुझाउने शब्दको विशेषण भई आउन सक्छ जस्तो मलाई लाग्दैन ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य (२०२१:५२, ५३)ले दिएको पाठ अर्थात् छपु रुस र एउटा सुनको भनी गरेको त्यसको अर्थको समर्थनमा अब केही लेख्नुपरेको छ ।

रको ठाउँमा ल र लको ठाउँमा र लेखिएका असङ्ख्य उदाहरण पाइने[13] हुनाले सुन बुझाउने लुको अर्थमा यहाँ रु आएको हो र रुपछि आएको सले षष्ठी विभक्ति अर्थात् को बुझाएको हो ।

रणजित् मल्लले सोमलिङ्गमा रहेको फौज हटाएर वाभू फिर्ता लिई गोर्खालीहरूलाई समातेको खुशीयालीमा द्वारे आदि २२ जना प्रजापञ्चलाई हात्ती (किसि) दिएको कुरा ठिमी बालकुमारीस्थानको दायाँबायाँ रहेका दुवै तोरणमा गरी कुँदिएको, ने.सं. ८५२ (वि.सं. १७८८) माघशुक्लपञ्चमी (माघ २३ गते)[14]को अभिलेखमा[15] र राजा रणजित् मल्लले गोरखालीहरूलाई समाती सोमलिङ्गमा रहेको फौज हटाई वाभू फिर्ता गरेको खुशीयालीमा नगदेशका प्रजापञ्चलाई पैसा (दाम) दिएको कुरा नगदेश लाछिटोलको गणेशस्थानको निदालमा कीला ठोकी राखिएको, ने.सं. ८५२ (वि.सं. १७८९) आषाढशुक्लतृतीया (आषाढ १६ गते)[16]को ताम्रपत्रवाट[17] थाहा हुन्छ । रणजित् मल्लले एक थरी प्रजापञ्चलाई हात्ती जस्तो दामी जन्तु र अर्को थरी प्रजापञ्चलाई दाम नै बकस दिँदा अरू २ थरी प्रजापञ्चलाई दिएको वस्तु सुनले बनेको थियो भन्ने यतासम्मका कुराबाट स्पष्ट भएको छ ।

दाहाको अर्थ मलाई नलागे पनि यसको आकार अलि झीनो किसिमको र लामो हुन्थ्यो तथा रणजित् मल्लले बकस दिएको दाहाचाहिँ सुनको (रुस) थियो भन्ने यतासम्मका कुराबाट स्पष्ट भएको छ ।

माथि चर्चा गरिएको, ने.सं. ८५१ (वि.सं. १७८८) चैत्रकृष्णएकादशी (वैशाख २३ गते)को ताम्रपत्रमा

	ए२बी, ए३ र ए५	ढाकया नाम
	ए६	धाक
	ए७	संग्रामस थाय धाकया नाम
११.	ए८	ढक्का ; धाक

१२. उदाहरणको लागि सुन्दरकृष्ण जोशी २०६०:§ ६.१ मा पु = १३७ ।

१३. उदाहरणको लागि महेशराज पन्त २०५७:§ १.९.१.५.१० = २६४ ।

१४. दिनेशराज पन्त २०४५:७८९ ।

१५. उही = ८१ सङ्ख्या ।

१६. उही:७९० ।

१७. उही:८२ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दाहाको प्रसङ्गमा ३ को अर्थमा सोमा र १ को अर्थमा छ गरी दुवैमा पु प्रत्यय लागी त्यसपछि दुवैमा कारकवाची लि प्रत्यय —— ह्डपाया सोपुलिस छपुलि ताङाव[१८] —— र माथि चर्चा गरिएको, ने.सं. ८५९ (वि.सं. १७९५) कार्तिककृष्णप्रतिपदाको ताम्रपत्रमा दाहाको अगाडि ६ को अर्थमा षुमा पु प्रत्यय लागी त्यसपछि फेरि लि प्रत्यय र अन्त्यमा स्तो जोडिएको —— षुपुलिस्तो दाहा दयकाव[१९] —— कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[२०] वर्णक्रमअनुसारको तालिका

अमरकोष

= *अमरसिंह*मा हेर्नू ।

अमरसिंह *अमरकोष*

= वि.सं. २०२६ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र शर्मा गौतमको *अमरकोशः विद्वद्वरामरसिंह-विरचितः* (विद्वान्हरूमा श्रेष्ठ अमरसिंहले बनाएको *अमरकोश*) ।

ए२बी

= नेपाल् भाषा डिक्शन्अरि कमिट्इले ने.सं. ७२० (वि.सं. १६५६/५७) को मानेको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष*।

ए३

= ने.सं. ५५० (वि.सं. १४८६) फाल्गुनकृष्णचतुर्दशीको मिति भएको, कह्नेह्नदेवको नेवारी अर्थसहितको, ताडपत्रमा लेखिएको *अमरकोष* ।[२१]

ए५

= ने.सं. ६६२ (वि.सं. १५९९) आश्विनशुक्लतृतीयाको दिन सारिसिद्धयाइएको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष* ।[२२]

ए६

= ने.सं. ७१८ (वि.सं. १६५५) भाद्रशुक्ल[२३] बृहस्पतिवारको दिन सारिसिद्धयाइएको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष* ।[२४]

---

१८. उहीः७८६ मा मूलको ८ पङ्क्ति ।

१९. डिल्लीरमण रेग्मी २०२३:२९७ मा मूलको ४ पङ्क्ति ।

२०. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । सङ्केताक्षरमा कुनै पुस्तकको उपयोग मूल लेखमा हुँदा त्यही सङ्केताक्षर यहाँ वर्णक्रमअनुसार राखिएको छ । प्राचीन शैलीका ग्रन्थमा रचयिताको नाउँ दिइएको भए पनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:§ ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण यहाँ गरिएको छ । प्राचीन शैलीको ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने त्यस ग्रन्थको कर्ता र ग्रन्थको नाउँ यहाँ राखिएका छैनन् ।

२१. यस पुस्तकको विषयमा थप कुरा महेशराज पन्त २०६३:४-५ मा ७ सङ्ख्याको टिप्पणीमा छ ।

२२. यस पुस्तकको विषयमा थप कुरा उहीः६-७ मा १० सङ्ख्याको टिप्पणीमा छ ।

२३. यसको पुष्पिकामा तिथि छैन (उहीः७ मा ११ सङ्ख्याको टिप्पणी) ।

२४. यस पुस्तकको विषयमा थप कुरा उहीः७ मा ११ सङ्ख्याको टिप्पणीमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ए७

= ने.सं. ८०३ (वि.सं. १७४०) ज्येष्ठकृष्णपञ्चमीको दिन सारिसिद्धयाइएको कर्मकाण्डको पुस्तिका पनि सँगै भएको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष*।[२५]

ए८

= ने.सं. ८३१ (वि.सं. १७६८) आषाढकृष्णअष्टमीको दिन सारिसिद्धयाइएको, हरिवंश शर्माको *अमरसिंहसफुलि*।[२६]

कमलप्रकाश मल्ल आदि २०५७[२७]

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधान-सम्पादकत्वमा तयार भएको *अ डिक्शनअरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यानुयुस्क्रिप्ट् सोर्स्इज्*(लेखोट पुस्तकहरूबाट[२८] [शब्द]सङ्कलन गरिएको, पुरानो नेवारीको कोष)।

जनकलाल वैद्य २०५८[२९]

= वि.सं. २०५८ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, जनकलाल वैद्यको *राष्ट्रिय अभिलेखालयका नेपालभाषा/नेवारभाषा अभिलेखग्रन्थका वर्णनात्मक सूची*।[३०]

ठाकुरलाल मानन्धर २०४३

= ई.सं. १९८६ (वि.सं. २०४३) मा दिल्लीबाट आगमकला प्रकाशनद्वारा प्रकाशित र आन वेर्गातिद्वारा सम्पादित, ठाकुरलाल मानन्धरको *नेवारी-इङ्गिलश् डिक्शनअरि*(नेवारी-अङ्ग्रेजी कोष)।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा काठमाडौँबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* ४ भाग।

दिनेशराज पन्त २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* १ भाग।

दिनेशराज पन्त २०४५

= वि.सं. २०४५ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ३ भाग।

---

२५. यस पुस्तकको विषयमा थप कुरा उही:७ मा १२ सङ्ख्याको टिप्पणीमा छ।

२६. यस पुस्तकको विषयमा थप कुरा उही:७ मा १३ सङ्ख्याको टिप्पणीमा छ।

२७. यस कोषमा परेका शब्दको सङ्कलन काशीनाथ तमोट आदि ९ जनाले र यस कोषको सम्पादन कमलप्रकाश मल्लको प्रधान-सम्पादकत्वमा तेजरत्न कंसकार आदि ६ जनाले गरेका हुन् भन्ने कुरा यही कोषमा लेखिएको छ।

२८. लेखोट पुस्तकहरू (म्यानुयुस्क्रिप्ट् सोर्स्इज्) भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल आदि २०५७:भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन।

२९. महेशराज पन्त २०६३:११ मा १८ सङ्ख्याको टिप्पणी हेर्नू।

३०. उही:१२ मा १९ सङ्ख्याको टिप्पणी हेर्नू। यस सूचीपत्रमा पुस्तकको वर्णन गर्दा नेवारी र अङ्ग्रेजीको प्रयोग भएको छ भनी जनकलाल वैद्य २०५८ को विषयमा त्यस टिप्पणीमा मैले लेखेको छु। अहिले हेर्दै जाँदा ठाउँठाउँमा नेपाली (उदाहरणको लागि १२३ पृष्ठमा *मुहूर्त मार्तण्ड*मा टिप्पणी, १४५ पृष्ठमा २/६९१ र २/६९३ नं. का वही)को पनि प्रयोग भएको देखिएकोले कुनै निश्चित नीति नबनाई त्यो सूचीपत्र तयार गरिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३५

= वि.सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *पाञ्चाली (पञ्चायत) शासन-पद्धतिको ऐतिहासिक विवेचना* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ११ भाग।

सुन्दरकृष्ण जोशी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सुन्दरकृष्ण जोशीको *नेपालभाषा व्याकरण* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तको वि.सं. २००६ को टिपोटको एक अंश

[वि.सं. २००५ तिर भारतीय शिष्टमण्डल नेपालमा आएको थियो । त्यस शिष्टमण्डलका संस्कृतज्ञ सदस्यको स्वागत हेमराजज्यूले आफ्नो बैठकमा गर्नुभएको थियो । त्यसमा रानीपोखरीसंस्कृतपाठशालाका पण्डितहरू र आयुर्वेदपाठशालाका कविराजहरू पनि बोलाइएका थिए । शास्त्रचर्चा भएको थियो । रानी-पोखरीपाठशालाको पण्डितको हैसियतले म पनि त्यहाँ गएको थिएँ ।[1]

भनी बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले वि.सं. २०२९ मा प्रसङ्गवश लेख्नुभएको थियो । नेपाल आएको यो शिष्टमण्डलसम्बन्धी कुरा वि.सं. २००४ कार्तिकदेखि वि.सं. २००७ ज्येष्ठसम्मका, नेपालको राजनीतिसम्बन्धी घटना तत्काल टिप्ने गरेको, आफ्नो कापीमा पनि उहाँले लेख्नुभएको रहेछ । यो शिष्टमण्डल वि.सं. २००६ ज्येष्ठमा आएको थियो भन्ने कुरा त्यस टिपोटबाट थाहा भएकोले वि.सं. २००५ तिर आएको भनी वि.सं. २०२९ मा सम्झनाको भरमा लेख्दा गल्ती हुन गएको देखिएको छ ।

स्रग्धरामा एउटा र शार्दूलविक्रीडितमा अर्को गरी संस्कृतमा २ पद्य लेखी भारतीय शिष्टमण्डलले श्री ३ मोहनलाई चढाएको शुभाशंसा र श्री ३ मोहनको तर्फबाट शार्दूलविक्रीडितका ६ पद्य संस्कृतमा लेखिएको त्यसको प्रत्युत्तर पनि टिपिएको त्यो टिपोट खास गरी संस्कृतशिक्षाको इतिहासमा रुचि राख्नेलाई काम लाग्न सक्छ । त्यसैले लक्ष्मीपति-नयराज-सङ्ग्रहमा रहेको त्यस कापीबाट बुबाको त्यो टिपोट जस्ताकोतस्तो सारी दिइन्छ ।

– महेशराज पन्त]

ज्येष्ठ १० गते सिंहदरबारमा भारतप्रतिनिधिमण्डलका अध्यक्ष कुन्हनराजले श्री ३ लाई तलको शुभाशंसा चढायो

श्री ३ हरूको पनि फिर्ती भेटका निमित्त उनीहरूको निवासस्थानमा सवारी भयो

भारतप्रतिनिधिसङ्घस्य शुभाशंसा

नेपालक्ष्मोणिभागे तुहिनशिखरिणस्तुङ्गदेशे सुमेरोः
पृष्ठे नाकानिवेन्द्रो बहुविधविबुधैः शश्वदाराध्यमानः
संरक्षन् नीतिमार्गादपगतसुमनोवैरिणो दण्डयंस्त्वं
जीयाः सर्वत्र लोके सुचिरमिह महाराजवंशावतंस
आशंसां शृणु भारतावनिपतेरस्माभिरावेदितां
मैत्री पुष्टिमुपैतु भारतमहीनेपालयोः सुस्थिरा
किञ्चाध्यात्मिकलौकिकोभयविधा भूतिश्च राष्ट्रद्वय-
स्यान्योन्यप्रणयादुपैतु निखिले क्षेमश्च लोके नृणाम्

---

१. वि.सं २०२९ मा प्रकाशित *पूर्णिमा* २८ पूर्णाङ्कका २२८-२५२ पृष्ठमा छापिएको, नयराज पन्तको *गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार* (२४५ पृष्ठको २४ सङ्ख्याको टिप्पणी)बाट) उद्धृत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस प्रतिनिधिका सदस्य कुन्हनराजले गु. हेमराजको घरमा पनि उहाँको स्वागत गरे । पण्डितजीहेरूले आफ्नो वाक्कौशल देखाए । पाठशालामा पनि यी आए ।
सरस्वतीसदनमा पनि यिनीहरूले केही व्याख्यान दिए ।

ज्येष्ठ १२ गते भारतप्रतिनिधिमण्डललाई श्री ३ मोहनको प्रत्युत्तर

प्रेष्ठाः सम्प्रति भारतप्रतिनिधेः सङ्घस्य रूपेण वः
प्राप्तानामभिनन्दनं विदधतो हर्षप्रकर्षाप्लुताः ।
पायं पायमुदारभारतशुभाशंसारसं भूयशः
सौहार्देन कृतज्ञतासहकृतं कुर्मो वयं स्वागतम् ॥ १ ॥
युष्मत्तः प्रियभारतक्षितिपतेर्हृद्यं शुभाशंसनं
श्रुत्वाऽऽनन्दसमेधितेन मनसा संमानयामो बहु ।
नेपालस्य सहानुभूतिसुहृदः श्रद्धास्पदे भारते
सद्भावं शुभभावनासमुदितं भूयः स्फुटीकुर्महे ॥ २ ॥
सामुद्रैर्जलदैर्हिमाद्रिशिखरोद्भूतस्रवन्तीरसै-
र्भूयाप्लावितयोर्मिथः प्रकृतितः सौहार्दमुन्मीलति ।
अन्योन्योपकृतिं सदा विदधतोरेवं द्वयो राष्ट्रयो-
र्नेपालस्य च भारतस्य च भवेत्सौहार्दमैत्री दृढा ॥ ३ ॥
प्राच्या संस्कृतिरार्यधर्मसरणिः संसाधनाध्यात्मिकी
देवानामपि भावना न विषमा ते चेतरे धातवः ।
नेपालस्य च भारतस्य सुषमामावेदयन्ति स्फुटं
प्रेमस्थेयस्तदेतयोर्विलसतु स्नेहानुबद्धं दृढम् ॥ ४ ॥
अध्यास्याऽविरतं हिमौघशिशिरं शान्तेः प्रतीकं गिरिं
रक्षामार्गमनुप्रदर्शयति नः क्षेमङ्करः शङ्करः ।
तद्भावानुगमेन भारतभुवो नेपालभूमेर्मिथः
सख्यं निर्मलमुत्तरोत्तरघनीभूतं चिरं जीवतु ॥५ ॥
इत्येवं प्रियभारताय बहुधा सद्भावनाभिः सह
नेपालेन पुरस्कृतं दृढतरप्रेम्णा शुभाशंसनम् ।
अग्रे भारतशासितुर्गमयितुं भूयः श्रमं धीमतां
क्षेमञ्चोभयतो जनेष्वविरतं निर्बाधमाशास्महे ॥ ६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०११ चैत्र ४ गते बृहस्पतिवार

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहको अन्तिम संस्कार

– नयराज पन्त

[नयराज पन्त (वि.सं. १९७०-२०५९) ले बोली रामजी तेवारी (वि.सं. १९७३-२०४०)लाई लेखाएको यस लेखको खेस्रा र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६) ले गरेको यसको साफीका कापी लक्ष्मीपति-नयराज-सङ्ग्रहमा छन् । यस लेखको पुछारमा लेखे जस्तै यस लेखको खेस्रा ठाउँठाउँमा रामजी तेवारी र शङ्करमान राजवंशीको हस्ताक्षरमा सच्चिएको छ। साफीचाहिँ कहीं कहीं खुद नयराज पन्तको हस्ताक्षरमा संशोधित छ। यो लेख नयराज पन्तको हस्ताक्षरमा नभई उहाँले बोलेर लेखाएको हुनाले आवश्यक ठाउँमा व्याकरणअनुसार ह्रस्वदीर्घ बकारवकार आदि सच्याउने र कण्डिका पनि छुट्याउने काम अहिले गरिएको छ।]

भारतीय लोकसभामा चैत्र १ गते प्रधानमन्त्री नेहरूले श्री ५ त्रिभुवनमा श्रद्धाञ्जलि प्रकट गरी श्री ५ महेन्द्रमा शुभसन्देश पठाए। भारत वक्र भएको हुनाले श्री ५ ज्ञानेन्द्र श्री ३ मोहनलाई साढे सातको फल दिने भएका थिए।

श्री ५ त्रिभुवनको शवलाई लिन कान्छा अधिराजकुमार वसुन्धरावीरविक्रमको चैत्र १ गते जुरिचतिर प्रस्थान।

चैत्र ३ गते बेलुका ६ वजे नेपालरेडियोबाट भोलि श्री ५ त्रिभुवनको गाथ काठमाडौँ आइपुग्नेछ, वर्षको ३३०० सम्म खानेले बेहान ९ बजे गौचर हवाई-अड्डामा र अरू जागीरदारले दिउँसो १ बजे पशुपति आर्यघाटमा उपस्थित हुनू भन्ने सुनायो (सिपाहीहरू ब्यारेकमै रहने हुनाले उनीहरूको निमित्त अर्कै नियम बनेको हुँदो हो)।

चैत्र ४ गते बेहान नेपालरेडियोले यस्तो बोल्यो –

> हिजो बेहान जुरिचबाट काठमाडौँतिर श्री ५ त्रिभुवनको गाथ चलाइयो। स्वीजरलैण्डमा राजकीय सम्मान प्राप्त भयो। आज डिल्लीमा भारतसरकारबाट सम्मान प्राप्त हुनेछ। भारतका केही विशिष्ट मानिस पनि साथमा आउनेछन्। गौचर वानेश्वर बत्तीसपुतली वनकालीको बाटो पशुपति आर्यघाटमा श्री ५ त्रिभुवनको गाथ लगिनेछ। आशौच बार्नेको दोस्रो पाँचौँ नियमबमोजिम आशौच बार्नुपर्नेछ। आमाबाबु मर्दा पनि मुण्डन नगर्नेले मुण्डन गर्नुपर्नेछैन, आफ्नो रीतिअनुसार गरे हुन्छ, बूढाबूढी रोगी कर्म नचलेका केटाकेटीहरूले यथाशक्ति गरे हुन्छ। राजकीय काममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खटिएका सैनिकहरूले बाहेक अरूले छालाको जुत्ता लाउनु हुँदैन, सेतो जुत्ता सेतो टोपी लाउनुपर्छ, आमोदप्रमोद भजनहरू गर्नु हुँदैन ।

नेपाली ऐनको चौथो भाग आशौच बार्नेको

२ नं. ॥गद्दीमा राज भइरहेका श्री ५ सरकार र उहाँका गाथ छँदै उहाँका साक्षात् मुमा र विवाहिता पटबन्धा महारानी स्वर्गे हुँदा बाबुआमा हुनेले जुँगाबाहेक बाबुआमा नहुनेले जुँगासमेत मुण्डन गरी उपाध्याय जैसी ब्राह्मणले ३ दिन आशौच बार्नू । बरखी बार्नुपर्दैन । ब्राह्मणबाहेक अरू गैऱ्ह जातले १३ दिन आशौच बारी स्वर्गे भएका दिनदेखि ४५ दिन बरखी बार्नू ।

५ नं. ॥२.३.४ नं.मा लेखिएबमोजिमको आशौच सो लेखिएका दिनभित्रमा सुनियो भने आशौचमा जति जति दिन बाँकी छ उति उति दिन बारी अरू दिन बरखी मात्र बारे पुग्छ । सो लेखिएको दिन नाघिसकेपछि सुनियो भने मुण्डन नगरे पनि हुन्छ । १३ दिन बार्नुपर्ने आशौच ४५ दिनभित्र सुनेमा र ३ दिन बार्नुपर्ने आशौच १० दिनभित्र सुनेमा १ दिन आशौच बारी लेखिएबमोजिम बाँकी दिन बरखी बार्नू । सो दिनसमेत नाघिसकेपछि र १ दिन बार्नुपर्ने आशौच सो १ दिन बितेपछि सुनेमा स्नान मात्र गरी बाँकी दिन बरखी वारे पुग्छ । आशौचको केही गर्नुपर्दैन ।

दोस्रो नियममा ब्राह्मणबाहेक अरू जातले ४५ दिन बरखी बार्नुपर्छ भनी लेखिएको छ । तर अहिले सरकारी आज्ञामा बरखी बार्ने कुरो छैन । श्री ३ जुद्धको पालामा बरखी बार्ने विषयको संशोधन भएकोले अहिले बरखी बार्ने कुरा नगरेको होला भन्ने अनुमान हुन्छ ।

डिल्लीको हवाई-अड्डामा श्री ५ को शव आइपुगेपछि ६ जना भारतीय सेनापतिले सो शवलाई बोकी भारतीय हवाई-जहाजतिर लगे । शवमा जवाहरलाल आदि मन्त्रीले, देशविदेशका राजदूतहरूले, भारतीय जल-वायु-स्थलसेनाका प्रमुख अधिकारीले, राष्ट्रपति-उपराष्ट्रपतिका प्रतिनिधिले फूलमाला चढाए । सलामी बज्यो । भारतमा सरकारी हिसाबबाट शोक मनाइयो । बृटेनमा सरकारिया घरहरूमा र संसद्भवनमा पनि झण्डा आधा झुकाइएको थियो । पाकिस्तानमा पनि झण्डा आधा झुकाइयो । यो समाचार रेडियोले दिएको हो ।

चैत्र १ गतेदेखि नै हाम्रो घरमा आशौच पऱ्यो भनी देवपूजा गरिएको थिएन । ४ गते बेहान व्रतबन्ध भएका सबैले मुण्डन गऱ्यौं । म रामजी शङ्करमान मोहन महेश घरबाट निस्की गौचर हवाई-अड्डातिर लाग्यौं । मेरो हातमा लट्ठी थियो । अरू सबैका हातमा छाता थिए । व्रतबन्ध नभएका महेशको टाउकोमा टोपी थिएन । शङ्करमानले कपडाको कालो चट्टी लाएका थिए । अरू सबैले रबरको तलुवा भएको सेतो जुत्ता लाएका थिए । बागबजारमा पुग्दा ११ बज्यो । हूलका हूल मानिसहरू गौचरतिर जान लागेका थिए । मोटरमा बसी जाने मानिस पनि निकै थिए । अलिकता श्रृङ्गारी मानिसका खुट्टामा छालाका जुत्ता देखिन्थे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अरू सम्पूर्ण मानिसले कपडाको जुत्ता लाएका थिए अथवा नङ्गा पयर थिए । शहरमा प्रायः हडताल थियो । वानेश्वर-बत्तीसपुतलीको चौबाटोदेखि सडकको दुवै किनारमा मानिसहरू शवयात्रा हेर्न भनी आसन बाँधी बसेका देखिन लागे । लामा लामा घोचा लिएका रक्षादलका सिपाही पनि सडकमा उभिइरहेका थिए । वाग्वतीपारि मानिसहरूलाई छोडेको छैन भन्ने सुनी वाग्वती नपुग्दैको एउटा अलि अग्लो ढिस्कोमा हामीहरूले आसन बाँध्यौं । अघिदेखि नै त्यहाँ धेरै नरनारीहरू बसिरहेका थिए । सवा बाह्र बजे एउटा हवाई-जहाज उत्र्यो । त्यसमा स्वर्गवासी श्री ५ महाराजाधिराजका २ महारानीहरूको आगमन भएको रहेछ । यसको केही बेरपछि अर्को हवाई-जहाज उत्र्यो । त्यसमा श्री ५ को शव आएको रहेछ । शवका साथसाथै कान्छा राजकुमार, भारतीय सरकारिया विशिष्ट पुरुषहरू पनि आएका रहेछन् । श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रमका प्रतिनिधि प्रधानसेनापति किरणशमशेरले र भारत बृटेन अमेरिका फ्रान्सका प्रतिनिधिहरूले र अरूहरूले पनि फूलमाला चढाएछन् ।

दुइ महारानीलाई नारायणहिटी दरबारतिर लैजान लागेको पहँलो मोटरलाई र महारानीका रक्षक बन्दूकधारी सैनिक बसेको मोटरहरूलाई पनि हामीहरूले देख्यौं । १।१ मिनेटको फरक पारी हानिन लागेका तोपको अवाज सुनिन लाग्यो । ४९ तोप भएछ । यस्तै तोप चैत्र २ गते पनि भएको थियो । मानिसहरू यताउति चलबलाउन लागे ।

पाँच तारा भएको पहँलो झण्डा लिएका एक रिसल्लालाई अघि लाई केही रिसल्ला आए । सैनिक बाजा आयो । कसाई बाजा आयो । जङ्गी पोशाक लाएका, बन्दूकलाई अधोमुण्टो लगाएका सिपाही आए । खाकी लुगा लाएका, अधोमुण्टो बन्दूक लिएका सिपाही आए । रुपैयाँ छर्दै २ जना उच्च अधिकारी आए, रुपैयाँ टिप्नेहरूको घुइँचो भयो ।

बाँसका भऱ्याङ जस्तो बनाएको खटलाई सेतो कपडाले मोरेको रहेछ । त्यसमा शवलाई राखेको थियो । शवलाई सेतो कपडाले खटमा बाँधी ढाकेको जस्तो देखिन्थ्यो । तासले ढाकेको हुँदो हो । फूलैफूलले छोपेको थियो । टाउकोमा सेतो कपडा बाँधेका, सेतो धोती लाएका बाहुनहरूले शवलाई बोकेका थिए । सँगसँगै ल्याइएको, चाँदीको पालकीलाई पनि बाहुनहरूले बोकेका थिए ।

राजकुलका शवलाई त्यही पालकीमा हाली लैजाने चलन थियो । २००७ मा श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रमकी महारानीको शवलाई त्यही पालकीमा मैले देखेथें ।

शवको पछि पछि माहिला अधिराजकुमार हिमालयप्रतापवीरविक्रम, कान्छा अधिराजकुमार वसुन्धरावीरविक्रम दुइ भाइको सेतो कमीजसुरुवाल कपडाको जुत्ता लाई पैदलयात्रा भयो । भारत-बृटेनका राजदूत पनि पछि पछि आए । अमेरिका फ्रान्स स्वीजरलैण्डका प्रतिनिधि पनि भारतबाट काठमाडौं उत्री त्यस शवयात्रामा उपस्थित भई आए । भूतपूर्व मन्त्रीहरू, निजामती-सैनिक उच्च अधिकारीहरू, अरूहरू पनि पछि पछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लाग्दै आए । गौचर हवाई-अड्डाको निर्माण गर्न आएका भारतीय सैनिकमध्ये केही जवान पनि बन्दूकको मुख पछिल्तिर फर्काई आए । पछिल्तिर मुख फर्काइएको बन्दूक लिएका, रक्षादलका जवान पनि पछि पछि आए । सैनिक बाजा आयो । राजनीति र अरू विषयका पनि अनेकौं सङ्घका प्रतिनिधिहरू पनि पछि पछि आए । प्रशस्त भीड थियो । पछि पछि मोटरको ताँती थियो । २ बजे हामीले यो देखेको हो ।

यसपछि हामी ५ जना वाग्वतीको किनारैकिनार आर्यघाटतिर लाग्यौं । बीचबीचमा किनारा भत्केको हुँदा वाग्वती पनि तर्नुपऱ्यो । वाग्वतीमा पानी पिडौंलाभन्दा तलै थियो । वत्सलादेखि आर्यघाटतिर बन्द भएको र त्यसभन्दा वर पनि अपार भीड भएकोले हामीहरू पारिपट्टि रामचन्द्रको स्थानतिर गयौं । आफू भएको ठाउँबाट आफूले हेर्न खोजेको ठाउँ (श्री ५ त्रिभुवनको शवदाह हुने चिता) देख्न नपाउँदा मानिसहरू यताबाट उता, उताबाट यता गरिरहेका थिए ।

राणा-काङ्ग्रेसको, काङ्ग्रेस र स्वतन्त्र व्यक्तिको, सल्लाहकारको, राष्ट्रिय प्रजापार्टीको, राष्ट्रिय प्रजापार्टी राष्ट्रिय काङ्ग्रेस प्रजापरिषद् जनकाङ्ग्रेस स्वतन्त्र व्यक्तिको, यी पाँच थरी शासनको अनुभव पनि श्री ५ त्रिभुवनबाट यस्तै रीतिले भएको होला भन्ने मेरो मनमा खेल्न लाग्यो । श्री ५ त्रिभुवनका जीवनको विभिन्न घटनाहरूलाई म गम्भीरतासँग विचार गर्न लागें । उत्तरभारतका विजयी महाराजाधिराज प्रभाकरवर्धनको मृत्युको वर्णन कवि बाणले हर्षचरितमा राम्रोसँग गरेका छन् । सो वर्णन मलाई राम्रोसँग आउँछ । सो कुरा पनि मेरो मनमा खेल्न लाग्यो ।

परन्तु मेरा साथका मानिसहरूलाई विचारले होइन चिता हेर्ने इच्छाले छोपेको थियो । यसैले डाँडा चढ्दा चढ्दै माथि टुप्पामा हामी पुग्यौं । त्यहाँबाट चिताका वरिपरि पाल देखियो । त्यसले सन्तोष नहुँदा मृगस्थली गुह्येश्वरी भई गौरीघाट पुग्यौं । गएको वर्षाले भत्काएको, गौरीघाटको पुल अब पैदल हिँड्नेलाई मात्र काम लाग्ने भएको रहेछ । त्यहाँबाट कैलास चढी हामीहरू वासुकिस्थानको बाटो पशुपति पुग्यौं । पशुपतिबाट आर्यघाट ओह्र्लने ढोका बन्द थियो । ढोकामा बन्दूकधारी २ सिपाही र घोचा लिएका १ रक्षादलका जवान खडा थिए । त्यताबाट चौसट्टीलिङ्ग भई हामीहरू पञ्चदेवल गयौं। त्यहाँ हाजिरवाला रहेछन् । मैले र रामजीले हाजिर दियौं । त्यताबाट हामी भस्मेश्वर गयौं । त्यताबाट हेर्दा वाग्वतीमा र किनारमा पनि थुप्रिएका मानिस देखिन्थे । आर्यघाटपारिपट्टि तलदेखि माथिसम्म मानिस छापिएका जस्ता थिए । पुलदेखि माथितिर वाग्वतीबाट पनि जानलाई रोकेको रहेछ । पुलैपुलमा सैनिकहरू लाम मिलेर बसेका थिए । भस्मेश्वरमन्तिरको चितामा पनि मानिसहरू खचाखच बसेका थिए । अढाइ महीनाअघि मेरी पत्नी बुधकुमारीको त्यहीं१ चितामा दाह भएको थियो । मेरा मनमा अनेक कुरा खेल्न लागे । दिनहुँ मानिसहरू मरिरहँदा पनि चितासम्ममा पनि बस्न गाह्रो नमान्ने मानिस छन् भने नमर्ने मानिस भए व्यवहार कस्तो हुँदो हो भन्ने कुरो मेरो मनमा वारंवार उठ्न लाग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथितिर हवाई-जहाज उडी ओहोरोदोहोरो गर्दै श्री ५ को शवमा पुष्पवृष्टि गर्दै रहेको थियो । यत्तिकैमा साढे चार नाघिसकेपछि मानिसहरूमा एक किसिमको सनसनी फैलियो । महारानीहरूको धागो-पोते नआइपुगेकोले दाहसंस्कारमा विलम्ब भएको रहेछ । अहिले सो सौभाग्यचिह्न आइपुगेको रहेछ । त्यसलाई पनि दाह गर्नुपर्दो रहेछ भन्ने कुरा पछि मैले सुनें । पौने पाँच बज्दा सलामी बज्यो । ३ पटक बढाइँ भयो । ३१ तोप भयो । जयजयकारको शब्द आयो । धूँवा आएको देखियो ।

त्यताबाट हामीहरू सडकतिर आयौं। विदेशी र स्वदेशी पनि प्रतिष्ठित मानिसहरू फर्कन लागेका थिए । यिनीहरू आर्यघाटमा बसेका रहेछन्, दाह हुन लागेपछि फर्केका रहेछन् । भीड धमाधम फर्कन लाग्यो । भीड कम भएपछि हामीहरू दक्षिणतिरको पुलपारि पुग्यौं । त्यहाँबाट चितामा बलेको आगोको राँको देखिन्थ्यो । धूँवा थिएन । आगोमा घिउ-कपूर प्रशस्त हालिरहँदा रहेछन् । श्रीखण्ड़को चितामा ३ फेरा शवलाई घुमाई चितारोहण गराएछन् । माहिला अधिराजकुमारको हातबाट दागबत्ती भएछ । राजपुरोहितले मन्त्र पढेछन् । [पालभित्रपट्टि शवलाई चन्दनादिले संस्कार गरी नयाँ तासले छोपी अघिका माला-कपडाहरू र चिना बगाइदिएछन् । चितारोहण हुने वेलामा त्यहाँको पाल-चँदुवा झिकिएछ ।]

साढे .चतिर मैले र रामजीले स्नान गर्‍यौं। मामाले पनि त्यही ठाउँमा स्नान गर्नुभयो । त्यहाँ घाटमा शवक गाइएका कपडाहरूलाई पोडेहरू बाँडचुँड गर्न लागेका थिए । विभिन्न देशका झण्डा पनि त्यहाँ रहेछन् । ६ बजे त्यहाँबाट हामी हिँडयौं । राती ११॥ बजे दाह सकिएछ । क्रियापुत्री माहिला-कान्छा अधिराजकुमारको क्रिया बस्न कालमोचनघाटमा आगमन भएछ । १३ दिनसम्मको काम त्यहीं हुने भएछ । श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रमको जमीनमा पाल टाँगी पराल-राडी ओछ्याई राज भएछ । क्रियापुत्रीहरूको पनि पराल-राडीमै राज भएको रहेछ ।

यस प्रबन्धलाई नयराजले बोलेको रामजीले लेखेको । रामजीले शङ्करमानको साथमा संशोधन गरेको हो ।

२०११।१२।१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१७५	३९ टिप्पणीको २ पङ्क्ति	लेख लेख्दै	लेख्दा लेख्दै
१७९	१	*इङ्लिश्*	*इङ्गिलश्*
१८२	१५	एशियासमितिले काममा खटाएको मानिसले वङ्गालको	वङ्गालको एशियासमितिले काममा खटाएको मानिसले
२५३	१	छ गरी	छमा गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६४ चैत्र

यस अङ्कको मूल्य रु. १२०।-

मुद्रक

लुष प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – lusha@wlink.com.np